नेपालमा जलवायु परिवर्तनसँग समुदायको उत्थानशीलता वृद्धिका लागि जलाधार

व्यवस्थापन (MaWRiN) परियोजनाको

**Managing Watersheds for Enhanced Resilience of Communities to Climate Change in Nepal (MaWRiN) Project**

# कार्यक्रम कार्यान्वयन कार्यविधि-२०८३

## जैविक विविधता तथा जलाधार व्यवस्थापन कार्यक्रम (संघ शसर्त अनुदान)

मिति २०८३/०४/०८ गतेको माननीय मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत

बागमती प्रदेश सरकार

कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय

हेटौंडा, मकवानपुर, नेपाल

gef

WWF

प्रदेश सचिव

## विषय–सूची


**परिच्छेद १: प्रारम्भिक** ........ ७

१.१ पृष्ठभूमी ........ ७

१.२ कार्यविधिको तयारी मार्गदर्शन ........ ७

१.३ कार्यविधि तयारीको उद्देश्य ........ ८

**परिच्छेद २: परियोजना मार्फत कार्यान्वयन हुने क्रियाकलापहरु** ........ १०

**योगदान क्षेत्र १: जलवायु परिवर्तनलाई मूलप्रवाहीकरण गर्न सक्षम वातावरण तयार गर्ने** ........ १०

२.१. जलवायु जन्य जोखिम तथा संकटासन्नाता विश्लेषण र जलवायु परिवर्तन अनुकूलन मूलप्रवाहीकरण तालिम (२.६.४.५२६) ........ १०

२.२. पालिकाहरुको जलवायु तथा विपद् जोखिम उत्थानशील योजना तयारी (११.५.३०.४) ........ १२

२.३. लैङ्गिक संवेदनशील जलवायु परिवर्तन अनुकूलन एकीकरण निर्देशिकाको जानकारी तथा वितरण गोष्ठी (२.६.६.३५३) ........ १४

२.४. जलवायु परिवर्तन अनुकूलन एकीकरण निर्देशिका अनुसार योजना, नीति निर्माण तथा परिमार्जन (नगरपालिका/गाउँपालिका/प्रदेशस्तर) (११.६.१६.१२) ........ १६

२.५. जलाधार स्तरीय बहु-सरोकारवाला मञ्चको जानकारी सम्बन्धी गोष्ठी (२.६.६.३५४) ........ १८

२.६. उप-जलाधार स्तरीय बहु-सरोकारवाला मञ्चलाई बैठक, अनुगमन र संस्थागत क्षमता विकास सहयोग (२.६.४.५२८) ........ २०

२.७. उप-जलाधार स्तरीय बहु-सरोकारवाला मञ्चको वार्षिक प्रगति समीक्षा र योजना तयारी गोष्ठी (२.६.६.३६५) ........ २२

२.८. बहु-सरोकारवाला मञ्चलाई विभिन्न गोष्ठी, मिडिया परिचालन र छलफल आयोजना गर्न सहयोग (२.७.३४.३२१) ........ २३

**योगदान क्षेत्र २: स्थानीय समुदायको जलवायु परिवर्तन प्रतिको उत्थानशीलता वृद्धि गर्ने** ........ २६

२.९. समुदायका लागि जलवायु-अनुकूलित बीउ तथा बेर्नाहरूको विस्तारमा सहयोग (११.४.१७.२१९१) ........ २६

२.१०. निजी क्षेत्र/सहकारीहरूसँगको सहकार्यमा जलवायु-अनुकूलित बीउ तथा बेर्नाहरूको व्यावसायिक उत्पादन/प्रवर्द्धनमा सहयोग (११.४.१७.२१२८) ........ २८




प्रदेश सचिव

२.११. जलवायु अनुकूलित बीउहरूको विस्तारमा (बीउ उत्पादन, प्रशोधन, प्याकेजिङ्ग आदि) संस्थागत सहयोग (११.४.१७.२१९२) ....... ३०
२.१२. निजी क्षेत्रसँगको समन्वयमा कृषि उत्पादनका लागि Energy Efficient, लैङ्गिक मैत्री र जलवायु परिवर्तन अनुकूलनका उपयुक्त उपकरण र प्रविधिहरु पहिचान, विकास र वितरणमा सहयोग (११.४.१७.२१३६) ....... ३२
२.१३. शक्ति संचय, लैङ्गिक मैत्री र जलवायु परिवर्तन अनुकूलनका उपयुक्त उपकरण र प्रविधिहरुको अभिमुखीकरण (२.६.६.३५९) ....... ३४
२.१४. भकारो सुधार (डाले तथा भुइँ घाँस सहित) सहयोग (११.६.१.३) ....... ३६
२.१५. स्थानीय सरकारको समन्वयमा पशु चिकित्सा/पशुपालन सेवाहरूको सुधार (११.६.९.२८५ र ११.३.२६.६) ....... ३८
२.१६. निजी क्षेत्रसँग समन्वयमा पशु चिकित्सा/पशुपालन सेवाहरूको सुधार (११.६.९.२८३ र ११.३.२६.५) ....... ४०
२.१७. स्थानीय पशु चिकित्सा/पशुपालन सेवा प्रदायक प्राविधिक परिचालन (११.६.१.५) ....... ४२
२.१८. स्थानीय पशुपन्छीको नश्ल सुधार तथा व्यवस्थापनमा सहयोग (११.६.१.६) ....... ४३
२.१९. निजी क्षेत्र/सरकारी निकायका प्राविधिकहरूलाई कृत्रिम गर्भाधान (AI) तालिम तथा उपकरण सहयोग (११.६.९.२८४) ....... ४५
२.२०. मत्स्य पालन विकास (११.६.१.४) ....... ४७
२.२१. सिचाई कुलो निर्माण, संरक्षण र स्तर उन्नति (११.४.१५.५१) ....... ४९
२.२२. लिफ्ट खानेपानी प्रविधिहरूको स्थापना तथा ड्रिप र स्प्रिंकलर प्रविधिको प्रवर्द्धन (११.४.१५.४९) ....... ५१
२.२३. पानीका स्रोत/मुहानहरु पुनर्स्थापना र संरक्षण (११.४.१५.५०) ....... ५३
२.२४. भूमिगत पानी संकलन र वितरण (११.४.१५.५२) ....... ५६
२.२५. स्थानीय समुदायलाई जलवायु-अनुकूलित उपकरण, प्रविधि तथा अभ्यास; व्यवसायिक कृषि र पशुपन्छी पालन र पानी व्यवस्थापन तालिम (२.६.४.५२२) ....... ५८
२.२६. मन्त्रालय अन्तर्गतका कार्यालय प्रमुख खर्च केन्द्र तथा लैङ्गिक सम्पर्क व्यक्तिहरुका लागि GEDSI and Safeguards २ दिने कार्यशाला गोष्ठी (२.६.६.३५५) ....... ६०



प्रदेश सचिव

२.२७. स्थानीय सरकारका कर्मचारीहरू र निजी कृषि/पशुपन्छी पालन सेवा प्रदायकहरू जलवायु-अनुकूलित उपकरण, प्रविधि तथा अभ्यास; व्यावसायिक कृषि र पशुपन्छी पालन र पानी व्यवस्थापन तालिम (२.६.४.५३१) ........ ६२

२.२८. बहु-उपयोगी नर्सरी स्थापना, मर्मत सम्भार र प्रवर्द्धनमा सहयोग (११.४.१७.२१४६ र ११.४.१७.२२००) ........ ६४

२.२९. वृक्षारोपण सहित संरक्षण र जैविक/काडे तारबार सहयोग (११.४.१७.२१२५) ........ ६६

२.३०. वन डढेलो व्यवस्थापन तालिम (२.६.४.५३२) ........ ६८

२.३१. वन डढेलो व्यवस्थापनका लागि उपकरण तथा सामग्री सहयोग (११.४.१७.२१७५).. ७०

२.३२. पातपतिङ्गर व्यवस्थापनका लागि कम्पोस्ट मल उद्यम स्थापना तथा सुदृढीकरण (११.४.१७.२२०१ र ११.३.२६.७) ........ ७१

२.३३. डगआउट (Dougout pond) पोखरी निर्माण (११.४.१७.२१३५ र ११.६.२०.१७) ...... ७३

२.३४. खुल्ला चरिचरण व्यवस्थापन लागि सामग्री (जस्तैः जैविक/काडे तारबार) र हेरालु परिचालनमा सहयोग (११.४.१७.२१८४) ........ ७६

२.३५. शैक्षिक संस्था र विद्यार्थीहरूलाई थेसिस तथा अनुसन्धान अनुदान (२.७.७.९१) ........ ७८

२.३६. कृषि-वन प्रणाली (Agroforestry) विकास (११.४.१७.२१२६) ........ ७९

२.३७. दिगो वन व्यवस्थापन सम्बन्धी पुनर्ताजगी तालिम (२.६.४.५२४) ........ ८१

२.३८. सामुदायिक वन कार्ययोजना (CFOP) को संशोधन र कार्यान्वयनमा सहयोग (११.४.१७.२१२७) ........ ८३

२.३९. प्राकृतिक स्रोत व्यवस्थापनमा महिलाको भूमिका सम्बन्धी तालिम (महिला सहभागी मात्र) (२.६.४.५२५) ........ ८५

२.४०. सामुदायिक वन उपभोक्ता समूहको संस्थागत क्षमता मूल्याङ्कन र क्षमता निर्माणका लागि उपयुक्त रणनीतिहरूको पहिचान (११.६.१६.११) ........ ८७

२.४१. कबुलियती वन समूहको संस्थागत क्षमता मूल्याङ्कन र क्षमता निर्माणका लागि उपयुक्त रणनीतिहरूको पहिचान (११.६.१६.१०) ........ ८९

प्रदेश सचिव

बागमती प्रदेश सरकार, कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय, हेटौंडा, नेपाल

२.४२. सामुदायिक वन उपभोक्ता समूह (CFUGs), समुदायमा आधारित संघ सस्था (CBOs) तथा खर्च केन्द्रहरूको प्रभावकारी अनुगमन, प्रतिवेदन तथा दस्तावेजीकरणका लागि क्षमता अभिवृद्धि (२.६.४.५२३) ........ ९१

२.४३. कबुलियती वन समूहहरूलाई सीपमूलक तालिम (सामग्री/उपकरणसहित) (२.६.४.५२०) ........ ९३

२.४४. कबुलियती वन समूहहरूका उद्यमीलाई सशक्तीकरण सहयोग (आ. व. २०८२/८३ का सहभागीहरुलाई निरन्तर सहयोग) (२.६.४.५२७) ........ ९५

२.४५. कबुलियती वन समूहहरूलाई फलफूल र अन्य बिरुवा सहयोग (११.४.१७.२१४७) .. ९७

२.४६. कबुलियती वन समूहहरूलाई संस्थागत क्षमता विकास तालिम (२.६.४.५२९) ........ ९९

२.४७. कबुलियती वन समूहहरूको कार्ययोजना संशोधन तथा कार्यान्वयनमा सहयोग (११.४.१७.२१६१) ........ १०१

२.४८. बायोइन्जिनियरिङ (बाँस, भेटिभर, वृक्षारोपण) प्रविधि मार्फत नदी/खोला किनारको संरक्षण/क्षतिग्रस्त भूमि पुनर्स्थापना (११.४.१७.२१४५) ........ १०२

२.४९. खोल्सा/खोलाहरूमा छेकबाँध निर्माण (११.४.१७.२१९०) ........ १०५

२.५०. संरक्षण पोखरी निर्माण (११.४.१७.२१७४) ........ १०७

२.५१. ढुङ्गे धारा, परम्परागत पोखरी र आहालहरूको वर्तमान अवस्था तथा संरक्षणका लागि आवश्यक क्रियाकलाप र रणनीति पहिचान सम्बन्धी अध्ययन (११.५.३०.३) ........ १०९

२.५२. प्रकृतिमा आधारित समाधानका उपायहरु (NbS) तथा कम खर्चिलो भू संरक्षण प्रविधि विकास तालिम (२.६.४.५२१) ........ १११

२.५३. डिभिजन/सब-डिभिजन वन कार्यालयका कर्मचारीहरुलाई सामुदायिक तथा कबुलियत वन व्यवस्थापन तालिम (२.६.४.५३०) ........ ११३

**योगदान क्षेत्र ३: अनुगमन, मूल्यांकन र सिकाई/ज्ञान व्यवस्थापन ........ ११६**

२.५४. परियोजनाको असल अभ्यास र सिकाईहरुको केस स्टडी मार्फत दस्तावेजीकरण र प्रचार–प्रसार गरी पुनरावृत्ति र विस्तारका लागि सहयोग (११.६.२०.१६) ........ ११६

२.५५. सूचना र सञ्चार तथा शिक्षण सामग्रीहरू विकास र प्रचार-प्रसार (प्रिन्ट, प्रसारण तथा डिजिटल सञ्चार माध्यम मार्फत) (२.७.५.५४०) ........ ११७



प्रदेश सचिव

बागमती प्रदेश सरकार, ... हेटौंडा, नेपाल

२.५६. परियोजना ब्रान्डिङ गरिएका प्रचार-प्रसार सामग्रीहरूको डिजाइन, विकास तथा वितरण (२.७.५.५४१) ............ ११९

२.५७. सञ्चार माध्यम/पत्रकारहरुसंग अन्तरक्रियात्मक बैठक, परियोजना क्षेत्रको अवलोकन, लेखन गोष्ठी (Write-shops) तथा मिडिया फेलोसिप (२.६.६.३५८) ............ १२०



प्रदेश सचिव

बागमती प्रदेश सरकार ... हेटौंडा, नेपाल

# परिच्छेद १: प्रारम्भिक

## १.१ पृष्ठभूमी

नेपालमा जलवायु परिवर्तनसँग समुदायको उत्थानशीलता वृद्धिका लागि जलाधार व्यवस्थापन (MaWRiN)[1] परियोजना नेपालको बागमती प्रदेश अन्तर्गतका सिन्धुली जिल्लाको कमलामाई नगरपालिका (१, ४ र ५ को पानी ढलो), घ्याङलेख गाउँपालिका (१ देखि ३ सम्मको पानी ढलो), मरिण गाउँपालिका (१ देखि ७ सम्मको पानी ढलो) र हरिहरपुरगढी गाउँपालिका (२, ४ देखि ८ सम्मको पानी ढलो) मा फैलिएको मरिण जलाधार क्षेत्रका लागि संचालित परियोजना हो। यस परियोजनामा डब्लु. डब्लु. एफ. (WWF) मार्फत ग्लोबल ईन्वाइरन्मेन्ट फेसिलिटी (GEF) को आर्थिक र प्राविधिक सशर्त अनुदान मार्फत संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय) राष्ट्रिय परियोजना कार्यान्वयन निकाय र बागमती प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), हेटौंडा, नेपाल कार्यान्वयन साझेदारको (सम्झौता नं. NP१५५४९) रुपमा संचालित परियोजना हो।

जलवायु परिवर्तनले नेपालको दिगो विकासको लागि सबै भन्दा ठूलो चुनौतीको रुपमा खडा भएको छ। चुरेको मध्य—पूर्वमा स्थित मरिण जलाधार क्षेत्रलाई देशको जोखिमपूर्ण क्षेत्रहरु मध्ये एक पहिचान गरिएको छ। यस जलाधार क्षेत्र भित्र बढ्दो बाढी, पहिरो, खडेरी, थेग्रिकरण तथा वन डढेलो आदि जस्ता जोखिमहरुले आदिवासी तथा स्थानीय समुदायहरुको जीविका तथा जीविकोपार्जनका स्रोत र सम्पतीहरुमा असर गरिरहेको छ। त्यसमा थप मानवीय गतिविधिहरुको कारणले प्राकृतिक स्रोतहरुको विनाश, वन क्षेत्रको क्षयीकरण, कृषि तथा पशु उत्पादन तथा व्यवस्थापनमा ह्रास र पानीको अभाव बढ्दै गएको छ। यस परियोजनाले सरकार र स्थानीय सरोकारवालाहरु लाई मरिण जलाधारको व्यवस्थापन र आदिवासी तथा स्थानीय समुदायहरूको जलवायु उत्थानशीलता वृद्धि गर्न सहयोग पुर्याउनेछ। परियोजनाले प्रकृतिमा आधारित समाधान (Nature-based Solutions-NbS) र जीविकोपार्जन विविधीकरण (Livelihood Diversification) मार्फत समुदायहरूको जलवायु उत्थानशीलता बढाउनेछ। साथै, यसले जलवायु परिवर्तनका विषयहरुलाई मूलप्रवाहीकरण, स्थानीय समुदायको उत्थानशीलता वृद्धि, र असल अभ्यासको व्यवस्थापन र प्रचार प्रसारमा मद्दत गर्नेछ।

## १.२ कार्यविधिको तयारी मार्गदर्शन

यो कार्यविधि प्रचलित सार्वजनिक खरिद ऐन, सार्वजनिक खरिद नियमावली, र बजेट कार्यान्वयन सँग सम्बन्धीत संघीय सरकार र बागमती प्रदेश सरकारले जारी गरेका अन्य निर्देशिकाको हकमा सोही बमोजिम हुने अन्यथा यस कार्यविधि अनुसार गर्ने गरी बागमती प्रदेश सरकार, कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालयले नेपालमा जलवायु परिवर्तनसँग समुदायको उत्थानशीलता वृद्धिका लागि जलाधार व्यवस्थापन (MaWRiN) परियोजनाको क्रियाकलापहरु संचालन गर्न *कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३* जारी गरेको छ ।

[1] https://mawrin.bagamati.gov.np/

प्रदेश सचिव

- कार्यक्रम सञ्चालन गर्दा स्वीकृत नर्मस, जिल्ला दररेट, आर्थिक ऐन, सार्वजनिक खरिद ऐन, सार्वजनिक खरिद नियमावली बमोजिम कार्यान्वयन गर्नु पर्दछ।
- अध्ययन, अनुसन्धान तथा निर्माण कार्य गर्नका लागि आवश्यकता अनुसार सम्बन्धीत विषय विशेषज्ञ वा सेवा प्रदायक वा निर्माण व्यवसायी वा आपूर्तिकर्ता मार्फत कार्य क्षेत्रगत शर्त (ToR, Terms of Reference) र लागत अनुमान तयार गरी स्वीकृत गरी संघ तथा प्रदेशको प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावधान अनुसार गर्नु पर्नेछ।
- कार्यविधिले नसमेटेको तर भू तथा जलाधार व्यवस्थापन कार्यालय, डिभिजन वनकार्यालयहरुको स्वीकृत कार्यविधिमा उल्लेख भएका क्रियाकलापहरु सोही बमोजिम सञ्चालन गर्न सकिने छ।
- परियोजनाका क्रियाकलापहरू संचालन गर्दा, परियोजना संचालन निर्देशिका (Project Operational Manual), वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan), नतिजा श्रृंखला (Result Framework), ज्ञान व्यवस्थापन र सञ्चार योजना (Knowledge Management and Communication Plan), गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) जस्ता दस्तावेजहरूले निर्दिष्ट गरेका सुझाव र प्रावधानहरू समावेश गर्नु पर्दछ।
- वर्षिक योजनामा उल्लेख नभएका क्रियाकलाप सञ्चालन गर्नु पर्दा कार्यविधि तयार पारी सम्वन्धीत निकायबाट एक तह माथिको निकायबाट स्वीकृत गराई सञ्चालन गर्न सकिने छ।
- संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्त अनुसार गर्नु पर्दछ।

## १.३ कार्यविधि तयारीको उद्देश्य

बागमती प्रदेश सरकार, कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालयको आर्थिक वर्ष २०८३/८४ मा सञ्चालन गर्ने यस परियोजनाका क्रियाकलापहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नको लागि *कार्यक्रम कार्यान्वयन कार्यविधि-२०८३* तयार गरिएको छ। यो कार्यविधि परियोजनाका क्रियाकलापहरूलाई सफल र समयमा कार्यान्वयन गर्न महत्त्वपूर्ण भूमिका खेल्दछ। यस कार्यविधि तयारीका उद्देश्यहरू तल उल्लेख गरिएको छः

- नेपाल सरकारबाट स्वीकृत परियोजना दस्तावेज र विकास साझेदार निकायसँग भएको सम्झौताका प्रावधानहरूलाई कार्यान्वयनमा ल्याई बाह्य सहयोगलाई प्रभावकारी रूपमा परिचालन गर्ने।

प्रदेश सचिव

- विभिन्न कार्यालयहरू तथा खर्च केन्द्रबाट सञ्चालन हुने आयोजना सम्बन्धी कार्यक्रम र क्रियाकलापहरूको प्राविधिक पक्ष र वित्तीय प्रावधानहरूको बारेमा थप स्पष्टता दिने।
- कार्यक्रम सञ्चालनका क्रममा कार्यान्वयन प्रक्रियामा एकरुपता र समान बुझाइ सुनिश्चित गर्ने।
- परियोजनाका क्रियाकलापहरूलाई परियोजनाका उद्देश्य, नतिजा श्रृंखला र आवश्यकतासँग मेल सुनिश्चित गर्ने।
- कार्यहरूको प्रभावकारिता, परिमाणात्मक र गुणात्मक पक्षको सुनिश्चितता प्रदान गर्नुका साथै, सञ्चालन भएका क्रियाकलापहरूको दिगो सञ्चालन र उपभोगमा सहयोग पुर्याउने।
- सेवा प्रदायक संस्था, कार्यान्वयन निकाय, खर्च केन्द्रलाई क्रियाकलापहरूको कार्यान्वयन प्रक्रियामा समान बुझाइ, सहजता र एकरुपता कायम राख्न सहयोग गर्ने।
- परियोजनाका क्रियाकलापहरू संचालन गर्दा, परियोजना संचालन निर्देशिका (Project Operational Manual), वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan), नतिजा श्रृंखला (Result Framework), ज्ञान व्यवस्थापन र सञ्चार योजना (Knowledge Management and Communication Plan), गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) जस्ता दस्तावेजहरूले निर्दिष्ट गरेका सुझाव र प्रावधानहरूको प्रभावकारी कार्यान्वयन गर्ने।

प्रदेश सचिव

# परिच्छेद २: परियोजना मार्फत कार्यान्वयन हुने क्रियाकलापहरु

## योगदान क्षेत्र १: जलवायु परिवर्तनलाई मूलप्रवाहीकरण गर्न सक्षम वातावरण तयार गर्ने

### २.१. जलवायु जन्य जोखिम तथा संकटासन्नाता विश्लेषण र जलवायु परिवर्तन अनुकूलन मूलप्रवाहीकरण तालिम (२.६.४.५२६)

**2.1. Conduct series of training for CBOs and government officials to develop their knowledge and skills for participatory gender-sensitive assessments of climate risks and vulnerabilities, adaptation options and CCA mainstreaming**

पृष्ठभूमि/परिचयः

जलवायु जन्य जोखिमहरू जस्तै खडेरी, बाढी, पहिरो, असिना आदिले जीवन, जीविकोपार्जनका स्रोत र सम्पत्तिहरूमा क्षति र प्राकृतिक स्रोतहरूमा प्रभाव पार्दै आएका छन्, जसको असर विशेषगरी महिला, दलित, आदिवासी, जेष्ठ नागरिक जस्ता संवेदनशील समूहमा बढी पर्न जान्छ। उनीहरूमा स्रोत-साधनको पहुँच र जोखिम सामना गर्ने क्षमता सीमित हुने हुँदा संकटासन्नाता विश्लेषणका आधारमा जलवायु परिवर्तन अनुकूलन विशेष क्रियाकलापहरु पहिचान र कार्यान्वयन आवश्यक हुन्छ। तर, अनुकूलनका क्रियाकलापहरु पहिचान र कार्यान्वयन गर्न स्थानीय तहका/सरकारी कार्यालयका कर्मचारी र समुदायस्तरका संस्थाहरूमा पर्याप्त सीप र ज्ञानको अभाव देखिन्छ।

यसै सन्दर्भमा, स्थानीय तहमा कार्यरत सरकारी कर्मचारी तथा सामुदायिक संस्था (CBOs) का प्रतिनिधिहरूले लैङ्गिक संवेदनशील जलवायु जन्य जोखिम तथा संकटासन्नता विश्लेषण गर्न सक्ने र जलवायु अनुकूलनलाई विकास योजना तथा कार्यक्रमहरूमा लैङ्गिक दृष्टिकोणसहित मूलप्रवाहीकरण गर्न सक्ने सीप र ज्ञानको आवश्यकता देखिएको छ। यस तालिमको माध्यमबाट सशक्तीकरण भएका सरोकारवालाहरूले स्थानीय समुदायमा जलवायु जन्य जोखिम तथा संकटासन्नता विश्लेषण गर्न सक्ने र जलवायु अनुकूलनलाई विकास योजना तथा कार्यक्रमहरूमा लैङ्गिक दृष्टिकोणसहित मूलप्रवाहीकरण गर्न सहयोग पुर्याउनेछ छ।

उद्देश्यः

- यस क्रियाकलापको उद्देश्य परियोजनासँग प्रत्यक्ष सम्बन्धीत स्थानीय तहका/सरकारी कार्यालयका कर्मचारी र समुदायस्तरका संस्थाहरू (CBOs) का कर्मचारीहरूलाई लैङ्गिक समावेशी दृष्टिकोणबाट जलवायु जन्य जोखिम र संकटासन्नताको विश्लेषण गर्न क्षमता विकास गरि जलवायु परिवर्तन अनुकूलन (CCA) लाई योजना, नीति, कार्यक्रम र बजेटमा मूलप्रवाहीकरण गर्ने।

कार्यान्वयन प्रक्रियाः

- यस तालिम भन्नाले "सहभागीतामुलक लैङ्गिक संवेदनशील जलवायु जन्य जोखिम तथा संकटासन्नाता विश्लेषण र जलवायु परिवर्तन अनुकूलनलाई (CCA) मूलप्रवाहीकरण गर्न समुदायमा आधारित संघ-संस्था (CBOs) र सरकारी कार्यालयका कर्मचारीहरुको ज्ञान र सीप विकास सम्बन्धी तालिम" बुझ्नु पर्नेछ।



प्रदेश सचिव

- डिभिजन वन कार्यालय, मरिण/डिभिजन वन कार्यालय, सिन्धुली/भू तथा जलाधार व्यवस्थापन कार्यालय रामेछापले स्थानीय सरकार, सरकारी कार्यालय, समुदायमा आधारित संघ-संस्था (CBOs), सम्बन्धीत सेवा प्रदायक र प्राविधिक संस्थाहरूसँग समन्वय गरि तालिम संचालनका लागि स्थान र मिति तय गर्ने,
- आवश्यक स्रोत सामाग्रीहरुको पूर्व तयारी एवं श्रोत व्यक्ति, अवधारण पत्र, तालिममा छलफल गर्ने विषयवस्तुको तयारी गरी तालिमको तालिका तयार गर्ने,
- आवश्यक स्रोत सामग्री तयार गर्दा परियोजना दस्तावेज, तालिमको आवश्यकता पहिचान (Training Need Assessment – TNA ) को प्रतिवेदन र लक्षित समूह/क्षेत्रहरूको आवश्यकताहरुलाई आधार बनाउनु पर्ने छ,
- तालिम सहजीकरण गर्नको लागि सम्भावित विषय-विज्ञ तथा स्रोत व्यक्तिहरुको रोस्टर तयार र अध्यावधिक गर्नु पर्ने,
- स्थानीय सरकार, सरकारी कार्यालय, सामुदायमा आधारित संघ-संस्था (CBOs), सम्बन्धीत सेवा प्रदायक र प्राविधिक संस्थाहरूलाई तालिमको प्रस्तावित मिति, विषयवस्तु र कार्यक्रम सञ्चालन स्थलको बारेमा अग्रिम सूचना र जानकारी दिने,
- तालिमका सहभागी छनोट गर्दा महिला, आदिबासी र स्थानीय समुदायलाई प्राथमिकता दिनु पर्ने छ (महिलाको सहभागिता कम्तिमा ५०% हुनु पर्ने छ),
- तालिम पूर्व (Pre-Test) र तालिम पश्चातको (Post-Test) परीक्षा गर्ने,
- तालिम संचालनका क्रममा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan) र गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) का प्रावधानहरु सुनिश्चित गर्ने,
- संघीय कृषि, वन तथा पर्यावरण मन्त्रालय), कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय, बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,
- तालिम सञ्चालन भइरहेका अवस्था र सम्पन्न भएको प्रकृया र अवस्थाको श्रव्य दृश्य (फोटो, भिडियो) अभिलेख राख्ने,
- तालिमको ज्ञान र सीपलाई व्यवहारमा रूपान्तरण गर्न कार्य योजना तयार गर्ने,
- प्रतिवेदन तयार तथा तथ्याङ्क सङ्कलन गर्ने,
- कार्य योजनाको कार्यान्वयन अवस्थाको अनुगमन र छलफल गर्ने।

प्रदेश सचिव

अपेक्षित उपलब्धि:

- जलवायु जन्य प्रकोपहरू जस्तै पहिरो, बाढी, खडेरी र वन डढेलोका विरुद्ध मरिण जलाधारका संकटासन्न घरधुरीहरुको अनुकूलन क्षमता वृद्धि भएको हुने छ।
- स्थानीय योजना र नीतिहरूमा जलवायु परिवर्तन अनुकूलनलाई मूलप्रवाहीकरण गर्न ज्ञान, सिप र क्षमता सुधार भएको हुने।

सहयोगी सूचक:

- सहभागितामूलक जलवायु उत्थानशीलता संकटासन्नता र जलबायु परिवर्तन मूलप्रवाहिकरणमा तालिम, क्षमता तथा ज्ञान भएका सरकारी र समुदाय आधारित संघ-संस्थाहरु (CBOs) को कर्मचारीहरूको संख्या ।
- जलवायु परिवर्तन अनुकूलन एकीकरण मार्गदर्शन अनुसार जलवायु परिवर्तन मैत्री विषयगत योजना तथा नीतिहरु तयार वा संशोधन गर्ने नगरपालिका, गाउँपालिका र अन्य सरोकारवालाहरुको संख्या।

## २.२. पालिकाहरुको जलवायु तथा विपद् जोखिम उत्थानशील योजना तयारी (११.५.३०.४)

**2.2. Support the municipalities and relevant sector agencies to carry out participatory assessments of climate risks and vulnerabilities and produce the plan based on the assessments (this activity will provide the basis for activity 1.1.2.1 under output 1.1.2)**

पृष्ठभूमि/परिचय:

नेपाल जस्तो भौगोलिक रूपमा विविधता भएको देशमा जलवायु परिवर्तनका असरहरू प्रदेश, भू-भाग र समुदाय अनुसार फरक रूपमा देखिन्छन्। तराई क्षेत्रमा तापक्रम वृद्धी, लामो खडेरी र असामान्य वर्षाका कारण खडेरी, बाढी, पहिरो, डढेलो जस्ता जोखिमहरू बढ्दै गएका छन्। यसले कृषिको उत्पादकत्व घटाउने, खानेपानीका स्रोत सुकाउने, वन डढेलोका घटना बढाउने, जैविक विविधता प्रभावित हुने र स्थानीय समुदायको जीविकोपार्जनमा प्रत्यक्ष असर पार्ने चुनौतीहरू निम्त्याएको छ। यस्तै, मरिण जलाधारभित्र पनि जलवायु परिवर्तनका प्रभावहरू एकरूप छैनन्। यहाँका फरक सामाजिक-आर्थिक अवस्था, भू-वनवाट, र जलवायुजन्य विपद्को अवस्था अनुसार असरहरू फरक-फरक देखिन्छन्।

यस परिस्थितिमा, जलवायु परिवर्तनसँग सम्बन्धीत जोखिम र संकटासन्नातालाई बुझ्न र प्रभावकारी रूपमा सम्बोधन गर्न सहभागीतामूलक जलवायुजन्य जोखिम तथा संकटासन्नता विश्लेषण र योजना तयारी आवश्यक छ। जलवायु परिवर्तनजन्य जोखिम न्यूनीकरण गर्न समुदायको सहभागिता, स्थानीय ज्ञान, तथा तथ्यमा आधारित विश्लेषण अत्यावश्यक छ। यस सन्दर्भमा, सहभागीतामूलक जलबायु जन्य जोखिम तथा संकटासन्नता विश्लेषण (Participatory Climate Risk and Vulnerability Assessment) र योजना तयारी एक प्रभावकारी प्रक्रिया हुन सक्छ, जसले स्थानीय तहलाई जोखिम, संकटासन्नता र अनुकूलन क्षमताको पहिचान तथा विश्लेषण र जलवायु परिवर्तन अनुकूलनलाई मूलप्रवाहीकरण गर्न सघाउँछ। यस कार्यका लागि नगरपालिका तथा गाउँपालिकाहरूको



प्रदेश सचिव

क्षमतामा वृद्धि गर्दै, उनीहरूलाई विश्लेषण तथा योजना तयार गर्न सहयोग पुर्‍याउनु आवश्यक छ, जसबाट समावेशी र तथ्यमा आधारित नीति, योजना र कार्यक्रम तय गर्न योगदान पुग्नेछ।

कार्यान्वयन प्रक्रियाः

- यस योजना तयारी भन्नाले "सहभागीतामुलक जलवायु जन्य जोखिम तथा संकटासन्नाता विश्लेषण र योजना तयारीका लागि नगरपालिका र गाउँ पालिकाहरूलाई सहयोग" भन्ने बुझ्नु पर्नेछ।
- बागमती प्रदेश सरकार, कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय, हेटौंडा, नेपालले सेवा तथा परामर्शदाता खरिदका लागि तयारी बैठक आयोजना गर्ने,
- कार्य क्षेत्रगत शर्त (Terms of Reference, ToR) र परामर्शदाता छनोट प्रक्रिया लागि मापदण्ड तयार गर्ने,
- सेवा तथा परामर्शदाता खरिदका लागि सञ्चार तथा सूचना प्रकाशन गर्ने,
- प्रस्तावहरूको छनोट, चयन गरिएको मापदण्डको आधारमा गर्ने,
- कार्य क्षेत्रगत शर्त अनुसार कमलामाई नगरपालिका, हरिहरपुरगढी, मरिण र घ्याङलेख गाउँपालिकामा जलवायु परिवर्तनसँग सम्बन्धीत जोखिम र संकटासन्नाता विश्लेषण गरि योजना तयारी गर्ने,
- कार्य संचालनका क्रममा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan) र गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) का प्रावधानहरु सुनिश्चित गर्ने,
- संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,
- योजना तयारी गर्दाको (पालिका र समुदाय स्तरीय जोखिम र संकटासन्नाता विश्लेषण तथा छलफल) श्रव्य दृश्य (फोटो, भिडिओ) अभिलेख राख्ने,
- कमलामाई नगरपालिका, हरिहरपुरगढी, मरिण र घ्याङलेख गाउँपालिकाका अनुकूलन विषय र आवश्यकताहरूको पहिचान सहित मस्यौदा योजनामा छलफल र सुझाव संकलन गर्ने,
- छलफलबाट प्राप्त सल्लाह र सुझावहरू समावेश गर्दै अन्तिम योजना तयार गर्ने।

अपेक्षित उपलब्धिः

- जलवायु जन्य प्रकोपहरू जस्तै पहिरो, बाढी, खडेरी र वन डढेलोका विरुद्ध मरिण जलाधारका संकटासन्न घरधुरीहरुको अनुकूलन क्षमता वृद्धि भएको हुने छ।

प्रदेश सचिव

बागमती प्रदेश सरकार
कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

- स्थानीय योजना र नीतिहरूमा जलवायु परिवर्तन अनुकूलनलाई मूलप्रवाहीकरण गर्न ज्ञान, सिप र क्षमता सुधार भएको हुने।

सहयोगी सूचकः

- सहभागितामूलक जलवायु उत्थानशीलता संकटासन्नता र जलवायु परिवर्तन मूलप्रवाहिकरणमा तालिम, क्षमता तथा ज्ञान भएका सरकारी र समुदाय आधारित संघ-संस्थाहरु (CBOs) को कर्मचारीहरूको संख्या ।
- जलवायु परिवर्तन अनुकूलन एकीकरण मार्गदर्शन अनुसार जलवायु परिवर्तन मैत्री विषयगत योजना तथा नीतिहरु तयार वा संशोधन गर्ने नगरपालिका, गाउँपालिका र अन्य सरोकारवालाहरुको संख्या।

## २.३. लैङ्गिक संवेदनशील जलवायु परिवर्तन अनुकूलन एकीकरण निर्देशिकाको जानकारी तथा वितरण गोष्ठी (२.६.६.३५३)

**2.3. Conduct workshops to disseminate the aforesaid CCA-integration guidelines to officials of the municipalities, relevant sector agencies and other key local stakeholders**

पृष्ठभूमि/परिचयः

संघीय प्रणाली अन्तर्गत स्थानीय सरकारहरूलाई योजना निर्माण, नीति तर्जुमा, तथा सेवा प्रवाहमा अधिकार प्रदान गरिएकाले, जलवायु परिवर्तन तथा लैङ्गिक समानता तथा समावेशीकरणका मुद्दाहरू स्थानीय तहको कार्यक्षेत्रमा पर्छन्। यद्यपि, हालसम्म अधिकांश स्थानीय तहमा निर्माण भएका नीति तथा योजनाहरूमा लैङ्गिक र जलवायु अनुकूलनका पक्षहरू पर्याप्त रूपमा समावेश भएका पाईंदैनन्। सोहि सन्दर्भ, परियोजनले तयार पारेको लैङ्गिक संवेदनशील जलवायु परिवर्तन अनुकूलन एकीकरण निर्देशिकाको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय सरकार तथा सरोकारवाला निकायलाई लक्षित गरी गोष्ठी आयोजना गरिनेछ। गोष्ठीमा निर्देशिकाबारे जानकारी दिई, यसको प्रयोग विधि सिकाइने र सरोकारवालाको भूमिका स्पष्ट पारिनेछ। यसले सहभागीलाई नीति, योजना र बजेटमा लैङ्गिक संवेदनशील जलवायु परिवर्तन अनुकूलन एकीकरण गर्न सक्षम वातावरण तयार गर्नेछ र स्थानीय सरकारमा यसको स्वामित्व सुनिश्चित हुनेछ।

उद्देश्यः

यस क्रियाकलापको उद्देश्य कमलामाई नगरपालिका, हरिहरपुरगढी, मरिण र घ्याङलेख गाउँपालिका स्तरीय लैङ्गिक संवेदनशील जलवायु परिवर्तन अनुकूलन एकीकरण निर्देशिका निर्माण पश्चात नगरपालिका/गाउँपालिकाका कर्मचारी र विषयगत सरोकारवालाहरूको निर्देशिकाको जानकारी, प्रयोग र कार्यान्वयनका लागि क्षमता अभिवृद्धि, सक्षम वातावरण तयार र भूमिका स्पष्ट पार्न सहयोग गर्ने छ।

प्रदेश सचिव

कार्यान्वयन प्रक्रियाः

- यस गोष्ठी भन्नाले "लैङ्गिक संवेदनशील जलवायु परिवर्तन अनुकूलन एकीकरण निर्देशिका नगरपालिका/गाउँपालिकाका कर्मचारी र विषयगत सरोकारवालाहरुलाई जानकारी र वितरण गोष्ठी" भन्ने बुझ्नु पर्नेछ।
- डिभिजन वन कार्यालयले स्थानीय तहका प्रतिनिधि, कर्मचारी, सम्बन्धीत सरोकारवाला र प्राविधिक संस्थाहरू सँग समन्वय गरि गोष्ठी संचालनका लागि स्थान र मिति तय गर्ने,
- आवश्यक स्रोत सामाग्रीहरुको पूर्व तयारी एवं श्रोत व्यक्ति, अवधारण पत्र, गोष्ठीमा छलफल गर्ने विषयवस्तुको तयारी गरी तालिका बनाउने,
- आवश्यक स्रोत सामग्री तयार गर्दा लैङ्गिक संवेदनशील जलवायु परिवर्तन अनुकूलन एकीकरण निर्देशिका, परियोजना दस्तावेज, अध्ययन प्रतिवेदन, स्थानीय आवश्यकता पहिचान र लक्षित समूह/क्षेत्रहरूको आवश्यकताहरुलाई आधार बनाउनु पर्ने छ,
- गोष्ठी सहजीकरण गर्नको लागि सम्भावित विषय विज्ञ तथा स्रोत व्यक्तिहरुको रोस्टर तयार र अध्यावधिक गर्नु पर्ने,
- स्थानीय जनप्रतिनिधि, सरकारी कर्मचारी, सम्बन्धीत सेवा प्रदायक र प्राविधिक संस्थाहरूलाई गोष्ठीको प्रस्तावित मिति, विषयवस्तु र कार्यक्रम सञ्चालन स्थलको बारेमा अग्रिम सूचना र जानकारी दिने,
- गोष्ठीका लागि सहभागी छनोट गर्दा महिला, आदिवासी, विषयगत शाखा/क्षेत्र, परियोजना संचालन भएका उप-जलाधारलाई प्राथमिकता दिनु पर्ने छ,
- गोष्ठी संचालनका क्रममा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan) र गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) का प्रावधानहरु सुनिश्चित गर्ने,
- संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,
- गोष्ठी कार्यान्वयन भइरहेका अवस्था र सम्पन्न भएको प्रकृया र अवस्थाको श्रव्य दृश्य (फोटो, भिडियो) अभिलेख राखे,
- गोष्ठी संचालन, खुल्ला छलफल र कार्ययोजना निर्माण गर्ने,
- प्रतिवेदन तयार तथा तथ्याङ्क सङ्कलन गर्ने,
- कार्य योजनाको कार्यान्वयन अवस्थाको अनुगमन र छलफल गर्ने।



प्रदेश सचिव

अपेक्षित उपलब्धि:

- स्थानीय योजना र नीतिहरूमा जलवायु परिवर्तन अनुकूलनलाई मूलप्रवाहीकरण गर्न ज्ञान, सिप र क्षमता सुधार भएको हुने ।

सहयोगी सूचक:

- सहभागितामूलक जलवायु उत्थानशीलता संकटासन्नता र जलवायु परिवर्तन मूलप्रवाहिकरणमा तालिम, क्षमता तथा ज्ञान भएका सरकारी र समुदाय आधारित संघ-संस्थाहरु (CBOs) को कर्मचारीहरूको संख्या ।
- जलवायु परिवर्तन अनुकूलन एकीकरण मार्गदर्शन अनुसार जलवायु परिवर्तन मैत्री विषयगत योजना तथा नीतिहरु तयार वा संशोधन गर्ने नगरपालिका, गाउँपालिका र अन्य सरोकारवालाहरुको संख्या।

## २.४. जलवायु परिवर्तन अनुकूलन एकीकरण निर्देशिका अनुसार योजना, नीति निर्माण तथा परिमार्जन (नगरपालिका/गाउँपालिका/प्रदेशस्तर) (११.६.१६.१२)

**2.4. Support workshops and consultations for formulation or revision of plans and policies at the municipality/provincial level in accordance with the CCA-integration guidelines**

पृष्ठभूमि/परिचय:

नेपाल सरकारले जलवायु परिवर्तनको सामना गर्न राष्ट्रिय अनुकूलन योजना (NAP), जलवायु परिवर्तन नीति, तेस्रो राष्ट्रिय निर्धारित योगदान (NDC) र स्थानीय अनुकूलन योजना (LAPA) लगायतका महत्वपूर्ण नीतिगत दस्तावेजहरू तयार गरेको छ। संघीय प्रणाली कार्यान्वयनसँगै जलवायु तथा लैङ्गिक मुद्दासम्बन्धी नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको जिम्मेवारी प्रदेश तथा स्थानीय सरकारमा हस्तान्तरण गरिएको छ। तर व्यवहारमा, अधिकांश प्रदेश तथा स्थानीय तहका योजना र नीतिहरूमा जलवायु अनुकूलन र लैङ्गिक संवेदनशीलता पर्याप्त रूपमा समेटिन सकेका छैनन्। यस सन्दर्भमा, मरिण परियोजनाले बागमती प्रदेश सरकार, बन तथा वातावरण मन्त्रालय, हेटौंडा तथा नगरपालिका/गाउँपालिकासँग समन्वय गर्दै "लैङ्गिक संवेदनशील जलवायु परिवर्तन अनुकूलन एकीकरण निर्देशिका" विकास गरेको छ।

यस निर्देशिकाले नीति निर्माणदेखि योजना कार्यान्वयन र अनुगमनसम्मका सम्पूर्ण चरणहरूमा लैङ्गिक तथा जलवायु दृष्टिकोणलाई समेट्न व्यवहारिक मार्गदर्शन प्रदान गर्नेछ। साथै, गोष्ठी तथा परामर्श कार्यक्रममार्फत यस निर्देशिकाका आधारमा स्थानीय तथा प्रदेशस्तरका योजना र नीतिहरूको निर्माण, पुनरावलोकन र परिमार्जनमा सहजीकरण गरिनेछ। यस कार्यक्रममार्फत स्थानीय तथा प्रदेश सरकारका कर्मचारी, जनप्रतिनिधि र सम्वन्धीत सरोकारवालाहरूलाई लैङ्गिक संवेदनशील तथा जलवायुमैत्री योजना निर्माणमा सक्षम बनाउने अपेक्षा गरिएको छ।

प्रदेश सचिव

उद्देश्य:

यस क्रियाकलापको उद्देश्य लैङ्गिक संवेदनशील जलवायु परिवर्तन अनुकूलन एकीकरण निर्देशिकालाई आधार मानि मरिण परियोजना कार्यान्यवन भएका पालिका तथा प्रदेशस्तरका योजना, नीतिहरू निर्माण तथा परिमार्जन गर्ने गोष्ठी तथा परामर्शमा सहयोग गर्ने।

कार्यान्वयन प्रक्रिया:

- यस नीति निर्माण तथा परिमार्जन गोष्ठी भन्नाले "लैङ्गिक संवेदनशील जलवायु परिवर्तन अनुकूलन एकीकरण निर्देशिकालाई आधारमा नगरपालिका/गाउँपालिका/प्रदेशस्तरका योजना तथा नीति निर्माण तथा परिमार्जन गर्न गोष्ठी तथा परामर्श सहयोग" भन्ने बुझ्नु पर्नेछ।
- योजना तथा नीतिहरूको निर्माण तथा परिमार्जन कार्यमा परामर्श सेवा, गोष्ठीहरू, समुदायस्तरीय छलफलमार्फत समुदायका समस्या र प्राथमिकताहरू समेट्ने प्रक्रिया, पालिका तथा प्रदेशका नीति निर्माण कर्ताहरु सँग छलफल लगायतका क्रियाकलापहरू संचालन गर्न सकने छ।
- बागमती प्रदेश सरकार, कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय, हेटौंडा, नेपालले स्थानीय निकाय, प्रदेशतहका कार्यालयहरु समन्वय गरि निर्माण तथा परिमार्जन गर्ने योजना तथा नीतिहरूको पहिचान गर्ने,
- निर्माण तथा परिमार्जन गर्ने योजना तथा नीतिहरूको आधारमा कार्य क्षेत्रगत शर्त (Terms of Reference, ToR) र परामर्शदाता छनोट प्रक्रिया लागि मापदण्ड तयार गर्ने,
- सेवा तथा परामर्शदाता खरिदका लागि सञ्चार तथा सूचना प्रकाशन गर्ने,
- प्रस्तावहरूको छनोट, चयन गरिएको मापदण्डको आधारमा गर्ने,
- कार्य क्षेत्रगत शर्त अनुसार बागमती प्रदेश सरकार, कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय, हेटौंडा, नेपाल, कमलामाई नगरपालिका, हरिहरपुरगढी, मरिण र घ्याङलेख गाउँपालिका योजना तथा नीतिहरू निर्माण तथा परिमार्जन तयारी गर्ने,
- कार्य संचालनका क्रममा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan) र गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) का प्रावधानहरु सुनिश्चित गर्ने,
- संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,

प्रदेश सचिव

- योजना तथा नीतिहरू निर्माण तथा परिमार्जन गर्दाको श्रव्य दृश्य (फोटो, भिडिओ) अभिलेख राख्ने,
- मस्यौदा योजना तथा नीतिहरूमा छलफल र सुझाव संकलन गर्ने,
- छलफलबाट प्राप्त सल्लाह र सुझावहरू समावेश गर्दै अन्तिम योजना तथा नीति तयार गर्ने।

अपेक्षित उपलब्धि:

- स्थानीय योजना र नीतिहरूमा जलवायु परिवर्तन अनुकूलनलाई मूलप्रवाहीकरण गर्न ज्ञान, सिप र क्षमता सुधार भएको हुने।

सहयोगी सूचक:

- सहभागितामूलक जलवायु उत्थानशीलता संकटासन्नता र जलवायु परिवर्तन मूलप्रवाहिकरणमा तालिम, क्षमता तथा ज्ञान भएका सरकारी र सामुदायमा आधारित संघ-संस्थाहरु (CBOs) को कर्मचारीहरूको संख्या।
- जलवायु परिवर्तन मूलप्रवाहिकरणमा मार्गदर्शन अनुसार जलवायु परिवर्तन मैत्री योजना तथा नीतिहरु तयार वा संशोधन गर्ने नगरपालिका, गाउँपालिका र अन्य सरोकारवालाहरुको संख्या।

## २.५. जलाधार स्तरीय बहु-सरोकारवाला मञ्चको जानकारी सम्बन्धी गोष्ठी (२.६.६.३५४)

**2.5. Organize an event to launch the multi-stakeholder platform and create general awareness and common understanding about the platform among the stakeholders.**

पृष्ठभूमि/परिचय:

मरिण जलाधार अन्तर्गतका कमलामाई नगरपालिका, हरिहरपुरगढी, मरिण र घ्याङलेख गाउँपालिका; माथिल्लो, मध्य र तल्लो क्षेत्रका बहु-सरोकारवालाहरुलाई समेटी जलाधार स्तरीय समावेशी, एकीकृत र पारदर्शी बहु-सरोकारवाला मञ्च स्थापना गरिनेछ। उक्त मञ्चको स्पष्ट कार्यसञ्चालन विधि, संरचना तथा भूमिका प्रवर्द्धनका लागि स्पष्ट संस्थागत संरचना र सञ्चालन प्रक्रिया तयार गरी जिल्लातहमा मञ्चको उद्घाटन गरिनेछ, जसले सरोकारवाला बीच जानकारी, ज्ञान र विचार आदान प्रदान गर्न सहयोग पुर्याउनेछ।

यस मञ्चले अनुकूलन प्रयासहरू तथा अनुकूलन स्रोतहरूको उपयोगमा सहकार्य र समन्वय बढाई थप प्रभावकारी परिणाम हासिल गर्न सहयोग गर्ने अपेक्षा गरिएको छ। विशेष रूपमा महिला, युवा तथा आदिवासी जनजातिको समावेशी सहभागितामा जोड दिइनेछ, साथै उनीहरूलाई आफ्ना विचार, आकांक्षा र प्राथमिकता अभिव्यक्त गर्ने तथा सहकार्य र निर्णय प्रक्रियामा समान अवसरसहित योगदान पुऱ्याउने वातावरण सिर्जना गरिनेछ।

उद्देश्य:

यस गोष्ठीको उद्देश्य जलाधार क्षेत्रको दिगो व्यवस्थापनमा सरोकारवालाको सहभागिता सुदृढ गर्दै जलाधार स्तरीय बहु—सरोकारवाला मञ्चको औपचारिक उद्घाटन गर्नु हो। साथै, सरोकारवाला निकायहरूबीच मञ्चको अवधारणा, संरचना, उद्देश्य, कार्यपद्धति र भूमिकाबारे स्पष्ट जानकारी प्रदान गरी साझा बुझाइ र संस्थागत सहकार्य निर्माण गर्नेछ।



प्रदेश सचिव

कार्यान्वयन प्रक्रियाः

- यस गोष्ठी भन्नाले "बहु-सरोकारवालाहरुलाई जलाधार स्तरीय बहु-सरोकारवाला मञ्चको जानकारी, क्षमता अभिवृद्धि र अवधारणामा समान बुझाइ निर्माण गर्ने गोष्ठी" भन्ने बुझ्नु पर्नेछ।
- डिभिजन वन कार्यालयले परियोजना समन्वय समिति, स्थानीय तहका प्रमुख, सम्बन्धीत सरोकारवाला र प्राविधिक संस्थाहरू सँग समन्वय गरि गोष्ठी संचालनका लागि स्थान र मिति तय गर्ने,
- आवश्यक स्रोत सामाग्रीहरुको पूर्व तयारी एवं श्रोत व्यक्ति, अवधारण पत्र, गोष्ठीमा छलफल गर्ने विषयवस्तुको तयारी गरी तालिका बनाउने,
- आवश्यक स्रोत सामग्री तयार गर्दा जलाधार स्तरीय बहु-सरोकारवाला मञ्चको परिचालन प्रक्रिया, संरचना, काम र जिम्मेवारीहरूको लागि निर्देशिका, परियोजना दस्तावेज, अध्ययन प्रतिवेदन, स्थानीय आवश्यकता पहिचान र लक्षित समूह/क्षेत्रहरूको आवश्यकताहरुलाई आधार बनाउनु पर्ने छ,
- जलाधार स्तरीय बहु-सरोकारवाला मञ्चको परिचालन प्रक्रिया, संरचना, काम र जिम्मेवारीहरूको लागि निर्देशिका अनुरुप मरिण जलाधारमा अवस्थित प्रत्यक्ष संलग्न सरोकारवाला रहेको जलाधार स्तरीय बहु-सरोकारवाला मञ्च गठन गर्ने,
- बहु-सरोकारवाला मञ्चका सदस्य, समुदाय, जिल्ला स्थित प्रदेशका सरकारी निकाय, गैरसरकारी संस्था, निजी क्षेत्र र जलाधार विज्ञहरूलाई गोष्ठीको प्रस्तावित मिति, विषयवस्तु र कार्यक्रम सञ्चालन स्थलको बारेमा अग्रिम सूचना र जानकारी दिने,
- गोष्ठी सहजीकरण गर्नको लागि सम्भावित विषय विज्ञ तथा स्रोत व्यक्तिहरुको रोस्टर तयार र अध्यावधिक गर्नु पर्ने,
- गोष्ठी संचालनका क्रममा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रकिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan) र गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) का प्रावधानहरु सुनिश्चित गर्ने,
- संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,
- गोष्ठी कार्यान्वयन भइरहेका अवस्था र सम्पन्न भएको प्रकृया र अवस्थाको श्रव्य दृश्य (फोटो, भिडियो) अभिलेख राख्ने,
- गोष्ठी संचालन, खुल्ला छलफल र कार्ययोजना निर्माण गर्ने,
- प्रतिवेदन तयार तथा तथ्याङ्क सङ्कलन गर्ने,

प्रदेश सचिव

- कार्य योजनाको कार्यान्वयन अवस्थाको अनुगमन र छलफल गर्ने।

अपेक्षित उपलब्धिः

- स्थानीय योजना र नीतिहरूमा जलवायु परिवर्तन अनुकूलनलाई मूलप्रवाहीकरण गर्न ज्ञान, सिप र क्षमता सुधार भएको हुने।
- एकीकृत जलाधार व्यवस्थापनको अवधारणामा जलवायु परिवर्तन अनुकूलनलाई मूलप्रवाहीकरणका लागि मरिण जलाधार स्तरीय बहु—सरोकारवाला मञ्च (Multi-stakeholder platform) स्थापना गर्ने।

सहयोगी सूचकः

- जलाधार स्तरमा संवाद, समन्वय कार्य संचालनको लागि बहु—सरोकारवाला मञ्चको स्थापना।

## २.६. उप-जलाधार स्तरीय बहु-सरोकारवाला मञ्चलाई बैठक, अनुगमन र संस्थागत क्षमता विकास सहयोग (२.६.४.५२८)

**2.6. Support sub-watershed level multi-stakeholder platform to organize meetings, monitoring and intuitional capacity building support**

पृष्ठभूमि/परिचयः

जलवायु परिवर्तनको जोखिम न्यूनीकरण गर्दै समुदाय र पर्यावरणीय सेवाहरूको अनुकूलन क्षमता वृद्धि गर्न मरिण जलाधार अन्तर्गत पहिचान भएका ६ वटा प्राथमिकता प्राप्त उप-जलाधारहरूमा माथिल्लो, मध्य र तल्लो क्षेत्र प्रतिनिधित्व हुने गरी परियोजनाको पहिलो वर्षमा उप-जलाधार समन्वय समिति गठन गरिएको छ। यस समितिले उप-जलाधारस्तरको समग्र व्यवस्थापनमा बहु-सरोकारवालाहरुको सहभागिता सुनिश्चित गर्दै योजना निर्माण, कार्यान्वयन, स्रोत परिचालन र समन्वय सुदृढ गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ। यस समन्वय समितिले परियोजना, स्थानीय सरकार, डिभिजन वन कार्यालय, भू तथा जलाधार व्यवस्थापन कार्यालय तथा अन्य सरोकारवालासँग सहकार्य गर्दै उपयुक्त क्रियाकलाप कार्यान्वयन स्थान र लक्षित समुदायको पहिचान, सहभागीतामूलक योजना निर्माण, अनुगमन तथा मूल्याङ्कनमा समेत सक्रियता देखाउने अपेक्षा गरिएको छ। सोहि सन्दर्भमा यस समितिलाई प्रभावकारी बनाउने उद्देश्यले परियोजनाले आवश्यक बैठक, सामग्री सहयोग, तालिम, अभिमुखिकरण आदि जस्ता कार्यक्रम, अनुभव आदानप्रदान लगायतका गतिविधिमा सहयोग गर्नेछ। यसले परियोजनाको दीगो प्रभावकारिता र स्थानीय स्वामित्व सुनिश्चित गर्न सहयोग पुऱ्याउनेछ।

उद्देश्यः

यस क्रियाकलापको उद्देश्य उप-जलाधार स्तरीय उप-जलाधार समन्वय समितिलाई नियमित बैठक, अनुगमन तथा संस्थागत क्षमता विकासका माध्यमबाट सशक्त बनाई परियोजनाको प्रभावकारी कार्यान्वयन, स्रोत परिचालन, समन्वय सुदृढ र दिगोपन सुनिश्चित गर्नु हो।

प्रदेश सचिव

**कार्यान्वयन प्रक्रिया:**

- यस क्रियाकलाप भन्नाले "उप-जलाधार स्तरीय बहु-सरोकारवाला मञ्चलाई बैठक, अनुगमन र संस्थागत क्षमता विकास सहयोग" भन्ने बुझ्नु पर्नेछ,
- भू तथा जलाधार व्यवस्थापन कार्यालय, रामेछापले आवश्यक तयारीका लागि बैठक आयोजना गर्ने,
- उप-जलाधार समन्वय समितिको क्षमता अभिवृद्धिका लागि विभिन्न बैठक, अनुगमन र संस्थागत क्षमता विकास जस्ता गतिविधिहरूमा सहयोग प्रदान गर्ने,
- स्रोत परिचालनका लागि क्षमता विकासका क्षेत्र, आवश्यकताहरू तथा सम्भावित क्रियाकलापहरू पहिचान गर्ने,
- पहिचान गरिएका क्षमता विकासका क्षेत्र तथा क्रियाकलापहरू सञ्चालन गर्दा आवश्यक पर्ने यातायात, खाजा खर्च, सामग्री आदि लगायतका व्यवस्थाका लागि सहयोग गर्ने,
- सञ्चालन भएका गतिविधिहरूको अभिलेख उप-जलाधार समन्वय समितिले राख्नुपर्नेछ,
- क्रियाकलापहरू संचालनका क्रममा क्रममा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan) र गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) का प्रावधानहरु सुनिश्चित गर्ने,
- संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,
- क्रियाकलापहरू संचालन पश्चात र कार्ययोजना निर्माण गर्ने,
- प्रतिवेदन तयार तथा तथ्याङ्क सङ्कलन गर्ने,
- कार्य योजनाको कार्यान्वयन अवस्थाको अनुगमन र छलफल गर्ने।

**अपेक्षित उपलब्धि:**

- स्थानीय योजना र नीतिहरूमा जलवायु परिवर्तन अनुकूलनलाई मूलप्रवाहीकरण गर्न ज्ञान, सिप र क्षमता सुधार भएको हुने।
- एकीकृत जलाधार व्यवस्थापनको अवधारणामा जलवायु परिवर्तन अनुकूलनलाई मूलप्रवाहीकरणका लागि मरिण जलाधार स्तरीय बहु-सरोकारवाला मञ्च (Multi-stakeholder Platform) स्थापना गर्ने।

**सहयोगी सूचक:**

- जलाधार स्तरमा संवाद, समन्वय कार्य संचालनको लागि बहु-सरोकारवाला मञ्चको स्थापना।



प्रदेश सचिव

## २.७. उप-जलाधार स्तरीय बहु-सरोकारवाला मञ्चको वार्षिक प्रगति समीक्षा र योजना तयारी गोष्ठी (२.६.६.३६५)

**2.7. Review, reflection and planning workshop of sub-watershed level multi stakeholder platform**

**पृष्ठभूमि/परिचयः**

जलवायु परिवर्तनजन्य जोखिम न्यूनीकरण गर्दै समुदाय तथा पर्यावरणीय सेवाहरूको अनुकूलन क्षमता अभिवृद्धि गर्ने उद्देश्यले मरिण जलाधार अन्तर्गत पहिचान भएका ६ वटा प्राथमिकता प्राप्त उप-जलाधारमा माथिल्लो, मध्य तथा तल्लो क्षेत्रको प्रतिनिधित्व सुनिश्चित गरी परियोजनाको पहिलो वर्षमै उप-जलाधार समन्वय समिति गठन गरिएको छ।

यस समितिले उप-जलाधारस्तरीय समग्र व्यवस्थापनमा बहु-सरोकारवालाको सहभागिता सुनिश्चित गर्दै योजना निर्माण, कार्यान्वयन, स्रोत परिचालन तथा समन्वय सुदृढीकरणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ। साथै, परियोजना, स्थानीय सरकार, डिभिजन वन कार्यालय, भू तथा जलाधार व्यवस्थापन कार्यालय तथा अन्य सरोकारवालासँग सहकार्य गरी उपयुक्त कार्यान्वयन क्षेत्र र लक्षित समुदायको पहिचान, सहभागितामूलक योजना निर्माण, अनुगमन तथा मूल्याङ्कनमा सक्रिय भूमिका खेल्ने अपेक्षा गरिएको छ।

क्रियाकलाप कार्यान्वयनका लागि उप-जलाधारभित्र लाभान्वित घरधुरीलाई समेटेर विभिन्न उपभोक्ता समूह तथा अनुगमन उपसमितिहरू गठन गरिन्छ, साथै कार्यान्वयनका विभिन्न चरणमा स्थानीय सरकार, डिभिजन वन कार्यालय, समुदाय आदिको सक्रिय सहभागिता रहने गर्दछ। तर, क्रियाकलाप सम्पन्न भएपछि एकै स्थानमा बसेर प्रगति समीक्षा, सिकाइ आदानप्रदान तथा त्यसका आधारमा आगामी योजना तयारी गर्ने अभ्यास कमजोर देखिएको छ। यही सन्दर्भमा उप-जलाधारस्तरीय बहु-सरोकारवालाको वार्षिक प्रगति समीक्षा तथा आगामी योजना तयारी कार्यक्रम तय गरिएको हो।

**उद्देश्यः**

यस क्रियाकलापको उद्देश्य मरिण जलाधारका प्राथमिकता प्राप्त उप-जलाधारहरूमा वार्षिक प्रगति समीक्षा, सिकाइ आदानप्रदान तथा बहु-सरोकारवालाबीच समन्वय सुदृढ गर्दै आगामी वर्षका लागि प्रभावकारी र सहभागितामूलक योजना तर्जुमा गर्नु।

**कार्यान्वयन प्रक्रियाः**

- यस क्रियाकलाप भन्नाले "उप-जलाधार स्तरीय बहु-सरोकारवाला मञ्चको वार्षिक प्रगति समीक्षा र योजना तयारी गोष्ठी" भन्ने बुझ्नु पर्नेछ,
- भू तथा जलाधार व्यवस्थापन कार्यालय, रामेछापले आवश्यक तयारीका लागि गोष्ठी आयोजना गर्ने,



प्रदेश सचिव

- आवश्यक स्रोत सामाग्रीहरुको पूर्व तयारी एवं श्रोत व्यक्ति, अवधारण पत्र, गोष्ठीमा छलफल गर्ने विषयवस्तुको तयारी गरी तालिका बनाउने,
- बहु-सरोकारवालाहरूलाई गोष्ठीको प्रस्तावित मिति, विषयवस्तु र कार्यक्रम सञ्चालन स्थलको बारेमा अग्रिम सूचना र जानकारी दिने,
- गोष्ठी सहजीकरण गर्नको लागि सम्भावित विषय विज्ञ तथा स्रोत व्यक्तिहरुको रोस्टर तयार र अध्यावधिक गर्नु पर्ने,
- गोष्ठी संचालनका क्रममा क्रममा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan) र गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) का प्रावधानहरु सुनिश्चित गर्ने,
- संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,
- गोष्ठी संचालन पश्चात र कार्ययोजना निर्माण गर्ने,
- प्रतिवेदन तयार तथा तथ्याङ्क सङ्कलन गर्ने,
- कार्य योजनाको कार्यान्वयन अवस्थाको अनुगमन र छलफल गर्ने।

अपेक्षित उपलब्धि:

- स्थानीय योजना र नीतिहरूमा जलवायु परिवर्तन अनुकूलनलाई मूलप्रवाहीकरण गर्न ज्ञान, सिप र क्षमता सुधार भएको हुने।
- एकीकृत जलाधार व्यवस्थापनको अवधारणामा जलवायु परिवर्तन अनुकूलनलाई मूलप्रवाहीकरणका लागि मरिण जलाधार स्तरीय बहु-सरोकारवाला मञ्च (Multi-stakeholder Platform) स्थापना गर्ने।

सहयोगी सूचक:

- जलाधार स्तरमा संवाद, समन्वय कार्य संचालनको लागि बहु-सरोकारवाला मञ्चको स्थापना।

## २.८. बहु-सरोकारवाला मञ्चलाई विभिन्न गोष्ठी, मिडिया परिचालन र छलफल आयोजना गर्न सहयोग (२.७.३४.३२१)

**2.8. Support the multi-stakeholder platform to organize workshops, media events and dialogues to facilitate information exchange, and develop coordination and common understanding on climate change issues and adaptation measures.**



प्रदेश सचिव

**पृष्ठभूमि/परिचयः**

चार स्थानीय तहमा फैलिएको मरिण जलाधारको व्यवस्थापनसँग सम्बन्धीत साझा मुद्दाहरूमा छलफल तथा निर्णय गर्न जलाधार स्तरीय प्रभावकारी संयन्त्र वा संरचनाको अभाव रहेको छ। यस्तो संयन्त्रले पानी, जमिन, वन तथा जैविक विविधताको दिगो उपयोग, माथिल्लो र तल्लो क्षेत्रबीच लाभ-हानिको सन्तुलन, जलवायु परिवर्तनजन्य जोखिम न्यूनीकरण, नदी प्रणालीसँग सम्बन्धीत समस्याहरूको समाधान तथा संयुक्त योजना निर्माणमा महत्वपूर्ण भूमिका खेल्छ। जलाधार व्यवस्थापन कुनै एक मात्र निकायबाट सम्भव नहुने भएकाले वन, कृषि, खानेपानी, सिँचाइ लगायतका क्षेत्रहरूको समुचित व्यवस्थापनका लागि विभिन्न सरोकारवाला निकायहरूको सहकार्य, प्राविधिक दक्षता र प्रभावकारी समन्वय आवश्यक हुन्छ।

यी आवश्यकताहरूलाई सम्बोधन गर्न परियोजनाले "बहु-सरोकारवाला मञ्च गठन तथा परिचालन निर्देशिका" तयार गर्न सहयोग गरेको छ। उक्त निर्देशिकाका आधारमा मञ्च गठन गरिनेछ। मञ्चको सक्रियता, सहभागिता, समन्वय तथा सहकार्यलाई प्रभावकारी, जानकारी आदानप्रदान, साझा बुझाइ विकास तथा जलवायु परिवर्तन सम्बन्धी सचेतना अभिवृद्धि गर्न परियोजनाले विभिन्न गोष्ठी, संवाद तथा मिडिया कार्यक्रम सञ्चालनमा जलाधार स्तरीय बहु-सरोकारवाला मञ्चलाई सहयोग गर्नेछ।

**उद्देश्यः**

यस क्रियाकलापको उद्देश्य जलवायु परिवर्तनका प्रभाव र अनुकूलन उपायहरूमा जानकारी आदानप्रदान, समन्वय अभिवृद्धि तथा साझा बुझाइ विकास गर्न जलाधार स्तरीय बहु-सरोकारवाला मञ्चलाई सहयोग गर्ने।

**कार्यान्वयन प्रक्रियाः**

- यस क्रियाकलाप भन्नाले "बहु-सरोकारवाला मञ्चलाई जानकारी आदानप्रदानलाई सहज बनाउनुका साथै जलवायु परिवर्तनका विषयहरू र अनुकूलन उपायहरूमा समन्वय र साझा बुझाइको विकास गर्न गोष्ठी, मिडिया परिचालनका कार्यक्रम र संवादहरू आयोजना गर्न सहयोग" गर्ने भन्ने बुझ्नु पर्नेछ,
- डिभिजन वन कार्यालयले बहु-सरोकारवाला मञ्चसँगको परामर्शमा आवश्यक तयारीका लागि बैठक र योजना तयार गर्ने,
- बहु-सरोकारवाला मञ्चसँगको परामर्शमा तयार गरिएको कार्ययोजना कार्यान्वयनमा सहयोग र सहजीकरण गर्ने,
- कार्ययोजना बमोजिम विभिन्न गोष्ठी, संवाद तथा मिडिया कार्यक्रम संचालनका क्रममा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan) र गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) का प्रावधानहरु सुनिश्चित गर्ने,

प्रदेश सचिव

- संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,
- प्रतिवेदन तयार तथा तथ्याङ्क सङ्कलन गर्ने,
- कार्य योजनाको कार्यान्वयन अवस्थाको अनुगमन र छलफल गर्ने।

अपेक्षित उपलब्धिः

- स्थानीय योजना र नीतिहरूमा जलवायु परिवर्तन अनुकूलनलाई मूलप्रवाहीकरण गर्न ज्ञान, सिप र क्षमता सुधार भएको हुने ।
- एकीकृत जलाधार व्यवस्थापनको अवधारणामा जलवायु परिवर्तन अनुकूलनलाई मूलप्रवाहीकरणका लागि मरिण जलाधार स्तरीय बहु-सरोकारवाला मञ्च (Multi-stakeholder platform) स्थापना गर्ने।

सहयोगी सूचकः

- जलाधार स्तरमा संवाद, समन्वय कार्य संचालनको लागि बहु-सरोकारवाला मञ्चको स्थापना।

प्रदेश सचिव

## योगदान क्षेत्र २: स्थानीय समुदायको जलवायु परिवर्तन प्रतिको उत्थानशीलता वृद्धि गर्ने

### २.९. समुदायका लागि जलवायु-अनुकूलित बीउ तथा बेर्नाहरूको विस्तारमा सहयोग (११.४.१७.२१९१)

**2.9. Support for expansion of high value crops and climate-resilient varieties of seeds and seedlings for communities**

**पृष्ठभूमि/परिचयः**

जलवायु परिवर्तनका प्रभाव विशेष गरी ग्रामीण क्षेत्रमा स्पष्ट देखा परिरहेको छ, जहाँ जनजाति र स्थानीय समुदायहरू बाढी, पहिरो, खडेरी र वन डढेलो जस्ता जलवायु जन्य प्रकोपहरूसँग जुधिरहेका छन्। मरिण जलाधार क्षेत्र नेपालका त्यस्ता क्षेत्रमध्ये एक हो, जहाँ समुदायको जीविकोपार्जन कृषि पद्धतिमा निर्भर छ। हाल बढ्दै गएका जलवायु परिवर्तनका चरम घटनाहरूले उनीहरूलाई अझ बढी संवेदनशील र कर्यबोझ बढाएको छ। यस्ता समुदायको कृषि उत्पादनमा, जीविकोपार्जन र आम्दानीका स्रोतहरूमा गम्भीर असर भोगिरहेका छन्। यही परिवेशमा मरिण जलाधारका समुदायहरूको जलवायु उत्थानशीलता बढाउन र आर्थिक अवस्थामा सुधार ल्याउन, उच्च मूल्यका बाली/बेर्ना र जलवायु उत्थानशील बीउको विस्तार एक प्रभावकारी समाधानको रूपमा रहनेछ। जलवायु परिवर्तन अनुकूलनका दृष्टिकोणबाट उच्च मूल्यका बालीहरूको खेतीले आम्दानी वृद्धि, स्थानीय पर्यावरणीय स्रोतहरूको दिगो उपयोग र समुदायको उत्थानशील क्षमता वृद्धिमा समेत सहयोग गर्दछ।

**उद्देश्यः**

यस क्रियाकलापको उद्देश्य मरिण जलाधारका उच्च जोखिमयुक्त उप-जलाधारमा जलवायु उत्थानशील बाली र बिउ/बेर्नाको प्रवर्द्धनमार्फत संकटासन्न समुदायको जीविकोपार्जन सुधार, आम्दानी वृद्धि, व्यवसायिक तरकारी खेती विस्तार तथा कृषि प्रणालीमा विविधता, माटो संरक्षण र पानीको गुणस्तर सुधारमा योगदान पुर्याउनु हो।

**कार्यान्वयन प्रक्रियाः**

- यस क्रियाकलाप भन्नाले "समुदायका लागि उच्च मूल्य भएका र जलवायु-अनुकूलित बीउ तथा बेर्नाहरूको विस्तारमा सहयोग" भन्ने बुझ्नु पर्नेछ,
- डिभिजन वन कार्यालयले आवश्यक तयारीका लागि बैठक गर्ने,
- गाउँपालिका/नगरपालिका/वडा कार्यालयका विषयगत शाखा र उप-जलाधार समन्वय समितिसँगको समन्वयमा मरिण जलाधारको प्राथमिकता प्राप्त उप-जलाधारहरुमा पर्ने जलवायु जोखिम र संकटासन्नता घरधुरीहरु पहिचान गर्ने,
- घरधुरीहरु छनोट गर्दा सामाजिक समावेशीताका आधारमा जलवायु जोखिमका हिसाबले संकटासन्ना समुदायका सदस्य (महिला, युवा, अपांगता भएका व्यक्ति, एकल महिला, विपन्न, आदिवासी जनजाति), पिछडिएका वर्ग, जोखिममा रहेका तथा जलवायु तथा आर्थिक संकटबाट बढी प्रभावित व्यक्तिहरूलाई छनोट गर्नुपर्ने छ,

प्रदेश सचिव

- उच्च मूल्य, जलवायु-उत्थानशील किसिमका बिउ/बेर्ना तथा सामग्रीहरुको छनोट गर्दा कृषि विकास कार्यालय/पालिकाको कृषि विकास शाखा/वडा कार्यालयहरुको प्राविधिक सहयोग साथै समुदायको आवश्यकताका आधारमा खरिद गरि उपभोक्ता समिति/सामुदायिक वन/अन्य समूहबाट वितरण गर्ने,
- बिउ/बेर्ना तथा सामग्रीहरुको खरिद गर्दा प्रचलित सार्वजनिक खरिद ऐन, सार्वजनिक खरिद नियमावली, र बजेट कार्यान्वयन सँग सम्बन्धीत संघीय सरकार र बागमती प्रदेश सरकारले जारी गरेका अन्य निर्देशिकाको पालन गर्नु पर्नेछ,
- बिउ र बेर्नाको हेरचाह, सिचाई तथा गोडमेलका लागि कृषि सामग्री (जस्तैः हजारी, गार्डेन पाइप, स्प्रिङ्कल, जैविक विषादी बनाउने ड्रम आदि) उपलब्ध गराउने सकिने छ,
- बिउ/बेर्ना तथा सामग्रीहरुको वितरण गर्नको लागि घरधुरीहरुको आवश्यकता पहिचान गर्ने,
- कार्यान्वयन चरणमा लागत अनुमान तयार, उपभोक्ता समिती वा समूहसंग कार्य सम्झौता, स्रोत साधन बाँडफाँड र जनसहभागिता परिचालन गर्ने,
- बिउ/बेर्नाहरु वितरण गर्ने घरधुरीहरुलाई बिउ/बेर्नाहरु रोपण, हेरचाह र व्यवस्थापनबारे प्राविधिक तालिम/परामर्श/अभिमुखीकरण गर्ने,
- प्राविधिक तालिम/परामर्श/अभिमुखीकरण कृषि विकास कार्यालय/पालिकाको विषयगत शाखा आदि सँग समन्वयमा उपलब्ध गराउने,
- बिउ/बेर्ना तथा सामग्रीहरुको बितरणका क्रममा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan) र गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) का प्रावधानहरु सुनिश्चित गर्ने,
- संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,
- कार्यक्रम कार्यान्वयन गर्नु अगाडी, कार्यक्रम भइरहेका अवस्था र सम्पन्न भएको प्रकृया र अवस्थाको श्रव्य दृश्य (फोटो, भिडियो) अभिलेख राखे,
- डिभिजन वन कार्यालय र परियोजना व्यवस्थापन ईकाईले नियमित रुपमा अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषन गर्नु पर्ने छ,
- प्रतिवेदन तयार तथा तथ्याङ्क सङ्कलन गर्ने।

प्रदेश सचिव

**अपेक्षित उपलब्धिः**

- जलवायुजन्य प्रकोपहरू जस्तै पहिरो, बाढी, खडेरी, र वन डढेलोका विरुद्ध मरिण जलाधारका संकटासन्न घरधुरीहरुको अनुकूलन क्षमता वृद्धि भएको हुने छ ।

**सहयोगी सूचकः**

- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावको लागि अनुकूलनका अभ्यासहरू प्रयोग गर्ने स्थानीय घरधुरीहरुको संख्या।
- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावका सबोधन लागि अनुकूलनका अभ्यासहरूमा ज्ञान र तालिम पाएका स्थानीय घरधुरीहरुको सङ्ख्या ।

## २.१०. निजी क्षेत्र/सहकारीहरूसँगको सहकार्यमा जलवायु-अनुकूलित बीउ तथा बेर्नाहरूको व्यावसायिक उत्पादन/प्रवर्द्धनमा सहयोग (११.४.१७.२१२८)

**2.10. Promotion for commercial production of high value/climate-resilient varieties of seeds and seedlings in collaboration with the private sectors/cooperatives**

**पृष्ठभूमि/परिचयः**

जलवायु परिवर्तनका कारण बाढी, खडेरी, पहिरो लगायतका घटनाहरूको प्रवृत्ति र तीव्रता बढ्दै जाँदा स्थानीय बाली उत्पादन, खाद्य सुरक्षा र जीविकोपार्जनमा गम्भीर असर परेको छ। जलवायु जन्य अनिश्चितता, कीरा तथा रोगको समस्या, उपयुक्त बीउको छनोटमा कमी र कम गुणस्तरीय बीउको प्रयोगले कृषकहरूको उत्पादन र आम्दानी घट्दो छ। अधिकांश कृषकहरू निर्वाहमुखी खेतीमा सीमित छन्, जहाँ उत्पादनको परिमाण र गुणस्तर कम, बजार पहुँच कमजोर र उचित मूल्य पाएका छैनन्। यस्तो अवस्थामा कृषिमा व्यवसायिकरण र जलवायु-अनुकूलित उच्च मूल्यका बालीहरूको प्रवर्द्धन अपरिहार्य भएको छ। यसका लागि गुणस्तरीय, रोग प्रतिरोधी तथा जलवायु-अनुकूलित बीउ तथा बेर्नाको सुनिश्चितता गर्न जरुरी हुन्छ। सरकारको तहबाट मात्र यो पर्याप्त नभएकाले निजी क्षेत्र र सहकारीसँग सहकार्य गरी बीउ तथा बेर्नाको व्यावसायिक उत्पादन र वितरण प्रणाली विकास गर्नु आवश्यक छ, जसले कृषकको आय वृद्धि, बाली विविधीकरण र जलवायु उत्थानशीलता वृद्धि गर्न सहयोग पुऱ्याउनेछ।

**उद्देश्यः**

यस क्रियाकलापको उद्देश्य कृषकहरूको आम्दानी वृद्धि, कृषि प्रणालीको व्यवसायिकरण, तथा जलवायु परिवर्तनको प्रभावबाट सुरक्षित उत्पादन प्रणालीको विकासमा योगदान पुऱ्याउनु हो। यसको लागि, निजी क्षेत्र र सहकारीहरूसँग सहकार्य गरी जलवायु-अनुकूल, रोग प्रतिरोधी र उच्च मूल्यका बीउ/बेर्नाको उत्पादन तथा प्रवर्द्धनलाई सुनिश्चित गर्न योगदान पुऱ्याउने छ।

प्रदेश सचिव

कार्यान्वयन प्रक्रियाः

- यस क्रियाकलाप भन्नाले "निजी क्षेत्र/सहकारीहरूसँगको सहकार्यमा उच्च मूल्य र जलवायु-अनुकूलित बीउ तथा वेर्नाहरूको व्यावसायिक उत्पादन/प्रवर्द्धनमा सहयोग" भन्ने बुझ्नु पर्नेछ,
- भ डिभिजन वन कार्यालयले आवश्यक तयारीका लागि बैठक गर्ने,
- नगर/गाउँपालिकाका विषयगत शाखा/कृषि विकास कार्यालय र उप-जलाधार समन्वय समिति सँगको समन्वयमा मरिण जलाधारको प्राथमिकता प्राप्त उप-जलाधारहरुमा पर्ने जलवायु जोखिम र संकटासन्नता घरधुरीहरुबाट व्यावसायिक खेती गर्न इच्छुक वा गरिरहेका अगुवा कृषक, फर्म, सहकारी आदि पहिचान गर्ने,
- घरधुरीहरु छनोट गर्दा सामाजिक समावेशीताका आधारमा जलवायु जोखिमका हिसाबले संकटासन्न समुदायका सदस्य (महिला, युवा, अपांगता भएका व्यक्ति, एकल महिला, विपन्न, आदिवासी जनजाति), पिछडिएका वर्ग, जोखिममा रहेका तथा जलवायु तथा आर्थिक संकटबाट बढी प्रभावित व्यक्तिहरूलाई छनोट गर्नुपर्ने छ,
- उच्च मूल्य तथा जलवायु-उत्थानशील विउ/वेर्ना सहयोग प्रदान गर्दा प्याकेजमा क्रियाकलाप (जस्तैः प्लास्टिक घर, थोपा सिचाई, किरा छेक्ने जाली, मल्चिंग प्लास्टिक, हाते ट्र्याक्टर, स्प्रेयर, बिउ सहयोग, बालि संरक्षण प्रविधि, क्षमता अभिवृद्धि आदि) पहिचान गर्ने,
- सहयोग प्राप्त गरेका अगुवा कृषक, फर्म, उत्पादित विउ/वेर्ना समुदायमा विस्तार/प्रवर्द्धनमा सहयोग गर्ने,
- बिउ/वेर्ना तथा सामग्रीहरुको खरिद गर्दा प्रचलित सार्वजनिक खरिद ऐन, सार्वजनिक खरिद नियमावली, र बजेट कार्यान्वयन सँग सम्बन्धीत संघीय सरकार र बागमती प्रदेश सरकारले जारी गरेका अन्य निर्देशिकाको पालन गर्नु पर्नेछ,
- प्याकेजमा क्रियाकलाप छनोट गर्दा विषयगत शाखा तथा कार्यालय जस्तै कृषि विकास कार्यालय/पालिकाको विषयगत शाखाको प्राविधिक सहयोगमा खरिद गरि उपभोक्ता समिति/सामुदायिक वन/अन्य समूहबाट वितरण गर्ने,
- कार्यान्वयन चरणमा लागत अनुमान तयार, उपभोक्ता समिती वा समूहसँग कार्य सम्झौता, स्रोत साधन बाँडफाँड र जनसहभागिता परिचालन गर्ने,
- प्राविधिक तालिम/अभिमुखीकरण तथा परामर्श डिभिजन वन कार्यालय/भू तथा जलाधार व्यवस्थापन कार्यालय रामेछाप/कृषि विकास कार्यालय/पालिकाको विषयगत शाखा साथै परियोजना व्यवस्थापन ईकाईले उपलब्ध गराउने,
- उच्च मूल्य तथा जलवायु-उत्थानशील विउ/वेर्ना सहयोग प्याकेजमा प्रदान गर्दा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला



प्रदेश सचिव

संलग्नता योजना (Stakeholders Engagement Plan) र गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) का प्रावधानहरु सुनिश्चित गर्ने,

- संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,
- कार्यक्रम कार्यान्वयन गर्नु अगाडी, कार्यक्रम भइरहेका अवस्था र सम्पन्न भएको प्रकृया र अवस्थाको श्रव्य दृश्य (फोटो, भिडियो) अभिलेख राख्ने,
- डिभिजन वन कार्यालय, भू तथा जलाधार व्यवस्थापन कार्यालय रामेछाप र परियोजना व्यवस्थापन ईकाईले नियमित रुपमा अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषन गर्नु पर्ने छ,
- प्रतिवेदन तयार तथा तथ्याङ्क सङ्कलन गर्ने।

अपेक्षित उपलब्धिः

- जलवायुजन्य प्रकोपहरू जस्तै पहिरो, बाढी, खडेरी र वन डढेलोका विरुद्ध मरिण जलाधारका संकटासन्न घरधुरीहरुको अनुकूलन क्षमता वृद्धि भएको हुने छ ।

सहयोगी सूचकः

- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावको लागि अनुकूलनका अभ्यासहरू प्रयोग गर्ने स्थानीय घरधुरीहरुको संख्या।
- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावका सबोधन लागि अनुकूलनका अभ्यासहरूमा ज्ञान र तालिम पाएका स्थानीय घरधुरीहरुको सङ्ख्या।

## २.११. जलवायु अनुकूलित बीउहरूको विस्तारमा (बीउ उत्पादन, प्रशोधन, प्याकेजिङ्ग आदि) संस्थागत सहयोग (११.४.१७.२१९२)

**2.11. Institutional support to the private/farmers sectors for promotion of the high-value/climate-resilient varieties of seeds (seed production, processing, packaging, and so on)**

पृष्ठभूमि/परिचयः

जलवायु परिवर्तनका कारण बाढी, खडेरी, पहिरो लगायतका घटनाहरूको प्रवृत्ति र तीव्रता बढ्दै जाँदा स्थानीय बाली उत्पादन, खाद्य सुरक्षा र जीविकोपार्जनमा गम्भीर असर परेको छ। जलवायु जन्य अनिश्चितता, कीरा तथा रोगको समस्या, उपयुक्त बीउको छनोटमा कमी र कम गुणस्तरीय बीउको प्रयोगले कृषकहरूको उत्पादन र आम्दानी घट्दो छ। अधिकांश कृषकहरू निर्वाहमुखी खेतीमा सीमित छन्, जहाँ उत्पादनको परिमाण र गुणस्तर कम, बजार पहुँच कमजोर र उचित मूल्य पाएका छैनन्। यस्तो अवस्थामा कृषिमा व्यवसायिकरण र जलवायु-अनुकूलित उच्च मूल्यका बालीहरूको प्रवर्द्धन अपरिहार्य भएको छ। यसका लागि गुणस्तरीय, रोग प्रतिरोधी तथा


प्रदेश सचिव

जलवायु-अनुकूलित बीउ तथा बेर्नाको सुनिश्चितता गर्न जरुरी हुन्छ। सरकारको तहबाट मात्र यो पर्याप्त नभएकाले निजी क्षेत्र र सहकारीसँग सहकार्य गरी बीउ तथा बेर्नाको व्यावसायिक उत्पादन र वितरण प्रणाली विकास गर्नु आवश्यक छ, जसले कृषकको आय वृद्धि, बाली विविधीकरण र जलवायु उत्थानशीलता बृद्धि गर्न सहयोग पुऱ्याउनेछ।

उद्देश्यः

यस क्रियाकलापको उद्देश्य निजी क्षेत्र तथा सहकारी/समूहसँग सहकार्य गरी जलवायु अनुकूलित बीउको उत्पादन, प्रशोधन, प्याकेजिङ्ग र बजारीकरणलाई प्रवर्द्धन गर्नु हो। साथै, यसमार्फत कृषकहरूको आम्दानी वृद्धि, कृषि प्रणालीको व्यवसायीकरण तथा जलवायु परिवर्तनको प्रभावबाट सुरक्षित र दिगो उत्पादन प्रणालीको विकासमा योगदान पुऱ्याउनु रहेको छ।

कार्यान्वयन प्रक्रियाः

- यस क्रियाकलाप भन्नाले "उच्च मूल्य/जलवायु अनुकूलित बीउहरूको विस्तारमा सहयोग (बीउ उत्पादन, प्रशोधन, प्याकेजिङ्ग आदि) का लागि निजी क्षेत्र तथा सहकारी सहयोग" भन्ने बुझ्नु पर्नेछ,
- डिभिजन वन कार्यालय ले आवश्यक तयारीका लागि बैठक गर्ने,
- नगर/गाउँपालिकाका विषयगत शाखा, कृषि विकास कार्यालयर उप-जलाधार समन्वय समिति सँगको समन्वयमा मरिण जलाधारको प्राथमिकता प्राप्त उप-जलाधारहरुमा पर्ने इच्छुक निजी क्षेत्र तथा सहकारी पहिचान गर्ने,
- पहिचान भएका निजी क्षेत्र तथा सहकारीको बीउको उत्पादन, प्रशोधन, प्याकेजिङ्ग र बजारीकरणलाई प्रवर्द्धन गर्नका आवश्यकता पहिचान गर्न र कार्य योजना तयार गरि सहयोग गर्ने,
- सहयोग गर्ने क्रमम सामग्रीहरुको खरिद गर्ने पर्ने भएमा प्रचलित सार्वजनिक खरिद ऐन, सार्वजनिक खरिद नियमावली, र बजेट कार्यान्वयन सँग सम्बन्धीत संघीय सरकार र बागमती प्रदेश सरकारले जारी गरेका अन्य निर्देशिकाको पालन गर्नु पर्नेछ,
- कार्यान्वयन चरणमा लागत अनुमान तयार, निजी क्षेत्र तथा सहकारीसँग कार्य सम्झौता, स्रोत साधन बाँडफाँड र जनसहभागिता परिचालन गर्ने,
- प्राविधिक तालिम/अभिमुखीकरण तथा परामर्श डिभिजन वन कार्यालय/भू तथा जलाधार व्यवस्थापन कार्यालय रामेछाप/कृषि विकास कार्यालय/पालिकाको विषयगत शाखा साथै परियोजना व्यवस्थापन ईकाईले उपलब्ध गराउने,
- सहयोग गर्नु पूर्व वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan) र

प्रदेश सचिव

गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) का प्रावधानहरु सुनिश्चित गर्ने,

- संघीय बन तथा बातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा बातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा बातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,
- कार्यक्रम कार्यान्वयन गर्नु अगाडी, कार्यक्रम भइरहेका अवस्था र सम्पन्न भएको प्रकृया र अवस्थाको श्रव्य दृश्य (फोटो, भिडियो) अभिलेख राख्ने,
- डिभिजन बन कार्यालय, भू तथा जलाधार व्यवस्थापन कार्यालय रामेछाप र परियोजना व्यवस्थापन ईकाईले नियमित रुपमा अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषन गर्नु पर्ने छ,
- प्रतिवेदन तयार तथा तथ्याङ्क सङ्कलन गर्ने।

**अपेक्षित उपलब्धि:**

- जलवायुजन्य प्रकोपहरू जस्तै पहिरो, बाढी, खडेरी र बन डढेलोका विरुद्ध मरिण जलाधारका संकटासन्न घरधुरीहरुको अनुकूलन क्षमता वृद्धि भएको हुने छ ।

**सहयोगी सूचक:**

- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावको लागि अनुकूलनका अभ्यासहरू प्रयोग गर्ने स्थानीय घरधुरीहरुको संख्या।
- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावका सबोधन लागि अनुकूलनका अभ्यासहरूमा ज्ञान र तालिम पाएका स्थानीय घरधुरीहरुको सङ्ख्या।

## २.१२. निजी क्षेत्रसँगको समन्वयमा कृषि उत्पादनका लागि Energy Efficient, लैङ्गिक मैत्री र जलवायु परिवर्तन अनुकूलनका उपयुक्त उपकरण र प्रविधिहरु पहिचान, विकास र वितरणमा सहयोग (११.४.१७.२१३६)

**2.12. Identification, development and distribution of energy-efficient and gender friendly tools for agricultural production in coordination with private sector**

**पृष्ठभूमि/परिचय:**

जलवायु परिवर्तनका प्रभावले प्राकृतिक स्रोत, कृषि, स्वास्थ्य र जीविकोपार्जन प्रणालीमा गम्भीर असर पारेको छ र यसको नकारात्मक प्रभावका कारण समुदायको कठिनाइ बढेको छ। अर्को तर्फ धेरैजसो पुरुषहरू रोजगारीका लागि बाहिर देश वा सहरी क्षेत्रमा केन्द्रित भएकाले कृषि साथै अन्य सामाजिक कार्यहरुमा समेत महिलाहरुको भूमिका तथा जिम्मेवारी धेरै बढेको छ। फलस्वरूप जनजाती तथा स्थानीय समुदायकाहरुको जीविकोपार्जन कठिन बन्दै गैरहेको हालको परिप्रेक्ष्य जलवायु परिवर्तन अनुकूलनका लागि उपयुक्त उपकरण र प्रविधिहरु पहिचान



प्रदेश सचिव

गरी अपनाउनु जरुरी छ। यसै चुनौतीको सामना गर्न निजी क्षेत्रसँगको समन्वयमा जलवायु परिवर्तन अनुकूलन, लैङ्गिक मैत्री, Energy-Efficient उपकरण तथा प्रविधिहरूको पहिचान, विकास र वितरणमा केन्द्रित प्रयास आवश्यक छ। निजी क्षेत्रसँगको सहकार्यले नविनतम उपकरण तथा प्रविधिको बिस्तार तथा प्रभावकारी वितरणले महत्त्वपूर्ण भूमिका खेल्न सक्छ। यस क्रियाकलापले निजी क्षेत्रसँगको समन्वय तथा सहकार्यमा जलवायु परिवर्तन अनुकूलन, लैङ्गिक मैत्री, Energy-Efficient उपकरण तथा प्रविधिहरुमा साना किसान र महिलाको पहुँच सुनिश्चित गर्न मद्दत गर्ने छ।

उद्देश्यः

यस क्रियाकलापको उद्देश्य जलवायु परिवर्तनको असर सामना गर्न सक्षम, दिगो र उत्थानशीलता कृषि प्रणालीका लागि निजी क्षेत्रसँगको समन्वयमा जलवायु अनुकूलन, लैङ्गिक मैत्री, Energy Efficient उपकरण तथा प्रविधिहरूको बिस्तार र प्रभावकारी वितरणलाई प्रवर्द्धन गर्नु हो।

कार्यान्वयन प्रक्रियाः

- डिभिजन वन कार्यालय/भू तथा जलाधार व्यवस्थापन कार्यालयले आवश्यक तयारीका लागि बैठक गर्ने,
- गाउँपालिका/नगरपालिका/वडा कार्यालयका विषयगत शाखा र उप-जलाधार समन्वय समिति सँगको समन्वयमा मरिण जलाधारको प्राथमिकता प्राप्त उप-जलाधारहरुमा पर्ने जलवायु जोखिम र संकटासन्नता घरधुरीहरुको पहिचान गर्ने,
- घरधुरीहरु छनोट गर्दा सामाजिक समावेशीताका आधारमा जलवायु जोखिमका हिसाबले संकटासन्ना समुदायका सदस्य (महिला, युवा, अपांगता भएका व्यक्ति, एकल महिला, बिपन्न, आदिवासी जनजाति), पिछडिएका वर्ग, जोखिममा रहेका तथा जलवायु तथा आर्थिक संकटबाट बढी प्रभावित व्यक्तिहरूलाई छनोट गर्नुपर्ने छ,
- उपयुक्त उपकरण र प्रविधिहरुको छनोट गर्दा "लैङ्गिक मैत्री, Energy Efficient उपकरण तथा प्रविधिहरूको अध्ययन प्रतिवेदन" आधार मानी प्याकेज तयार गर्नु पर्ने छ,
- कार्यान्वयन चरणमा लागत अनुमान तयार, घरधुरी वा समूहसंग कार्य सम्झौता, स्रोत साधन बाँडफाँड र जनसहभागिता परिचालन गर्ने,
- उपकरण तथा प्रविधि खरिद गर्दा लागत अनुमान तयार गरी संघ तथा प्रदेशको प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावधान अनुसार गर्नु पर्नेछ,
- उपकरण तथा प्रविधि सहयोग पश्चात संचालन, मर्मत संभार, व्यवस्थापनबारे प्राविधिक तालिम/परामर्श/अभिमुखीकरण गर्ने,
- प्राविधिक तालिम डिभिजन वन कार्यालय/भू तथा जलाधार व्यवस्थापन कार्यालय रामेछाप/अभिमुखीकरण तथा परामर्श पशु सेवा विज्ञ केन्द्र/कृषि विकास कार्यालय/पालिकाको विषयगत शाखा, निजी क्षेत्र साथै परियोजना व्यवस्थापन ईकाईले उपलब्ध गराउनु पर्ने,

प्रदेश सचिव

- कार्य संचालनका क्रममा क्रममा वातावरणीय र सामाजिक सुरक्षाका अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan) र गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) का प्रावधानहरु सुनिश्चित गर्ने,
- संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,
- कार्यक्रम कार्यान्वयन गर्नु अगाडी, कार्यक्रम भइरहेका अवस्था र सम्पन्न भएको प्रकृया र अवस्थाको श्रव्य दृश्य (फोटो, भिडियो) अभिलेख राख्ने,
- डिभिजन वन कार्यालय/भू तथा जलाधार व्यवस्थापन कार्यालय रामेछाप/परियोजना व्यवस्थापन ईकाईले नियमित रुपमा अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषन गर्नु पर्ने छ,
- प्रतिवेदन तयार तथा तथ्याङ्क सङ्कलन गर्ने।

**अपेक्षित उपलब्धिः**

- जलवायुजन्य प्रकोपहरू जस्तै पहिरो, बाढी, खडेरी, र वन डढेलोका विरुद्ध मरिण जलाधारका संकटासन्न घरधुरीहरुको अनुकूलन क्षमता बृद्धि भएको हुने छ।

**सहयोगी सूचकः**

- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावको लागि अनुकूलनका अभ्यासहरू प्रयोग गर्ने स्थानीय घरधुरीहरुको संख्या।
- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावका सबोधन लागि अनुकूलनका अभ्यासहरूमा ज्ञान र तालिम पाएका स्थानीय घरधुरीहरुको सङ्ख्या।

## २.१३. शक्ति संचय, लैङ्गिक मैत्री र जलवायु परिवर्तन अनुकूलनका उपयुक्त उपकरण र प्रविधिहरुको अभिमुखीकरण (२.६.६.३५९)

### 2.13. Orientation on energy efficient and gender-friendly agricultural tools to the supported HHs

**पृष्ठभूमि/परिचयः**

जलवायु परिवर्तनका प्रभावले प्राकृतिक स्रोत, कृषि, स्वास्थ्य र जीविकोपार्जन प्रणालीमा गम्भीर असर पारेको छ र यसको नकारात्मक प्रभावका कारण समुदायको कठिनाइ बढेको छ। अर्को तर्फ धेरैजसो पुरुषहरू रोजगारीका



प्रदेश सचिव

लागि बाहिर देश वा सहरी क्षेत्रमा केन्द्रित भएकाले कृषि साथै अन्य सामाजिक कार्यहरुमा समेत महिलाहरुको भूमिका तथा जिम्मेवारी धेरै बढेको छ। फलस्वरूप जनजाती तथा स्थानीय समुदायकाहरुको जीविकोपार्जन कठिन बन्दै गैरहेको हालको परिप्रेक्ष्य जलवायु परिवर्तन अनुकूलनका लागि उपयुक्त उपकरण र प्रविधिहरु पहिचान गरी अपनाउनु जरुरी छ। यसै चुनौतीको सामना गर्न निजी क्षेत्रसँगको समन्वयमा जलवायु परिवर्तन अनुकूलन, लैङ्गिक मैत्री, शक्ति संचय (Energy Efficient) उपकरण तथा प्रविधिहरूको पहिचान, विकास र वितरणमा केन्द्रित प्रयास आवश्यक छ। निजी क्षेत्रसँगको सहकार्यले नविनतम उपकरण तथा प्रविधिको विस्तार तथा प्रभावकारी वितरणले महत्त्वपूर्ण भूमिका खेल्न सक्छ। यस क्रियाकलापले जलवायु अनुकूलन, लैङ्गिक मैत्री, Energy-Efficient उपकरण तथा प्रविधिहरूको प्रयोग, मर्मत र दिगो उपयोगका लागि घरधुरी तथा समुदायको क्षमता विकासमा सहयोग गर्नेछ।

उद्देश्यः

यस क्रियाकलापको उद्देश्य जलवायु परिवर्तनको असर सामना गर्न सक्षम, दिगो र उत्थानशीलता कृषि प्रणाली प्रवर्द्धनका लागि जलवायु अनुकूलन, लैङ्गिक मैत्री, शक्ति संचय (Energy Efficient) उपकरण तथा प्रविधिहरू प्राप्त गरेका घरधुरी तथा समुदायहरूलाई उपकरण तथा प्रविधिहरु प्रयोग विधि, नियमित मर्मत तथा दिगो उपयोग सम्बन्धी क्षमता विकास गर्नु हो।

कार्यान्वयन प्रक्रियाः

- डिभिजन वन कार्यालय/भू तथा जलाधार व्यवस्थापन कार्यालयले आवश्यक तयारीका लागि बैठक गर्ने,
- उपकरण तथा प्रविधिहरू प्राप्त गरेका घरधुरी तथा समुदायसँग समन्वय गरि तालिम संचालनका लागि स्थान र मिति तय गर्ने,
- आवश्यक स्रोत सामाग्रीहरुको पूर्व तयारी एवं श्रोत व्यक्ति, अवधारण पत्र, तालिममा छलफल गर्ने विषयवस्तुको तयारी गरी तालिमको तालिका बनाउने,
- तालिम सहजीकरण गर्नको लागि विषय विज्ञ तथा सेवा प्रदायकलाई परिचालन गर्नु पर्ने छ,
- घरधुरी तथा समुदायलाई तालिमको प्रस्तावित मिति, विषयवस्तु र कार्यक्रम सञ्चालन स्थलको बारेमा अग्रिम सूचना र जानकारी दिने,
- तालिम पूर्व (Pre-Test) र पश्चातको (Post-Test) परीक्षा गर्ने,
- तालिम संचालनका क्रममा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan) र गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) का प्रावधानहरु सुनिश्चित गर्ने,

प्रदेश सचिव

- संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), बन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,
- तालिम कार्यान्वयन भइरहेका अवस्था र सम्पन्न भएको प्रकृया र अवस्थाको श्रव्य दृश्य (फोटो, भिडियो) अभिलेख राख्ने,
- तालिम संचालन, खुल्ला छलफल र कार्ययोजना निर्माण गर्ने,
- प्रतिवेदन तयार तथा तथ्याङ्क सङ्कलन गर्ने,
- कार्य योजनाको कार्यान्वयन अवस्थाको अनुगमन र छलफल गर्ने।

**अपेक्षित उपलब्धि:**

- जलवायुजन्य प्रकोपहरू जस्तै पहिरो, बाढी, खडेरी र वन डढेलोका विरुद्ध मरिण जलाधारका संकटासन्न घरधुरीहरुको अनुकूलन क्षमता वृद्धि भएको हुने छ।

**सहयोगी सूचक:**

- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावको लागि अनुकूलनका अभ्यासहरू प्रयोग गर्ने स्थानीय घरधुरीहरुको संख्या।
- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावका सम्बोधन लागि अनुकूलनका अभ्यासहरूमा ज्ञान र तालिम पाएका स्थानीय घरधुरीहरुको सङ्ख्या।

## २.१४. भकारो सुधार (डाले तथा भुईं घाँस सहित) सहयोग (११.६.१.३)

### 2.14. Upgradation of animal sheds for improved management of farmyard manure and stall feeding with fodder support

**पृष्ठभूमि/परिचय:**

मरिण जलाधार क्षेत्र कृषिमा आधारित जीवनशैलीका कारण प्राकृतिक स्रोत साधनहरूको अत्यधिक उपयोग हुँदै आएको छ। तर, परम्परागत कृषि प्रणाली र स्रोतहरूको असंगठित व्यवस्थापनले माटोको उर्वराशक्ति, उत्पादनशीलतामा कमी हुँदै गएको र स्थानीय पर्यावरणीय स्रोत र सेवाहरूको दिगोपनमा असर पुर्याएको छ। जलवायु परिवर्तनका कारण थप चुनौती उत्पन्न भएसँगै, यस्ता समस्याहरूको दीर्घकालीन समाधानका लागि वैज्ञानिक र वातावरणमैत्री कृषि अभ्यासहरूको अवलम्बन अपरिहार्य भएको छ। गोठेमल कृषि प्रणालीको आधारशिला मानिन्छ, तर परम्परागत पद्धतिले गोठेमलको गुणस्तर घट्ने र यसबाट पर्याप्त लाभ लिन नसकिने समस्या विद्यमान छ। त्यस्तै, भुईं र डाले घाँस उत्पादनको कमी तथा अव्यवस्थित पशुपालनका कारण माटो उर्वराशक्ति र उत्पादनशीलतामा नकारात्मक प्रभाव परेको छ। परम्परागत गोठेमल व्यवस्थापनलाई सुधार गरी वैज्ञानिक दृष्टिकोणसहित अगाडि बढाउन सकियो भने यसले उत्पादन वृद्धि, माटोको उर्वराशक्ति सुधार, र वातावरणीय स्रोत र सेवाहरूको दिगो प्रयोगलाई टेवा पुर्याउन सकिन्छ। यस क्रियाकलाप अन्तर्गत भकारो/खोर निर्माण तथा मर्मत, स्टल फिडिङ (Stall Feeding) का लागि डाले र भुईं घाँसको प्रवर्द्धन, चरिचरण क्षेत्रको



प्रदेश सचिव
बागमती प्रदेश सरकार कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय हेटौंडा, नेपाल

संरक्षण, पशु उत्पादकत्व सुधार, गोठेमलको व्यवस्थापन तथा जलवायु उत्थानशील घाँसको प्रयोगले परम्परागत खुला चरिचरण प्रणालीका तुलनामा जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनमा महत्त्वपूर्ण भूमिका खेल्नेछ। गोठेमलको वैज्ञानिक व्यवस्थापन, भकारो सुधार, खोर व्यवस्थापन, डाले र भुईं घाँसको प्रवर्द्धन, तथा बधुवा पशुपालनको सुदृढीकरण जस्ता उपायहरूले मरिण जलाधार क्षेत्रका कृषकहरूको जीवनस्तर सुधार गर्दै दिगो कृषि प्रणाली निर्माणमा टेवा पुर्याउने अपेक्षा गरिएको छ।

उद्देश्यः

यस क्रियाकलापको उद्देश्य मरिण जलाधारको प्राथमिकता प्राप्त उप-जलाधारहरुमा पर्ने जलवायु जोखिम र संकटासन्नता समुदाय/घरधुरीहरुलाई भकारो/खोर निर्माण तथा मर्मत, घाँस व्यवस्थापन कार्यक्रम मार्फत पशुवस्तुको स्वास्थ्यमा सुधार, गुणस्तरीय गोठेमलको उत्पादन तथा प्रयोग मार्फत प्राङ्गारिक मलको उत्पादन, रासायनिक मलको प्रयोग कम गरी कृषि उत्पादनको लागत घटाउने, पशुवस्तुको स्वास्थ्यमा सुधार, स्वच्छ दुध उत्पादन र माटोको उर्वराशक्ती वृद्धि मार्फत समुदायको अनुकूलन क्षमता अभिवृद्धि गर्न सहयोग पुर्याउने हो।

कार्यान्वयन प्रक्रियाः

- यस क्रियाकलाप भन्नाले "गोठेमलको सुधार तथा व्यवस्थापनका लागि भकारो सुधार, डाले तथा भुईं घाँस सहयोग र बधुवा पशुपालन (स्टल फिडिङ) सहयोग" भन्ने बुझ्नु पर्नेछ,
- डिभिजन वन कार्यालय/भू तथा जलाधार व्यवस्थापन कार्यालयले आवश्यक तयारीका लागि बैठक गर्ने,
- गाउँपालिका/नगरपालिका/वडा कार्यालय/पालिकाको विषयगत शाखा र उप-जलाधार समन्वय समिति सँगको समन्वयमा मरिण जलाधारको प्राथमिकता प्राप्त उप-जलाधारहरुमा पर्ने जलवायु जोखिम र संकटासन्नता घरधुरीहरुको पहिचान गर्ने,
- घरधुरीहरु छनोट गर्दा सामाजिक समावेशीताका आधारमा जलवायु जोखिमका हिसाबले संकटासन्न समुदायका सदस्य (महिला, युवा, अपांगता भएका व्यक्ति, एकल महिला, विपन्न, आदिवासी जनजाति), पिछडिएका वर्ग, जोखिममा रहेका तथा जलवायु तथा आर्थिक संकटबाट बढी प्रभावित व्यक्तिहरूलाई छनोट गर्नुपर्ने छ,
- घरधुरी छनोट गर्दा कम्तीमा पनि छनोट गरिएका घरधुरीहरुले पशुपालन जारी राख्ने र पशुपालनको संख्या बढाउने प्रतिवद्धता जनाउनु पर्ने,
- यस क्रियाकलप भित्र कम्तिमा प्राविधिक तालिम तथा परामर्श, भकारो/खोर निर्माण तथा मर्मत (थलो, थलो तथा खोर घेरबार, डुड, पिसाब बग्ने नाला र पिसाब संकलन टंकी, कम्पोस्ट तयार गर्ने खाडल (पिट), कम्पोस्ट तयार गर्ने खाडलमा छानो, पानीको व्यवस्थापन आदि), घाँस व्यवस्थापन (विउ/बेर्ना सहयोग) र घाँसकाट्ने मेसिन आदि प्याकेजमा सहयोग गर्नु पर्ने छ,
- छनोट भएका घरधुरीहरुलाई पशु सेवा कार्यालय/पालिकाको पशु विकास शाखा, डिभिजन वन कार्यालय/भू तथा जलाधार व्यवस्थापन कार्यालय मार्फत प्राविधिक तालिम तथा परामर्श उपलब्ध गराउने,

प्रदेश सचिव

- कार्यान्वयन चरणमा डिजाइन र लागत अनुमान तयार, उपभोक्ता समिती वा समूहसंग कार्य सम्झौता, स्रोत साधन बाँडफाँड र जनसहभागिता परिचालन गर्ने। आवश्यकता अनुसार सेवा प्रदायक वा निर्माण व्यवसायी वा आपूर्तिकर्ता मार्फत कार्यान्वयन गर्न सकनेछ,
- क्रियाकलाप कार्यान्वयन गर्नु अगाडी, कार्यक्रम भइरहेका अवस्था र सम्पन्न भएको प्रकृया र अवस्थाको श्रव्य दृश्य (फोटो, भिडियो) अभिलेख राखे,
- क्रियाकलाप संचालनका क्रममा क्रममा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan) र गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) का प्रावधानहरु सुनिश्चित गर्ने,
- संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,
- डिभिजन वन कार्यालय/भू तथा जलाधार व्यवस्थापन कार्यालय/परियोजना व्यवस्थापन ईकाईले नियमित रुपमा अनुगमन, मुल्यांकन तथा पृष्ठपोषण गर्ने,
- प्रतिवेदन तयार तथा तथ्याङ्क सङ्कलन गर्ने।

**अपेक्षित उपलब्धिः**

- जलवायुजन्य प्रकोपहरू जस्तै पहिरो, बाढी, खडेरी, र वन डढेलोका विरुद्ध मरिण जलाधारका संकटासन्न घरधुरीहरुको अनुकूलन क्षमता वृद्धि भएको हुने छ।

**सहयोगी सूचकः**

- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावको लागि अनुकूलनका अभ्यासहरू प्रयोग गर्ने स्थानीय घरधुरीहरुको संख्या।
- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावका सम्बोधन लागि अनुकूलनका अभ्यासहरूमा ज्ञान र तालिम पाएका स्थानीय घरधुरीहरुको सङ्ख्या।

## २.१५. स्थानीय सरकारको समन्वयमा पशु चिकित्सा/पशुपालन सेवाहरूको सुधार (११.६.९.२८५ र ११.३.२६.६)

**2.15. Improving veterinary/ animal husbandry services in coordination with local government**

प्रदेश सचिव

## पृष्ठभूमि/परिचय:

स्थानीय समुदायहरू आफ्नो जीविकोपार्जनका लागि बन, कृषि, पानी र पशुपालनमा अत्यधिक निर्भर छन्। तर जलवायु परिवर्तनका कारण हुने अत्यधिक वर्षा, खडेरी, बाढी, पहिरो र बन डढेलोले पशु स्वास्थ्य, घाँस, दाना उपलब्धता तथा पशु सेवा पहुँचमा नकारात्मक प्रभाव पारेको छ। मनसुनको समयमा धेरै समुदायहरू सेवा केन्द्रबाट टाढा र अलग हुने भएकाले पशु स्वास्थ्य सेवामा समयमै पहुँच सीमित हुन्छ। यी चुनौतीहरूलाई सम्बोधन गर्न स्थानीय सरकारहरू र पशु सेवा कार्यालय, सिन्धुलीसँग समन्वय गरी पशु स्वास्थ्य तथा पशुपालन सेवाहरू सुदृढ गर्ने उदेश्य राखिएको छ। स्थानीय पशु तथा कृषि सेवा प्रदायकहरूको क्षमता विकास र आवश्यक सामग्री सहयोगले स्थानीय समुदायहरूको पशु सेवा पहुँच सुधार गर्न तथा स्थानीय जीविकोपार्जन सुदृढ गर्न सहयोग पुऱ्याउनेछ।

## उद्देश्य:

यस क्रियाकलापको उद्देश्य स्थानीय सरकार र पशु सेवा कार्यालयको पशु स्वास्थ्य तथा पशुपालन सम्बन्धी अभ्यास र सेवाहरू सुदृढ गर्दै, ती अभ्यास र सेवाहरूमा समुदायहरूको पहुँच सुधार गरी दिगो जीविकोपार्जनमा योगदान पुऱ्याउनु रहेको छ।

## कार्यान्वयन प्रक्रिया:

- डिभिजन वन कार्यालय/भू तथा जलाधार व्यवस्थापन कार्यालयले आवश्यक तयारीका लागि बैठक गर्ने,
- डिभिजन वन कार्यालय/भू तथा जलाधार व्यवस्थापन कार्यालय/परियोजना व्यवस्थापन इकाईले स्थानीय सरकारहरू, कृषि विकास कार्यालय र पशु सेवा कार्यालयलाई सहयोगका लागि छलफल मार्फत आवश्यकता पहिचान गर्ने,
- आवश्यकता पहिचान बमोजिम सहयोगका लागि लागत अनुमान लगाएत अन्य तयारी गर्ने,
- क्रियाकलाप कार्यान्वयन गर्नु अगाडी, क्रियाकलाप भइरहेका अवस्था र सम्पन्न भएको प्रकृया र अवस्थाको श्रव्य दृश्य (फोटो, भिडियो) अभिलेख राख्ने,
- क्रियाकलाप संचालनका क्रममा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan) र गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) का प्रावधानहरु सुनिश्चित गर्ने,
- संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,

प्रदेश सचिव

- डिभिजन वन कार्यालय/भू तथा जलाधार व्यवस्थापन कार्यालय/परियोजना व्यवस्थापन ईकाईले नियमित रुपमा अनुगमन, मुल्यांकन तथा पृष्ठपोषण गर्ने,
- प्रतिवेदन तयार तथा तथ्याङ्क सङ्कलन गर्ने।

**अपेक्षित उपलब्धिः**

- जलवायुजन्य प्रकोपहरू जस्तै पहिरो, बाढी, खडेरी, र वन डढेलोका विरुद्ध मरिण जलाधारका संकटासन्न घरधुरीहरुको अनुकूलन क्षमता वृद्धि भएको हुने छ।

**सहयोगी सूचकः**

- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावको लागि अनुकूलनका अभ्यासहरू प्रयोग गर्ने स्थानीय घरधुरीहरुको संख्या।
- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावका सम्बोधन लागि अनुकूलनका अभ्यासहरूमा ज्ञान र तालिम पाएका स्थानीय घरधुरीहरुको सङ्ख्या।

## २.१६. निजी क्षेत्रसँग समन्वयमा पशु चिकित्सा/पशुपालन सेवाहरूको सुधार (११.६.९.२८३ र ११.३.२६.५)

**2.16. Improving veterinary/animal husbandry services in coordination with private agro/vet sectors**

**पृष्ठभूमि/परिचयः**

स्थानीय समुदायहरू आफ्नो जीविकोपार्जनका लागि वन, कृषि, पानी र पशुपालनमा अत्यधिक निर्भर छन्। तर जलवायु परिवर्तनका कारण हुने अत्यधिक वर्षा, खडेरी, बाढी, पहिरो र वन डढेलोले पशु स्वास्थ्य, घाँस–दाना उपलब्धता तथा पशु सेवा पहुँचमा नकारात्मक प्रभाव पारेको छ। मनसुनको समयमा धेरै समुदायहरू सेवा केन्द्रबाट टाढा र अलग हुने भएकाले पशु स्वास्थ्य सेवामा समयमै पहुँच सीमित हुन्छ। यी चुनौतीहरूलाई सम्बोधन गर्न निजी कृषि/पशु सेवा प्रदायकहरूसँग समन्वय गरी पशु स्वास्थ्य तथा पशुपालन सेवाहरू सुदृढ गर्ने उदेश्य राखिएको छ। स्थानीय पशु तथा कृषि सेवा प्रदायकहरूको क्षमता विकास र आवश्यक सामग्री सहयोगले स्थानीय समुदायहरूको पशु सेवा पहुँच सुधार गर्न तथा स्थानीय जीविकोपार्जन सुदृढ गर्न सहयोग पुर्‍याउनेछ।

**उद्देश्यः**

यस क्रियाकलापको उद्देश्य निजी कृषि/पशु सेवा प्रदायकहरूको पशु स्वास्थ्य तथा पशुपालन सम्बन्धी अभ्यास र सेवाहरू सुदृढ गर्दै, ती अभ्यास र सेवाहरूमा समुदायहरूको पहुँच सुधार गरी दिगो जीविकोपार्जनमा योगदान पुर्‍याउनु रहेको छ।

**कार्यान्वयन प्रक्रियाः**

- डिभिजन वन कार्यालय/भू तथा जलाधार व्यवस्थापन कार्यालयले आवश्यक तयारीका लागि बैठक गर्ने,



प्रदेश सचिव

बागमती प्रदेश सरकार ... हेटौंडा, नेपाल

- डिभिजन वन कार्यालय/भू तथा जलाधार व्यवस्थापन कार्यालय/परियोजना व्यवस्थापन इकाईले निजी कृषि/पशु सेवा प्रदायकहरूलाई सहयोगका लागि छलफल मार्फत आवश्यकता पहिचान गर्ने,
- निजी कृषि/पशु सेवा प्रदायकहरूको छनोट गर्दा मरिण जलाधार क्षेत्रका सेवा प्रदायकहरूलाई प्राथमिकता दिनुपर्ने छ,
- आवश्यकता पहिचान बमोजिम सहयोगका लागि लागत अनुमान लगाएत अन्य तयारी गर्ने,
- क्रियाकलाप कार्यान्वयन गर्नु अगाडी, क्रियाकलाप भइरहेका अवस्था र सम्पन्न भएको प्रकृया र अवस्थाको श्रव्य दृश्य (फोटो, भिडियो) अभिलेख राख्ने,
- क्रियाकलाप संचालनका क्रममा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan) र गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) का प्रावधानहरु सुनिश्चित गर्ने,
- संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,
- डिभिजन वन कार्यालय/भू तथा जलाधार व्यवस्थापन कार्यालय/परियोजना व्यवस्थापन ईकाईले नियमित रुपमा अनुगमन, मुल्यांकन तथा पृष्ठपोषण गर्ने,
- प्रतिवेदन तयार तथा तथ्याङ्क सङ्कलन गर्ने।

**अपेक्षित उपलब्धिः**

- जलवायुजन्य प्रकोपहरू जस्तै पहिरो, बाढी, खडेरी, र वन डढेलोका विरुद्ध मरिण जलाधारका संकटासन्न घरधुरीहरुको अनुकूलन क्षमता वृद्धि भएको हुने छ।

**सहयोगी सूचकः**

- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावको लागि अनुकूलनका अभ्यासहरू प्रयोग गर्ने स्थानीय घरधुरीहरुको संख्या।
- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावका सम्बोधन लागि अनुकूलनका अभ्यासहरूमा ज्ञान र तालिम पाएका स्थानीय घरधुरीहरुको सङ्ख्या।

प्रदेश सचिव

## २.१७. स्थानीय पशु चिकित्सा/पशुपालन सेवा प्रदायक प्राविधिक परिचालन (११.६.१.५)

**2.17. Mobilization of the local veterinary/animal husbandry services provider technician**

### पृष्ठभूमि/परिचयः

स्थानीय समुदायहरू आफ्नो जीविकोपार्जनका लागि पशुपालनमा निर्भर छन् तर बाढी, पहिरो, खडेरी र अत्यधिक वर्षाजस्ता जलवायुजन्य विपद्का कारण समयमै पशु स्वास्थ्य तथा पशुपालन सेवामा पहुँच सीमित छ। यसले पशु स्वास्थ्य र उत्पादन क्षमतामा नकारात्मक असर पार्दछ। यसै सन्दर्भमा, स्थानीय पशु स्वास्थ्य तथा पशुपालन सेवा नियमित प्रदान गर्न स्थानीय पशु चिकित्सा/पशुपालन सेवा प्रदायक प्राविधिकहरूको परिचालन आवश्यक छ, जसले समुदायस्तरमै समयमै र सहज पशु स्वास्थ्य सेवा उपलब्ध गराउन मद्दत गर्छ। यसले पशु स्वास्थ्य सेवाहरू सुदृढ गर्दै पशुपालन व्यवस्थापन सुधार गर्न तथा स्थानीय सरकार, निजी सेवा प्रदायक र किसानहरूबीच समन्वय बढाई दिगो र उत्थानशील पशुपालन प्रणाली विकास गर्न योगदान पुऱ्याउनेछ।

### उद्देश्यः

यस क्रियाकलापको उद्देश्य स्थानीय पशु स्वास्थ्य तथा पशुपालन प्राविधिकहरूको परिचालनमार्फत समुदायस्तरमा सहज र समयमै सेवा प्रवाह सुनिश्चित गर्दै, स्थानीय सरकार, सेवा प्रदायक र किसानबीच समन्वय सुदृढ गरी दिगो र उत्थानशील पशुपालन प्रणाली विकासमा योगदान पुऱ्याउनु रहेको छ।

### कार्यान्वयन प्रक्रियाः

- स्थानीय पशु चिकित्सा/पशुपालन सेवा प्रदायक प्राविधिक भन्नाले समुदायमा SLC/SEE पास गरी कृषि/पशुपालन/प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी कार्य गरिरहेको जनशक्तिलाई बुझिनेछ।
- डिभिजन वन कार्यालय/भू तथा जलाधार व्यवस्थापन कार्यालयले प्राविधिक परिचालन सम्बन्धी तयारी बैठक आयोजना गर्ने,
- प्राविधिकहरूको कार्य, जिम्मेवारी, न्यूनतम योग्यता, अनुभव तथा सेवा सर्त समेटी कार्यक्षेत्रगत सेवाका शर्तहरू (ToR) तयार गरी स्वीकृत गरिनेछ,
- स्वीकृत ToR, प्रचलित सार्वजनिक खरिद ऐन/नियम, दररेट तथा नर्म्सका आधारमा लागत अनुमान तयार गरी स्वीकृत गरिनेछ,
- स्वीकृत ToR र लागत अनुमान अनुसार सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम सेवा खरिद प्रक्रिया अगाडि बढाई प्राविधिक नियुक्ति/परामर्श सेवा खरिद गरिनेछ,
- छनोट भएका प्राविधिकहरू कमलामाई नगरपालिका, घ्याङलेख गाउँपालिका, हरिहरपुरगढी गाउँपालिका र मरिण गाउँपालिकामा संचालित परियोजनाका क्रियाकलापहरू कार्यान्वयन, अनुगमन र प्रतिवेदन तयारीका लागि परिचालन गरिनेछ,
- प्राविधिकहरूलाई भदौ देखि असार सम्म आंशिक समय (Part-time basis) मा परिचालन गरिनेछ,

प्रदेश सचिव

- प्राविधिक परिचालन गर्दा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan) र गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) का प्रावधानहरु सुनिश्चित गर्ने,
- संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,
- डिभिजन वन कार्यालय/भू तथा जलाधार व्यवस्थापन कार्यालय/परियोजना व्यवस्थापन ईकाईले नियमित रुपमा कामको अनुगमन, मुल्यांकन तथा पृष्ठपोषण गर्ने,
- प्रतिवेदन तयार तथा तथ्याङ्क सङ्कलन गर्ने।

**अपेक्षित उपलब्धि:**

- जलवायुजन्य प्रकोपहरू जस्तै पहिरो, बाढी, खडेरी, र वन डढेलोका विरुद्ध मरिण जलाधारका संकटासन्न घरधुरीहरुको अनुकूलन क्षमता वृद्धि भएको हुने छ।

**सहयोगी सूचक:**

- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावको लागि अनुकूलनका अभ्यासहरू प्रयोग गर्ने स्थानीय घरधुरीहरुको संख्या।
- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावका सम्बोधन लागि अनुकूलनका अभ्यासहरूमा ज्ञान र तालिम पाएका स्थानीय घरधुरीहरुको सङ्ख्या।

## २.१८. स्थानीय पशुपन्छीको नश्ल सुधार तथा व्यवस्थापनमा सहयोग (११.६.१.६)

### 2.18. Promotion of improved local breeds and their management

मरिण जलाधार क्षेत्रमा अधिकांश समुदायहरुको आम्दानीको स्रोत मध्य पशुपालन एक हो। समुदायले पशुपालनमा नश्ल सुधार भएका गाई, भैंसी, बाख्रा, भेंडा, सुँगुर, कुखुरा आदि पालन गर्दा खाद्य तथा पोषण सुरक्षा साथै आम्दानीमा वृद्धि भई जीवनस्तरमा सुधार आउछ। यद्यपि पछिल्ला दशकहरूमा उत्पादन र रोग प्रतिरोधात्मक क्षमतामा कमी, अव्यवस्थित चरिचरण आदि जस्ता कारणले नश्ल मिसावट तथा प्रविधिको न्यून प्रयोगका कारण यी नश्लहरू कमजोर बन्दै गएका छन् र कतिपय त लोप हुने अवस्थामा पुगेका छन्। जलवायु परिवर्तन, प्राविधिक ज्ञानको कमी र नश्ल व्यवस्थापनमा संस्थागत कमजोरीका कारण थप चुनौती सिर्जना गरिरहेको छ, जसले दीगो पशुपालन प्रणालीलाई असर पार्ने देखिन्छ। तसर्थः स्थानीय नश्लहरूको वैज्ञानिक संरक्षण, सुधार र व्यवस्थापन मार्फत आयमुखी पशुपालन प्रणाली विकास गर्नु आवश्यक देखिन्छ।



प्रदेश सचिव

## उद्देश्यः

यस क्रियाकलापले स्थानीय पशुपन्छीको नश्ल संरक्षण, सुधार र व्यवस्थापन मार्फत उत्पादनमुखी र आयमुलक पशुपालन प्रणाली विकास गरी ग्रामीण समुदायको खाद्य सुरक्षा, पोषण र जीविकोपार्जनमा दिगो योगदान पुऱ्याउने छ ।

## कार्यान्वयन प्रक्रियाः

- डिभिजन वन कार्यालय/भू तथा जलाधार व्यवस्थापन कार्यालयले आवश्यक तयारीका लागि बैठक गर्ने,
- गाउँपालिका/नगरपालिका/वडा कार्यालय र उप-जलाधार स्तरीय समन्वय समिति सँगको समन्वयमा मरिण जलाधारको प्राथमिकता प्राप्त उप-जलाधारहरुमा पर्ने जलवायु जोखिम र संकटासन्न घरधुरीहरुको पहिचान गर्ने,
- घरधुरीहरु छनोट गर्दा सामाजिक समावेशीताका आधारमा जलवायु जोखिमका हिसाबले संकटासन्न समुदायका सदस्य (महिला, युवा, अपांगता भएका व्यक्ति, एकल महिला, विपन्न, आदिवासी जनजाति), पिछडिएका वर्ग, जोखिममा रहेका तथा जलवायु तथा आर्थिक संकटबाट बढी प्रभावित व्यक्तिहरूलाई छनोट गर्नुपर्ने छ,
- नश्ल सुधारको लागि घरधुरी वा पकेट क्षेत्र छनोट गर्दा पशु-चौपायाको लैङ्गिक अनुपात, प्राविधिक सम्भाव्यता, घरधुरीहरुले पशुपालन जारी राख्ने र संख्या वृद्धि गर्ने प्रतिवद्धता जनाउनु पर्ने,
- घरधुरी/कृषि तथा पशुपालन फर्म/समूह आदिले नश्लसुधारको लागि माग गर्दा अनिवार्य रुपमा पशु-चौपायाको लैङ्गिक अनुपात विवरण खुलाई नगर/गाउँपालिकाको विषयगत शाखाबाट सिफारिस लिनु पर्ने,
- नश्लसुधारको लागि ब्याड बोका, राँगा, पाडी आदि सहयोग गर्दा नेपाल सरकारका अनुसन्धान केन्द्र वा नेपाल सरकारबाट इजाजत प्राप्त स्रोतकेन्द्र, फर्म, सहकारी आदिबाट खरिद र पशु चिकित्सकले सिफारिस गरेको निरोगी प्रमाणपत्र अनिवार्य हुनु पर्ने,
- नश्लसुधारको लागि सहयोग गर्दा स्थानीय भूगोल सुहाउँदो/पर्यावरणीय सहनशीलता, समुदायले रुचाएको, प्रजनन क्षमता र वंशावली रेकर्ड राम्रो भएका ब्याड बोका/राँगा/बंगुर आदि हुनु पर्ने,
- कृत्रिम गर्भाधान सामग्री/पूर्वाधारमा सहयोग गर्दा नेपाल सरकारले तोकेको मापदण्ड र तालिमको हकमा नेपाल सरकारले तोकेको वा इजाजत दिएका अनुसन्धान केन्द्र/स्रोत केन्द्र/फर्मको समन्वयमा गर्नु पर्ने,
- छनोट भएका घरधुरीहरुलाई पशु सेवा कार्यालय/नगरपालिकाको पशु विकास शाखा/डिभिजन वन कार्यालय/भू तथा जलाधार व्यवस्थापन कार्यालय रामेछाप मार्फत अभिमुखीकरण तथा परामर्श उपलब्ध गराउने,
- यस क्रियाकलाप संचालन गर्दा आवश्यकता अनुसार प्राविधिक कर्मचारी/परामर्श सेवा खरिद प्रचलित नियम बमोजिम परिचालन गर्न सकिनेछ,
- क्रियाकलाप कार्यान्वयन गर्नु अगाडी, कार्यक्रम भइरहेका अवस्था र सम्पन्न भएको प्रकृया र अवस्थाको श्रव्य दृश्य (फोटो, भिडियो) अभिलेख राख्ने,



प्रदेश सचिव

- क्रियाकलाप संचालनका क्रममा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan) र गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) का प्रावधानहरु सुनिश्चित गर्ने,
- संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,
- डिभिजन वन कार्यालय, भू तथा जलाधार व्यवस्थापन कार्यालय र परियोजना व्यवस्थापन ईकाईले नियमित रुपमा अनुगमन, मुल्यांकन तथा पृष्ठपोषण गर्ने,

अपेक्षित उपलब्धिः

- जलवायुजन्य प्रकोपहरू जस्तै पहिरो, बाढी, खडेरी, र वन डढेलोका विरुद्ध मरिण जलाधारका संकटासन्न घरधुरीहरुको अनुकूलन क्षमता वृद्धि भएको हुने छ।

सहयोगी सूचकः

- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावको लागि अनुकूलनका अभ्यासहरू प्रयोग गर्ने स्थानीय घरधुरीहरुको संख्या।
- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावका सम्बोधन लागि अनुकूलनका अभ्यासहरूमा ज्ञान र तालिम पाएका स्थानीय घरधुरीहरुको सङ्ख्या।

## २.१९. निजी क्षेत्र/सरकारी निकायका प्राविधिकहरूलाई कृत्रिम गर्भाधान (AI) तालिम तथा उपकरण सहयोग (११.६.९.२८४)

### 2.19 Artificial insemination (AI) training to technicians from private sector/government agencies and equipment support

हाल नेपालमा मासु, दूध तथा दुग्धजन्य पदार्थको माग निरन्तर बढिरहेको छ। यस मागलाई पूर्ति गर्न देशभित्र रहेका पशुधनको नस्ल सुधार अत्यावश्यक भएको छ, जसका लागि कृत्रिम गर्भाधान (Artificial Insemination – AI) एक प्रभावकारी र वैज्ञानिक विकल्प हो। कृत्रिम गर्भाधानमार्फत उन्नत नस्लका बाछाबाछी उत्पादन गर्न, प्रजननसम्बन्धी रोगहरूको संक्रमण न्यूनीकरण गर्न, साँढे पाल्नुपर्ने बाध्यता हटाउन तथा दुर्गम क्षेत्रमा समेत उन्नत पशु उत्पादन गर्न सकिन्छ। साथै, उत्कृष्ट गुण भएका भाले पशुको वीर्य सुरक्षित भण्डारण गरी दीर्घकालसम्म प्रयोग गर्न सकिने भएकाले न्यून लागतमा ठूलो संख्यामा गुणस्तरीय सन्तान उत्पादन सम्भव



प्रदेश सचिव

हुन्छ, जसले दूध उत्पादन वृद्धि र पशुपालन व्यवसायको व्यावसायीकरणमा महत्वपूर्ण योगदान पुऱ्याउँछ। यद्यपि, कृत्रिम गर्भाधान उपयुक्त समयमा, सही विधिबाट र दक्ष प्राविधिकद्वारा गरिनु आवश्यक हुन्छ। नेपालका ग्रामीण क्षेत्रमा दक्ष जनशक्तिको अभावका कारण यसको प्रभावकारिता अपेक्षित स्तरमा पुग्न नसकेको सन्दर्भमा निजी तथा सरकारी क्षेत्रका प्राविधिकहरूको क्षमता अभिवृद्धिका लागि कृत्रिम गर्भाधान (AI) तालिम तथा आवश्यक उपकरण सहयोग कार्यक्रम सञ्चालन गर्न लागिएको हो।

उद्देश्यः

पशुधनको नस्ल संरक्षण, सुधार तथा व्यवस्थापनमार्फत मासु, दूध तथा दुग्धजन्य पदार्थको उत्पादन वृद्धि गर्दै ग्रामीण समुदायको खाद्य तथा पोषण सुरक्षा, साथै जीविकोपार्जनमा दिगो योगदान पुऱ्याउन निजी तथा सरकारी क्षेत्रका प्राविधिकहरूको कृत्रिम गर्भाधान (AI) सम्बन्धी प्राविधिक क्षमता अभिवृद्धि गरी गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गर्नु।

कार्यान्वयन प्रक्रियाः

- डिभिजन वन कार्यालय/भू तथा जलाधार व्यवस्थापन कार्यालयले आवश्यक तयारीका लागि बैठक गर्ने,
- पशु सेवा कार्यालय, गाउँपालिका/नगरपालिका सँगको समन्वयमा तालिम तथा उपकरण सहयोग सहभागी छनोट गर्ने,
- सहभागीहरु निजी तथा सरकारी क्षेत्रका दर्तावाला पशु चिकित्सक तथा प्राविधिक हुनुपर्ने छ,
- प्रशिक्षण केन्द्र छनोट गर्दा नेपाल सरकारद्वारा संचालित वा मान्यता प्राप्त कृत्रिम गर्भाधान तालिम/ प्रशिक्षण केन्द्र छनोट गर्नुपर्नेछ,
- यस शीर्षक बजेट रकम प्याकेजमा सहभागीको यातायात, आवास, खाना तथा खाजा, उपकरण, सामग्री, दैनिक भ्रमण भत्ता तथा अन्य सुविधा खर्च गर्न सकिने छ,
- क्रियाकलाप संचालनका क्रममा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan) र गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) का प्रावधानहरु सुनिश्चित गर्ने,
- संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,
- डिभिजन वन कार्यालय, भू तथा जलाधार व्यवस्थापन कार्यालय र परियोजना व्यवस्थापन ईकाईले नियमित रुपमा अनुगमन, मुल्यांकन तथा पृष्ठपोषण गर्ने,

प्रदेश सचिव

**अपेक्षित उपलब्धि:**

- जलवायुजन्य प्रकोपहरू जस्तै पहिरो, बाढी, खडेरी, र वन डढेलोका विरुद्ध मरिण जलाधारका संकटासन्न घरधुरीहरुको अनुकूलन क्षमता बृद्धि भएको हुने छ।

**सहयोगी सूचक:**

- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावको लागि अनुकूलनका अभ्यासहरू प्रयोग गर्ने स्थानीय घरधुरीहरुको संख्या।
- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावका सम्बोधन लागि अनुकूलनका अभ्यासहरूमा ज्ञान र तालिम पाएका स्थानीय घरधुरीहरुको सङ्ख्या।

## २.२०. मत्स्य पालन विकास (११.६.१.४)

### 2.20. Fishery development as a physical barrier to flooding

**पृष्ठभूमि/परिचय:**

मत्स्यपालन केवल आम्दानीको स्रोत र पोषण सुरक्षा सुनिश्चित गर्ने उपाय मात्र होइन, यो जलवायु परिवर्तनका चुनौतीहरूसँग अनुकूलन हुन समेत प्रभावकारी भूमिका खेल्छ। विशेषगरी, वर्षामा सतहमा बग्ने पानीलाई पोखरीमा सङ्कलन गरि बाढीका घटनाहरूलाई न्यून गर्न र सङ्कलीत पानीबाट मत्स्यपालन जस्ता जीविकोपार्जनका उपाय गर्न सकिन्छ, जसले समुदायको आम्दानीमा वृद्धि र बाढी जस्ता प्रकोपलाई नियन्त्रणमा महत्वपूर्ण भूमिका खेल्न सक्छ। यस क्रियाकलापले बाढी व्यवस्थापन, जलधारिया स्रोतको संरक्षण, जैविक विविधता संरक्षण, दिगो जीविकोपार्जन प्रवर्द्धन मार्फत समुदायको जीविकोपार्जनका स्रोत र सम्पत्तिहरूमा जलवायुजन्य जोखिमहरू जस्तैः पहिरो, बाढी, खडेरी र वन डढेलोको असर कम गर्दै, मरिण जलाधारका संकटासन्न घरधुरीहरूको अनुकूलन क्षमता वृद्धि गर्न सहयोग गर्ने छ।

**उद्देश्य:**

यस क्रियाकलापले जोखिम र संकटासन्नता घरधुरीहरुको मत्स्यपालन मार्फत जीविकोपार्जन र आयमा योगदान पुऱ्याउँछ। साथै, वर्षामा सतहमा बग्ने पानीलाई सङ्कलन गरी बाढी व्यवस्थापनलाई प्रभावकारी बनाउने, भू-क्षय कम गर्ने, पानी पुनरभरण, प्रवाहलाई नियन्त्रण र माटोको ओसिलोपनामा सुधार, जैविक विविधता र वातावरणीय सेवाहरू निरन्तर प्रवाहमा योगदान पुर्याउनेछ।

**कार्यान्वयन प्रक्रिया:**

- भू तथा जलाधार व्यवस्थापन कार्यालय/डिभिजन वन कार्यालयले आवश्यक तयारीका लागि बैठक गर्ने,
- गाउँपालिका/नगरपालिका/वडा कार्यालय र उप-जलाधार स्तरीय समन्वय समिति सँगको समन्वय तथा सहकार्यमा मरिण जलाधारको प्राथमिकता प्राप्त उप-जलाधारहरु भित्र क्षेत्र पहिचान गर्ने,



प्रदेश सचिव

बागमती प्रदेश सरकार ... हेटौंडा, नेपाल

- क्षेत्र छनोट गर्दा पोखरी र त्यसको जलाधार क्षेत्र, जलविज्ञान (Hydrology), माटोको गुणस्तर, बाढीको आवृत्ति, भूगोल, सामाजिक प्रभाव र स्थानीय समुदायको जीविकोपार्जनमा योगदान आदि जस्ता पक्षलाई आधार बनाउनु पर्ने छ,
- क्रियाकलाप कार्यान्वयन हुने क्षेत्रका स्थानीय समुदाय तथा घरधुरीलाई कार्यक्रमको उद्देश्य, फाइदा, दीर्घकालीन असर, काम, कर्तव्य आदिबारे अभिमुखीकरण गर्ने,
- क्रियाकलाप तय गर्दा प्रकृतिमा आधारित समाधानका उपायहरू प्याकेजमा मत्स्यपालन पोखरी, माछा प्रजातिको छनोट, पोखरीको वरीपरी छेकबार, पोखरी डीलमा हरियाली विकास वा माछालाई खुवाउन प्रयोग गरिने बाली तथा फलफुल, पोखरी र त्यसको जलाधार क्षेत्रको पानी व्यवस्थापन आदि क्रियाकलापहरुको पहिचान गर्ने,
- माछापाल्ने पोखरीको डील खास गरी एक वा दुई बर्षिय फलफुलका जातहरु जस्तै केरा, मेवा आदि, एक वा दुई बर्षिय घाँसका बेर्ना जस्तै नेपिएर, किम्बु आदि आवश्यकता अनुसार लगाउन पर्ने छ,
- क्रियाकलाप कार्यान्वयन चरणमा डिजाइन र लागत अनुमान तयार, उपभोक्ता समिती वा समूहसंग कार्य सम्झौता, स्रोत साधन बाँडफाँड र जनसहभागिता परिचालन गर्ने,
- निर्माण कार्य गर्नका लागि आवश्यकता अनुसार सम्बन्धीत विषय विशेषज्ञ वा सेवा प्रदायक वा निर्माण व्यवसायी वा आपूर्तिकर्ता मार्फत कार्य क्षेत्रगत शर्त (ToR, Terms of Reference) र लागत अनुमान तयार गरी स्वीकृत गरी संघ तथा प्रदेशको प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावधान अनुसार गर्न सकिने छ,
- क्रियाकलाप स्थलमा परियोजनाको विस्तृत विवरण जस्तै निर्माण स्थल, निर्माण शुरु र सम्पन्न मिति, लाभान्वित घरधुरी, लागत, समुदायको योगदान, सम्भावित जोखिम आदि खुल्ने गरी अनिवार्यरुपमा होर्डिङ बोर्ड/सूचना पाटी राख्नु पर्ने,
- मत्स्यपालन तथा माछा प्रजातिको छनोटका प्राविधिक, व्यवस्थापन र दिगोपनका पक्षहरु गाउँपालिका/नगरपालिका/वडा कार्यालयको मत्स्य विकास शाखा र पशु सेवा कार्यालयसँगको समन्यव गर्नु पर्ने छ,
- कार्यक्रम कार्यान्वयन गर्नु अगाडी, कार्यक्रम भइरहेका अवस्था र सम्पन्न भएको प्रकृया र अवस्थाको श्रव्य दृश्य (फोटो, भिडियो) अभिलेख राख्ने,
- क्रियाकलाप संचालनका क्रममा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan) र गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) का प्रावधानहरु सुनिश्चित गर्ने,

प्रदेश सचिव

- संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,
- भू तथा जलाधार व्यवस्थापन कार्यालय/डिभिजन वन कार्यालय/परियोजना व्यवस्थापन ईकाईले नियमित रुपमा अनुगमन, मुल्यांकन तथा पृष्ठपोषन गर्ने,
- प्रतिवेदन तयार तथा तथ्याङ्क सङ्कलन गर्ने।

**अपेक्षित उपलब्धिः**

- जलवायुजन्य प्रकोपहरू जस्तै पहिरो, बाढी, खडेरी, र वन डढेलोका विरुद्ध मरिण जलाधारका संकटासन्न घरधुरीहरुको अनुकूलन क्षमता वृद्धि भएको हुने छ।

**सहयोगी सूचकः**

- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावको लागि अनुकूलनका अभ्यासहरू प्रयोग गर्ने स्थानीय घरधुरीहरुको संख्या।
- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावका सम्बोधनका लागि अनुकूलनका अभ्यासहरूमा ज्ञान र तालिम पाएका स्थानीय घरधुरीहरुको सङ्ख्या।

## २.२१. सिचाई कुलो निर्माण, संरक्षण र स्तर उन्नति (११.४.१५.५१)

### 2.21. Renovation/ upgrading of existing irrigation canals/systems for enhanced climate resilience and water efficiency

**पृष्ठभूमि/परिचयः**

जलवायु परिवर्तनका कारण वर्षा प्रणालीमा आएको अनियमितता, अत्यधिक वर्षा वा लामो समयसम्मको खडेरीका कारण घरेलु तथा सिंचाईकालागि पानीको आपूर्तिमा घट्दो क्रममा छ। यसले स्थानीय नदी, खोल्साहरू सुक्ने, प्राकृतिक मुहानहरू सुक्ने, तथा खानेपानी र सिंचाइको अभाव झनै बढ्दो छ। मरिण जलाधार क्षेत्रका धेरै ठाउँमा पानीको अभाव रहेको छ। साथै, यस क्षेत्रमा रहेका समुदायहरुको जीविकोपार्जन कृषिमा आधारित रहेको हुँदा पानीको अभावले झनै असर गर्ने देखिन्छ। फलस्वरूपः पानीको घट्दो आपूर्तिले, सिंचाइमा अभाव, कृषि उत्पादनमा कमि, माटोको उर्वरा शक्ति क्षेयिकरण साथै पशुपालनमा समेत असर गर्ने र दीर्घकालीन रूपमा जीविकोपार्जनमा प्रतिकूल प्रभाव पर्न सक्छ। यस्ता समस्याहरूको दीर्घकालीन समाधानका र पानीको किफायती प्रयोगको लागि सिचाई कुलो निर्माण, संरक्षण र स्तर उन्नति तय गरिएको छ। यस क्रियाकलापले जलवायुजन्य जोखिम न्यूनीकरण गर्ने र स्थानीय कृषि प्रणालीलाई सुदृढ एवं दिगो बनाउदै समुदायको उत्थानशीलता वृद्धिमा सहयोग पुर्याउने छ।

प्रदेश सचिव

उद्देश्यः

जलवायु उत्थानशीलता वृद्धि र पानीको किफायती प्रयोग सुनिश्चित गर्न सिचाई कुलो निर्माण, संरक्षण र स्तर उन्नति कार्यान्वयन गरिनेछ। यसले जलवायुजन्य जोखिमहरू न्यूनीकरण गर्दै कृषि प्रणालीमा सुधार, उत्पादकत्वको वृद्धि र स्थानीय समुदायको जीविका र जीवनस्तर सुधारमा योगदान पुऱ्याउनेछ।

कार्यान्वयन प्रक्रियाः

- यस क्रियाकलाप भन्नाले "जलवायु उत्थानशीलता र पानीको किफायती प्रयोगको लागि सिचाई कुलो निर्माण, संरक्षण र स्तर उन्नति" बुझ्नु पर्नेछ।
- भू तथा जलाधार व्यवस्थापन कार्यालय/डिभिजन वन कार्यालयले आवश्यक तयारीका लागि बैठक गर्ने,
- गाउँपालिका/नगरपालिका/वडा कार्यालय र उप-जलाधार स्तरीय समन्वय समितिसँगको समन्वय तथा सहकार्यमा मरिण जलाधारको प्राथमिकता प्राप्त उप-जलाधारहरु भित्र क्षेत्र पहिचान गर्ने,
- सिचाई कुलो निर्माण, संरक्षण र स्तर उन्नति गर्दा पानी प्रयोग गर्ने स्थान, सिँचाइ कूलोको माथि तथा तलको पाखा र कूलोको नजिकको जलाधार क्षेत्र अनुगमन गर्ने र प्याकेजमा क्रियाकलापहरु छनोट गर्ने,
- क्रियाकलाप कार्यान्वयनका लागि पहिचान भएका क्षेत्रका स्थानीय समुदाय तथा घरधुरीलाई कार्यक्रमको उद्देश्य, फाइदा, दीर्घकालीन असर, काम, कर्तव्य आदिबारे अभिमुखीकरण गर्ने,
- क्रियाकलाप कार्यान्वयन चरणमा डिजाइन र लागत अनुमान तयार गरी उप-जलाधार स्तरीय समन्वय समितीको सहजीकरणमा उपभोक्ता समिती/समूह/सामुदायिक वन बिच कार्य सम्झौता, श्रोत साधन बाँडफाँड र जनसहभागिता परिचालन गर्ने,
- निर्माण कार्य गर्नका लागि आवश्यकता अनुसार सम्बन्धीत विषय विशेषज्ञ वा सेवा प्रदायक वा निर्माण व्यवसायी वा आपूर्तिकर्ता मार्फत कार्य क्षेत्रगत शर्त (ToR, Terms of Reference) र लागत अनुमान तयार गरी स्वीकृत गरी संघ तथा प्रदेशको प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावधान अनुसार गर्न सकिने छ,
- कार्यक्रम स्थलमा परियोजनाको विस्तृत विवरण जस्तै निर्माण स्थल, निर्माण शुरु र सम्पन्न मिति, लाभान्वित घरधुरी, लागत, समुदायको योगदान, जोखिम आदि खुल्ने गरी अनिवार्यरुपमा होर्डिङ बोर्ड/सूचना पाटी राख्नु पर्ने,
- निर्माण गर्नु अगाडी, निर्माण भईरहेको र सम्पन्न भएको अवस्थाको श्रव्य दृश्य (फोटो, भिडियो) अभिलेख राख्ने,
- कार्य संचालनका क्रममा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना



प्रदेश सचिव

बागमती प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय हेटौंडा, नेपाल

(Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan) का प्रावधानहरु सुनिश्चित गर्ने,

- संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,
- भू तथा जलाधार व्यवस्थापन कार्यालय/डिभिजन वन कार्यालय/परियोजना व्यवस्थापन ईकाईले नियमित रुपमा अनुगमन, मुल्यांकन तथा पृष्ठपोषन गर्ने,
- प्रतिवेदन तयार तथा तथ्याङ्क सङ्कलन गर्ने।

**अपेक्षित उपलब्धि:**

- जलवायुजन्य प्रकोपहरू जस्तै पहिरो, बाढी, खडेरी, र वन डढेलोका विरुद्ध मरिण जलाधारका संकटासन्न घरधुरीहरुको अनुकूलन क्षमता वृद्धि भएको हुने छ।
- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावको लागि अनुकूलनका अभ्यासहरू प्रयोग गर्ने स्थानीय घरधुरीहरुको संख्या।

**सहयोगी सूचक:**

- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावको लागि अनुकूलनका अभ्यासहरू प्रयोग गर्ने स्थानीय घरधुरीहरुको संख्या।

## २.२२. लिफ्ट खानेपानी प्रविधिहरूको स्थापना तथा ड्रिप र स्प्रिंकलर प्रविधिको प्रवर्द्धन (११.४.१५.४९)

**2. 22. Water lifting technologies and promotion of drip and sprinkler**

**पृष्ठभूमि/परिचय:**

मरिण जलाधार क्षेत्रमा तापक्रम र वर्षामा आएको उतार-चढावका कारण मौसमी पानीको अभाव देखिएको छ, जसले विशेषगरी संवेदनशील समुदायहरूको खाद्य सुरक्षा, कृषि, पशुपालन र खानेपानी आपूर्तिमा नकारात्मक असर पारेको छ।जाडो याम थप सुख्खा हुँदै गएकोले पानी अभावसँग सम्बन्धीत समस्याहरू अझ गम्भीर बन्दै गएका छन्।त्यसैगरी, धेरै स्थानमा बस्तीहरू माथिल्लो भागमा र पानीका मुहानहरू तल्लो भागमा रहेका कारण समुदायहरूको पानी पहुँच सीमित भएको छ, जसले कृषि, पशुपालन तथा खानेपानी आपूर्तिमा थप चुनौती सिर्जना गरेको छ।

यी समस्याहरू समाधान गर्न विभिन्न जलवायु अनुकूल प्रविधि तथा अभ्यासहरूको कार्यान्वयन आवश्यक देखिन्छ। पानी लिफ्ट गर्ने प्रविधिको प्रयोग तथा ड्रिप र स्प्रिंकलर सिंचाइ प्रविधिको प्रवर्द्धनले कृषि, पशुपालन र खानेपानी आपूर्तिमा समुदायको पहुँच सहज बनाउन सहयोग पुर्‍याउँछ।यी प्रविधिहरूले सीमित पानीको अधिकतम र



प्रदेश सचिव

प्रभावकारी उपयोग सुनिश्चित गर्दै बाली उत्पादन वृद्धि गर्न मद्दत गर्छन्। विशेषगरी पानी अभाव हुने क्षेत्रमा यस्ता प्रविधिले सिँचाइमा लाग्ने श्रम र लागत घटाउनुका साथै समयको बचत पनि गराउँछन्। यसले कृषि उत्पादनलाई जलवायु परिवर्तनका असरबाट जोगाउँदै दिगो र उत्थानशील कृषि प्रणाली विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँछ।

उद्देश्यः

यस क्रियाकलापको उद्देश्य मरिण जलाधार क्षेत्रमा पानी अभाव कम गर्दै कृषि, पशुपालन र खानेपानीमा समुदायको पहुँच सुधार गर्न पानी लिफ्ट गर्ने प्रविधि तथा ड्रिप र स्प्रिंकलर सिँचाइ प्रविधिको प्रवर्द्धन गरी सीमित पानीको प्रभावकारी उपयोग, उत्पादन वृद्धि र जलवायु उत्थानशील कृषि प्रणाली विकासमा योगदान पुऱ्याउनु हो।

कार्यान्वयन प्रक्रिया:

- भू तथा जलाधार व्यवस्थापन कार्यालय/डिभिजन वन कार्यालयले आवश्यक तयारीका लागि बैठक गर्ने,
- गाउँपालिका/नगरपालिका/वडा कार्यालय र उप-जलाधार स्तरीय समन्वय समिति सँगको समन्वय तथा सहकार्यमा मरिण जलाधारको प्राथमिकता प्राप्त उप-जलाधारहरु भित्र क्षेत्र पहिचान गर्ने,
- पानी लिफ्ट गर्ने प्रविधि तथा ड्रिप र स्प्रिंकलर सिँचाइ प्रविधिको प्रवर्द्धनको लागि स्थल चयन गर्दा, प्रमुख पक्षहरुमा पानीको उपलब्धता र गुणस्तर, जलविज्ञानको अवस्था, भौगोलिक स्थिती र मुलाधार क्षेत्रहरूको मूल्याङ्कन गर्नु पर्दछ। साथै, सामाजिक, सांस्कृतिक पक्षहरू, जस्तै समुदायको सहभागिता, पारिस्थितिकी प्रणालीमा असर आदि विषयलाई ध्यान दिनुपर्छ ।
- क्रियाकलाप कार्यान्वयनका लागि पहिचान भएका क्षेत्रका स्थानीय समुदाय तथा घरधुरीलाई कार्यक्रमको उद्देश्य, फाइदा, दीर्घकालीन असर, काम, कर्तव्य आदिबारे अभिमुखीकरण गर्ने,
- क्रियाकलापहरु तय गर्दा प्रकृतिमा आधारित समाधान, वनस्पतिक तथा संरचानात्मक उपायहरू प्याकेजमा समेट्ने गरि तय गर्नु पर्ने छ,
- क्रियाकलाप कार्यान्वयन चरणमा डिजाइन र लागत अनुमान तयार गरी उप-जलाधार स्तरीय समन्वय समितीको सहजीकरणमा उपभोक्ता समिती/समूह/सामुदायिक वन सँग कार्य सम्झौता, श्रोत साधन बाँडफाँड र जनसहभागिता परिचालन गर्ने,
- आवश्यकता अनुसार सम्बन्धीत विषय विशेषज्ञ वा सेवा प्रदायक वा निर्माण व्यवसायी वा आपूर्तिकर्ता मार्फत कार्य क्षेत्रगत शर्त (ToR, Terms of Reference) र लागत अनुमान तयार गरी स्वीकृत गरी संघ तथा प्रदेशको प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावधान अनुसार गर्न सकिने छ,
- क्रियाकलाप गर्नु अगाडी, भईरहेको र सम्पन्न भएको अवस्थाको श्रव्य दृश्य (फोटो, भिडियो) अभिलेख राखे,



प्रदेश सचिव

- कार्यक्रम स्थलमा परियोजनाको विस्तृत विवरण जस्तै निर्माण स्थल, निर्माण शुरु र सम्पन्न मिति, लाभान्वित घरधुरी, लागत, समुदायको योगदान, जोखिम आदि खुल्ने गरी अनिवार्य रुपमा होर्डिङ बोर्ड/सूचना पाटी राख्नु पर्ने,
- कार्य संचालनका क्रममा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan) र गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) का प्रावधानहरु सुनिश्चित गर्ने,
- संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,
- भू तथा जलाधार व्यवस्थापन कार्यालय/डिभिजन वन कार्यालय/परियोजना व्यवस्थापन ईकाईले नियमित रुपमा अनुगमन, मुल्यांकन तथा पृष्ठपोषन गर्ने,
- प्रतिवेदन तयार तथा तथ्याङ्क सङ्कलन गर्ने।

अपेक्षित उपलब्धिः

- जलवायुजन्य प्रकोपहरू जस्तै पहिरो, बाढी, खडेरी, र वन डढेलोका विरुद्ध मरिण जलाधारका संकटासन्न घरधुरीहरुको अनुकूलन क्षमता वृद्धि भएको हुने छ।

सहयोगी सूचकः

- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावको लागि अनुकूलनका अभ्यासहरू प्रयोग गर्ने स्थानीय घरधुरीहरुको संख्या।
- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावका सम्बोधन लागि अनुकूलनका अभ्यासहरूमा ज्ञान र तालिम पाएका स्थानीय घरधुरीहरुको सङ्ख्या।

## २.२३. पानीका स्रोत/मुहानहरु पुनर्स्थापना र संरक्षण (११.४.१५.५०)

### 2. 23. Restoration and protection of water sources /springs for irrigation and domestic purposes

पृष्ठभूमि/परिचयः

मरिण जलाधार क्षेत्रमा तापक्रम र वर्षाका उतार-चढावले मौसमी पानीको अभाव सिर्जना गरेको छ, जसले विशेष गरी संवेदनशील समुदायहरूका लागि खाद्य सुरक्षा माथि नकारात्मक प्रभाव पारेको छ। जाडोको मौसम थप



प्रदेश सचिव

सुक्खा भएको छ, जसले पानीको अभावसँग सम्बन्धीत समस्याहरूलाई झन बढी गम्भीर बनाएको छ। तापक्रम बढ्दै जाँदा र वर्षा विशेषगरी पिउने पानीका लागि महत्त्वपूर्ण जाडो र मनसुनपछि वर्षा घट्दै जानुका कारण, स्थानीय समुदायहरूले घरायसी प्रयोग र कृषि लागि पानीको अभावसँग संघर्ष गरिरहेका छन्। महिलाहरू र केटाकेटिहरु विशेष गरी प्रभावित भएका छन्, किनकि उनीहरूको पानी ल्याउने मुख्य जिम्मेवारी हुन्छ। यस समस्यालाई अझ गम्भीर बनाउने काम यहाँको भुगर्भीय संरचना र भौगोलिक स्थितीले गरेको छ। यी चुनौतीहरू समाधान गर्नका लागि, पानीका स्रोतहरूको संरक्षण र पुनर्स्थापनाले पानीको उपलब्धता बढाउनेछ, जसले पिउने पानी, सिँचाइ र अन्य घरायसी आवश्यकता पूरा गर्न मद्दत पुर्याउनेछ।

उद्देश्यः

यस क्रियाकलापको उद्देश्य सिँचाइ र घरेलु प्रयोजनका लागि पानीका स्रोतहरू/मुहानहरूको पुनर्स्थापना र संरक्षणका माध्यमबाट पानीको उपलब्धता बढाउँदै खाद्य सुरक्षा सुधार, कृषि उत्पादनमा वृद्धि र महिलाहरूको कार्यबोझ जस्ता समस्याहरूलाई समाधान गर्दै स्थानीय समुदायको उत्थानशीलता वृद्धिमा सहयोग पुर्याउनु हो।

कार्यान्वयन प्रक्रियाः

- यस क्रियाकलाप भन्नाले "सिँचाइ र घरेलु प्रयोजनका लागि पानीका स्रोत/मुहानहरु पुनर्स्थापना र संरक्षण" बुझ्नु पर्नेछ।
- भू तथा जलाधार व्यवस्थापन कार्यालय/डिभिजन वन कार्यालयले आवश्यक तयारीका लागि बैठक गर्ने,
- गाउँपालिका/नगरपालिका/वडा कार्यालय र उप-जलाधार स्तरीय समन्वय समिति सँगको समन्वय तथा सहकार्यमा मरिण जलाधारको प्राथमिकता प्राप्त उप-जलाधारहरु भित्र क्षेत्र पहिचान गर्ने,
- पानीका स्रोत पुनर्स्थापना वा संरक्षणको लागि स्थल चयन गर्दा, प्रमुख पक्षहरुमा पानीको उपलब्धता र गुणस्तर, जलविज्ञानको अवस्था, भौगोलिक स्थिती र मुलाधार क्षेत्रहरूको मूल्याङ्कन गर्नु पर्दछ। साथै, सामाजिक, सांस्कृतिक र कानूनी पक्षहरू, जस्तै समुदायको सहभागिता, पारिस्थितिकी प्रणालीमा असर र पानीको स्रोत दर्ता आदि विषयलाई ध्यान दिनुपर्छ ।
- क्रियाकलाप कार्यान्वयनका लागि पहिचान भएका क्षेत्रका स्थानीय समुदाय तथा घरधुरीलाई कार्यक्रमको उद्देश्य, फाइदा, दीर्घकालीन असर, काम, कर्तव्य आदिबारे अभिमुखीकरण गर्ने,
- क्रियाकलापहरु तय गर्दा प्रकृतिमा आधारित समाधान, वनस्पतिक तथा संरचानात्मक उपायहरू प्याकेजमा पानीको मुहान (मूल), यसको जलाधार क्षेत्र तथा वितरण प्रणालीलाई समेट्ने गरि तय गर्नु पर्ने छ,
- क्रियाकलाप कार्यान्वयन चरणमा डिजाइन र लागत अनुमान तयार गरी उप-जलाधार स्तरीय समन्वय समितीको सहजीकरणमा उपभोक्ता समिती/समूह/सामुदायिक वन सँग कार्य सम्झौता, श्रोत साधन बाँडफाँड र जनसहभागिता परिचालन गर्ने,

प्रदेश सचिव

बागमती प्रदेश सरकार ... हेटौंडा, नेपाल

- आवश्यकता अनुसार सम्बन्धीत विषय विशेषज्ञ वा सेवा प्रदायक वा निर्माण व्यवसायी वा आपूर्तिकर्ता मार्फत कार्य क्षेत्रगत शर्त (ToR, Terms of Reference) र लागत अनुमान तयार गरी स्वीकृत गरी संघ तथा प्रदेशको प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावधान अनुसार गर्न सकिने छ,
- क्रियाकलाप गर्नु अगाडी, भईरहेको र सम्पन्न भएको अवस्थाको श्रव्य दृश्य (फोटो, भिडियो) अभिलेख राखे,
- कार्यक्रम स्थलमा परियोजनाको विस्तृत विवरण जस्तै निर्माण स्थल, निर्माण शुरु र सम्पन्न मिति, लाभान्वित घरधुरी, लागत, समुदायको योगदान, जोखिम आदि खुल्ने गरी अनिवार्य रुपमा होर्डिङ बोर्ड/सूचना पाटी राखु पर्ने,
- कार्य संचालनका कममा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan) र गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) का प्रावधानहरु सुनिश्चित गर्ने,
- संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,
- भू तथा जलाधार व्यवस्थापन कार्यालय/डिभिजन वन कार्यालय/परियोजना व्यवस्थापन ईकाईले नियमित रुपमा अनुगमन, मुल्यांकन तथा पृष्ठपोषन गर्ने,
- प्रतिवेदन तयार तथा तथ्याङ्क सङ्कलन गर्ने।

अपेक्षित उपलब्धिः

- जलवायुजन्य प्रकोपहरू जस्तै पहिरो, बाढी, खडेरी, र वन डढेलोका विरुद्ध मरिण जलाधारका संकटासन्न घरधुरीहरुको अनुकूलन क्षमता वृद्धि भएको हुने छ।

सहयोगी सूचकः

- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावको लागि अनुकूलनका अभ्यासहरू प्रयोग गर्ने स्थानीय घरधुरीहरुको संख्या।
- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावका सम्बोधन लागि अनुकूलनका अभ्यासहरूमा ज्ञान र तालिम पाएका स्थानीय घरधुरीहरुको सङ्ख्या।



प्रदेश सचिव

## २.२४. भूमिगत पानी संकलन र वितरण (११.४.१५.५२)

**2.24. Sub-surface water harvesting and distribution**

**पृष्ठभूमि/परिचयः**

जलवायु परिवर्तनका कारण वर्षा प्रणालीमा आएको अनियमितता, अत्यधिक वर्षा वा लामो समयसम्मको खडेरीका कारण सतही तथा भूमिगत पानीको सतह घट्दो क्रममा छ। यसले स्थानीय नदी, खोल्सा तथा मुहानहरू सुक्ने साथै खानेपानी र सिँचाइको अभाव झनै बढ्दो अवस्थामा छ। मरिण जलाधार क्षेत्रका धेरै ठाउँमा पानीको अभाव रहेको छ। चुरे-भावर हुँदै बग्ने धेरै नदीहरु हिउँदमा सुख्खा हुने हुँदा भूमिगत जलको सतह र यसका आसपासका क्षेत्रमा घट्न जान्छ। कारणवशः यस जलाधार क्षेत्रमा बसोबास गर्ने समुदायका लागि पानीको आपूर्ति घट्ने, सिँचाइ अभावले कृषि उत्पादन घट्ने, पशुपालनमा असर पर्ने र दीर्घकालीन रूपमा जीविकोपार्जनमा प्रतिकूल प्रभाव पर्न सक्छ। यसले पानीको संकट, खाद्य असुरक्षा र आर्थिक कठिनाइ बढाउन सक्छ। नदीनाला तथा यसका नजिकका ठाउँमा कम गहिराइमा रहेका भूमिगत जल क्षेत्र पहिचान गरी पानीको आपूर्ति गर्ने प्रयोजनार्थ भूमिगत जल क्षेत्रको पानी संकलन र सिंचाई मार्फत वितरण क्रियाकलाप तय गरिएको हो। यस क्रियाकलापले विभिन्न जलवायुजन्य प्रकोपहरूलाई व्यवस्थापन गर्दै, पानीको अभावको समस्यालाई समाधान गर्ने र समुदायहरूको उत्थानशील क्षमता निर्माणमा महत्वपूर्ण योगदान पुर्याउनेछ।

**उद्देश्यः**

यस क्रियाकलापको उद्देश्य भूमिगत पानीको प्रयोग मार्फत पानीको उपलब्धतामा वृद्धि, वितरणमा सुधार गर्दै खेतीयोग्य जमिनमा सिचाई पहुँच, उत्पादन र उत्पादकत्व वृद्धि गर्ने रहेको छ।

**कार्यान्वयन प्रक्रियाः**

- भू तथा जलाधार व्यवस्थापन कार्यालय/डिभिजन वन कार्यालयले आवश्यक तयारीका लागि बैठक गर्ने,
- गाउँपालिका/नगरपालिका/वडा कार्यालय र उप-जलाधार स्तरीय समन्वय समिति सँगको समन्वय तथा सहकार्यमा मरिण जलाधारको प्राथमिकता प्राप्त उप-जलाधारहरु भित्र क्षेत्र पहिचान गर्ने,
- भूमिगत जल क्षेत्रको पानी संकलन र वितरणकालागि सिँचाइ कुलो निर्माण गर्दा भूमीगत पानी प्रयोग गर्ने स्थान, सिँचाइ कूलोको उपल्लो, मध्य र तल्लो क्षेत्र र कूलोको नजिकको जलाधार क्षेत्र अनुगमन गरी प्याकेजमा क्रियाकलापहरु छनोट गर्ने,
- सुख्खा समयमा (फागुन देखि वैशाखसम्म) भूमिगत पानी प्रयोग हुने स्थानमा पानीको सतह कति गहिराइमा रहन्छ र त्यहाँको सिँचाइ क्षेत्रको भौगोलिक अवस्था (जस्तैः उचाइ) को अध्ययन गर्ने,
- क्रियाकलाप कार्यान्वयनका लागि पहिचान भएका क्षेत्रका स्थानीय समुदाय तथा घरधुरीलाई कार्यक्रमको उद्देश्य, फाइदा, दीर्घकालीन असर, काम, कर्तव्य आदिबारे अभिमुखीकरण गर्ने,
- क्रियाकलाप कार्यान्वयन चरणमा डिजाइन र लागत अनुमान तयार गरी उप-जलाधार स्तरीय समन्वय समितीको सहजीकरणमा उपभोक्ता समिती/समूह/सामुदयिक वन सँग कार्य सम्झौता, श्रोत साधन बाँडफाँड र जनसहभागिता परिचालन गर्ने,



प्रदेश सचिव

- आवश्यकता अनुसार सम्बन्धीत विषय विशेषज्ञ वा सेवा प्रदायक वा निर्माण व्यवसायी वा आपूर्तिकर्ता मार्फत कार्य क्षेत्रगत शर्त (ToR, Terms of Reference) र लागत अनुमान तयार गरी स्वीकृत गरी संघ तथा प्रदेशको प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावधान अनुसार गर्न सकिने छ,
- निर्माण गर्नु अगाडी, निर्माण भईरहेको र सम्पन्न भएको अवस्थाको श्रव्य दृश्य (फोटो, भिडियो) अभिलेख राख्ने,
- संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,
- परियोजना व्यवस्थापन ईकाईले नियमित रुपमा अनुगमन, मुल्यांकन तथा पृष्ठपोषन गर्ने,
- कार्यक्रम स्थलमा परियोजनाको विस्तृत विवरण जस्तै निर्माण स्थल, निर्माण शुरु र सम्पन्न मिति, लाभान्वित घरधुरी,लागत, समुदायको योगदान, जोखिम आदि खुल्ने गरी अनिवार्यरुपमा होर्डिङ बोर्ड/सूचना पाटी राखु पर्ने,
- कार्य संचालनका क्रममा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan) र गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) का प्रावधानहरु सुनिश्चित गर्ने,
- प्रतिवेदन तयार तथा तथ्याङ्क सङ्कलन गर्ने।

**अपेक्षित उपलब्धि:**

- जलवायुजन्य प्रकोपहरू जस्तै पहिरो, बाढी, खडेरी, र वन डढेलोका विरुद्ध मरिण जलाधारका संकटासन्न घरधुरीहरुको अनुकूलन क्षमता वृद्धि भएको हुने छ।
- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावको लागि अनुकूलनका अभ्यासहरू प्रयोग गर्ने स्थानीय घरधुरीहरुको संख्या।

**सहयोगी सूचक:**

- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावको लागि अनुकूलनका अभ्यासहरू प्रयोग गर्ने स्थानीय घरधुरीहरुको संख्या।

प्रदेश सचिव

## २.२५. स्थानीय समुदायलाई जलवायु-अनुकूलित उपकरण, प्रविधि तथा अभ्यास; व्यवसायिक कृषि र पशुपन्छी पालन र पानी व्यवस्थापन तालिम (२.६.४.५२२)

**2.25. Train local communities on climate-adaptive technologies and practices in agriculture including commercial farming, livestock management and water management in support of activities 2.1.1.1, 2.1.1.2 and 2.1.1.3**

पृष्ठभूमि/परिचयः

मरिण परियोजना कार्यन्वयन हुने कमलामाई नगरपालिका, मरिण, हरिहरपुरगढी र घ्याङलेख गाउँपालिका जलवायु परिवर्तनका कारण संवेदनशील क्षेत्र हो, जहाँ बाढी, खडेरी, बन डडेलो, जमिन कटान र पहिरो जस्ता समस्या बारम्बार देखिन्छन्। कृषि तथा पशुपन्छी पालनमा निर्भर समुदायको जीविका र जीविकोपार्जन जोखिममा परिरहेको सन्दर्भमा मरिण परियोजनाले जलवायु उत्थानशीलता वृद्धि गर्न समुदायलाई जलवायु-अनुकूलित औजार, प्रविधि र अभ्यास, व्यावसायिक कृषि तथा पशुपालन, र दिगो पानी व्यवस्थापनबारे व्यवहारिक ज्ञान अनि क्षमता अभिवृद्धिको लागि विभिन्न क्षमता अभिवृद्धिका कार्यक्रम गर्नु पर्ने देखिन्छ। यसरी तालिम मार्फत समुदायको सीप सुदृढ गरिनुका साथै उनीहरूलाई वातावरणमैत्री, दिगो र आयमुखी कृषि प्रणालीमा आकर्षित गराई जलवायु उत्थानशील जीवनयापनका आधारहरू मजबुत बनाइनेछ। साथै, दीगो पानी व्यवस्थापन तथा जल स्रोत संरक्षणमा सामुदायिक सहभागिता बढाई स्थानीय स्रोतहरूको संरक्षण र उपयोगलाई सुदृढ बनाउने प्रयास गरिने छ। यस सशक्तीकरण तालिमको माध्यमबाट, स्थानीय समुदायमा जलवायु परिवर्तनका ज्ञान, प्रविधि र अभ्यासहरूको प्रभावकारी विस्तार गर्न सक्षम हुनेछन्। यसले जलवायु परिवर्तनका प्रभावहरूसँग जुध्न र दिगो जीविकोपार्जनमा महत्वपूर्ण योगदान पुर्याउनेछ।

उद्देश्यः

यस क्रियाकलापको उद्देश्य समुदायको जलवायु अनुकूलन प्रविधि, अभ्यास, व्यावसायिक कृषि, पशुपालन र पानी व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि गर्दै अनुकूलित जीविकोपार्जन र जीविकामा योगदान पुर्याउनु हो।

कार्यान्वयन प्रक्रियाः

- डिभिजन वन कार्यालय/भू तथा जलाधार व्यवस्थापनले आवश्यक तयारीका लागि बैठक गर्ने,
- गाउँपालिका/नगरपालिका/उप-जलाधार स्तरीय समन्वय समिति र प्राविधिक संस्थाहरू सँग समन्वय गरि तालिम संचालनका लागि स्थान र मिति तय गर्ने,
- आवश्यक स्रोत सामाग्रीहरुको पूर्व तयारी एवं श्रोत व्यक्ति, अवधारण पत्र, तालिममा छलफल गर्ने विषयवस्तुको तयारी गरी तालिमको तालिका बनाउने,
- आवश्यक स्रोत सामग्री तयार गर्दा परियोजना दस्तावेज, अध्ययन प्रतिवेदन, स्थानीय आवश्यकता पहिचान र लक्षित समूह/क्षेत्रहरूको आवश्यकताहरुलाई आधार बनाउनु पर्ने छ,
- तालिम सहजीकरण गर्नको लागि सम्भावित विषय विज्ञ तथा स्रोत व्यक्तिहरुको रोस्टर तयार र अद्यावधिक गर्नु पर्ने,



प्रदेश सचिव

- स्थानीय समुदाय/सहभागी र प्राविधिक संस्थाहरूलाई तालिमको प्रस्तावित मिति, विषयवस्तु र कार्यक्रम सञ्चालन स्थलको बारेमा अग्रिम सूचना र जानकारी दिने,
- तालिमका सहभागी छनोट गर्दा महिला, आदिवासी र स्थानीय समुदायलाई प्राथमिकता दिनु पर्ने छ, जसमध्य महिलाको सहभागीता ५०% सुनिश्चित गर्नु पर्ने छ,
- तालिम पूर्व (Pre-Test) र पश्चातको (Post-Test) परीक्षा गर्ने,
- तालिम संचालनका क्रममा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan) र गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) का प्रावधानहरु सुनिश्चित गर्ने,
- संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,
- तालिम कार्यान्वयन भइरहेका अवस्था र सम्पन्न भएको प्रकृया र अवस्थाको श्रव्य दृश्य (फोटो, भिडियो) अभिलेख राख्ने,
- तालिम संचालन, खुल्ला छलफल र कार्ययोजना निर्माण गर्ने,
- प्रतिवेदन तयार तथा तथ्याङ्क सङ्कलन गर्ने,
- कार्य योजनाको कार्यान्वयन अवस्थाको अनुगमन र छलफल गर्ने।

अपेक्षित उपलब्धिः

- जलवायुजन्य प्रकोपहरू जस्तै पहिरो, बाढी, खडेरी र वन डढेलोका विरुद्ध मरिण जलाधारका संकटासन्न घरधुरीहरुको अनुकूलन क्षमता वृद्धि भएको हुने छ।

सहयोगी सूचकः

- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावको लागि अनुकूलनका अभ्यासहरू प्रयोग गर्ने स्थानीय घरधुरीहरुको संख्या।
- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावका सम्बोधन लागि अनुकूलनका अभ्यासहरूमा ज्ञान र तालिम पाएका स्थानीय घरधुरीहरुको सङ्ख्या।

प्रदेश सचिव

## २.२६. मन्त्रालय अन्तर्गतका कार्यालय प्रमुख खर्च केन्द्र तथा लैङ्गिक सम्पर्क व्यक्तिहरुका लागि GEDSI and Safeguards २ दिने कार्यशाला गोष्ठी (२.६.६.३५५)

**2.26. A two-day workshop on GEDSI and safeguards for office/cost center chiefs and gender focal persons**

**पृष्ठभूमि/परिचयः**

विगतको तुलनामा हाल वन क्षेत्रमा कार्यरत सरकारी, सहकारी, सामुदायिक, निजी तथा विकास साझेदार संस्थाहरूमा महिला, अपाङ्गता भएका व्यक्ति एवं सिमान्तकृत समुदायको प्रतिनिधित्व क्रमशः बढ्दै गएको छ। तथापि, वन क्षेत्रसँग सम्बन्धीत विद्यमान ऐन, नियम, संरचना, कार्यक्रम तथा दैनन्दिन व्यवहारमा GEDSI तथा Safeguards का विषयहरू पर्याप्त मात्रामा आन्तरिकीकरण तथा मूलप्रवाहीकरण हुन सकेको पाईदैन। यसै सन्दर्भमा कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय अन्तर्गतका कार्यालय प्रमुख, खर्च केन्द्र तथा लैङ्गिक सम्पर्क व्यक्तिहरूका लागि GEDSI तथा Safeguards विषयक कार्यशाला गोष्ठी आयोजना गर्ने तयारी गरिएको हो। उक्त कार्यशाला गोष्ठीले वन तथा वातावरण क्षेत्रका कार्यक्रमहरूको कार्यान्वयनमा लैङ्गिक समानता, अपाङ्गतामैत्री अभ्यास, सामाजिक समावेशीकरण तथा संरचनागत प्रावधानहरूलाई थप सुदृढ र प्रभावकारी रूपमा संस्थागत गर्ने लक्ष्य राखेको छ। यसका साथै, नीतिगत सुधार, संस्थागत सुदृढीकरण, क्षमता अभिवृद्धि, समावेशी योजना तर्जुमा, उत्तरदायी बजेट विनियोजन तथा प्रभावकारी अनुगमन-मूल्याङ्कन प्रणालीको विकासका लागि ठोस र कार्यान्वयनयोग्य उपायहरू प्रस्ताव गर्ने अपेक्षा राखिएको छ।

**उद्देश्यः**

वन तथा वातावरण क्षेत्रमा कार्यरत मन्त्रालय अन्तर्गतका कार्यालय प्रमुख, खर्च केन्द्र तथा लैङ्गिक सम्पर्क व्यक्तिहरूको GEDSI तथा Safeguards सम्बन्धी ज्ञान, क्षमता र संस्थागत बुझाइ अभिवृद्धि गर्दै सम्बन्धीत ऐन, नियम, कार्यक्रम तथा दैनन्दिन कार्यव्यवहारमा लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा अपाङ्गतामैत्री प्रावधानहरूको प्रभावकारी मूलप्रवाहीकरण सुनिश्चित गर्नु।

**कार्यान्वयन प्रक्रियाः**

- कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय, हेटौंडाले आवश्यक तयारीका लागि बैठक गर्ने,
- मन्त्रालयले कार्यालय प्रमुख, खर्च केन्द्र तथा लैङ्गिक सम्पर्क व्यक्तिहरू छनोट गर्ने र तालिम संचालनका लागि स्थान र मिति तय गर्ने,
- आवश्यक स्रोत सामाग्रीहरुको पूर्व तयारी एवं श्रोत व्यक्ति, अवधारण पत्र, तालिममा छलफल गर्ने विषयवस्तुको तयारी गरी तालिमको तालिका बनाउने,
- आवश्यक स्रोत सामग्री तयार गर्दा वन तथा वातावरण क्षेत्रको लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण रणनीति तथा कार्यान्वयन योजना (२०८२–२०९१), सम्बन्धीत GEDSI तथा सेफगाड्र्स नीतिहरू, विभिन्न अध्ययन प्रतिवेदनहरू तथा मन्त्रालयको आवश्यकता पहिचानलाई आधार बनाउनु पर्नेछ,

प्रदेश सचिव

- तालिम सहजीकरण गर्नको लागि सम्भावित विषय विज्ञ तथा स्रोत व्यक्तिहरुको रोस्टर तयार र अध्यावधिक गर्नु पर्ने,
- यस तालिम संचालन गर्दा बजेट रकम सहभागी भत्ता, प्रशिक्षण भत्ता, समन्वय भत्ता, स्टेशनरी, तालिम सामग्री, सेसन फि, हेन्डआउट बापत, खाना तथा खाजा, यातायात खर्च, इन्धन, हलभाडा, प्रचार-प्रसार सामग्री, प्रतिवेदन लेखन लगायतमा खर्च गर्न सकिनेछ,
- तालिम पूर्व (Pre-Test) र पश्चातको (Post-Test) परीक्षा गर्ने,
- तालिम संचालनका क्रममा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan) र गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) का प्रावधानहरु सुनिश्चित गर्ने,
- संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,
- तालिम कार्यान्वयन भइरहेका अवस्था र सम्पन्न भएको प्रकृया र अवस्थाको श्रव्य दृश्य (फोटो, भिडियो) अभिलेख राख्ने,
- तालिम संचालन, खुल्ला छलफल र कार्ययोजना निर्माण गर्ने,
- प्रतिवेदन तयार तथा तथ्याङ्क सङ्कलन गर्ने,
- कार्य योजनाको कार्यान्वयन अवस्थाको अनुगमन र छलफल गर्ने।

**अपेक्षित उपलब्धि:**

- प्रकृतिमा आधारित समाधानका उपायहरु (NbS) द्वारा समुदायको जीविकोपार्जनका स्रोतहरू र सम्पत्तिहरूमा जलवायुजन्य जोखिमहरू असर कम गर्ने।
- जलवायुजन्य प्रकोपहरू जस्तै पहिरो, बाढी, खडेरी र वन डढेलोका विरुद्ध मरिण जलाधारका संकटासन्न घरधुरीहरुको अनुकूलन क्षमता वृद्धि भएको हुने छ।

**सहयोगी सूचकहरू:**

- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावको लागि अनुकूलनका अभ्यासहरू प्रयोग गर्ने स्थानीय घरधुरीहरुको संख्या।
- वन व्यवस्थापनमा सुधार भएका योजनासहितको सामुदायिक वन र कबुलियती वनको सङ्ख्या।

प्रदेश सचिव

## २.२७. स्थानीय सरकारका कर्मचारीहरू र निजी कृषि/पशुपन्छी पालन सेवा प्रदायकहरू जलवायु-अनुकूलित उपकरण, प्रविधि तथा अभ्यास; व्यावसायिक कृषि र पशुपन्छी पालन र पानी व्यवस्थापन तालिम (२.६.४.५३१)

**2.27. Train local government officials and private agricultural/ veterinary service providers in the delivery of extension and technical services to local communities on climate-adaptive technologies and practices in agriculture, livestock management and water management, in support of activities 2.1.1.1, 2.1.1.2 and 2.1.1.3**

पृष्ठभूमि/परिचयः

जलवायु परिवर्तनका बढ्दो चुनौतीहरूलाई सम्बोधन गर्दै, कृषि, पशुपन्छी र पानी व्यवस्थापन प्रणालीलाई दिगो र प्रभावकारी बनाउनु आजको आवश्यक हो। यस्ता चुनौतीहरू सामना गर्न स्थानीय समुदायलाई आवश्यक ज्ञान र प्राविधिक सेवाहरूको सहज पहुँच उपलब्ध गराउनु महत्वपूर्ण हुन्छ। जलवायु परिवर्तनको ज्ञान र प्रविधिहरूमा सीमित मानव स्रोत र प्राविधिक क्षमता भएका कारण, मरिण जलाधार क्षेत्रका स्थानीय सरकारी कर्मचारी र निजी कृषि/भेटेरिनरी सेवा प्रदायकहरूको ज्ञान र क्षमता अभिवृद्धि गर्नु महत्त्वपूर्ण छ। यस तालिमको माध्यमबाट क्षमता अभिवृद्धि भएका सरोकारवालाहरूले स्थानीय समुदायमा जलवायु परिवर्तनका ज्ञान, प्रविधि र अभ्यासहरूको प्रभावकारी विस्तार गर्न सक्षम हुनेछन्। यसले जलवायु परिवर्तनका प्रभावहरूसँग जुध्न र समुदायको दिगो जीविकोपार्जनमा योगदान पुर्याउनेछ।

उद्देश्यः

- यस क्रियाकलापको उद्देश्य स्थानीय सरकारी कर्मचारी, निजी कृषि/पशु चिकित्सा सेवा प्रदायकहरू र प्राविधिक संस्थाहरूलाई जलवायु-अनुकूलन प्रविधि र अभ्यासमा क्षमता वृद्धि गरेर ती प्रविधि र अभ्यासहरूलाई समुदायस्तरमा विस्तार गर्न योगदान पुर्याउनु हो।

कार्यान्वयन प्रक्रियाः

- यस तालिम भन्नाले "स्थानीय सरकारका कर्मचारीहरू र निजी कृषि/पशुपन्छी पालन सेवा प्रदायकहरूलाई समुदायहरुको क्षमता अभिवृद्धि र प्रविधि विस्तारका लागि जलवायु-अनुकूलित औजार, प्रविधि तथा अभ्यास; व्यावसायिक कृषि र पशुपन्छी पालन; र पानी व्यवस्थापनका लागि तालिम भन्ने बुझ्नु पर्नेछ,
- डिभिजन वन कार्यालयल/भू तथा जलाधार व्यवस्थापन कार्यालयले आवश्यक तयारीका लागि बैठक गर्ने,
- डिभिजन वन कार्यालयल/भू तथा जलाधार व्यवस्थापन कार्यालय रामेछापले स्थानीय सरकारी कर्मचारी, निजी कृषि/पशु चिकित्सा सेवा प्रदायकहरू र प्राविधिक संस्थाहरू सँग समन्वय गरि तालिम संचालनका लागि स्थान र मिति तय गर्ने,
- आवश्यक स्रोत सामाग्रीहरुको पूर्व तयारी एवं श्रोत व्यक्ति, अवधारण पत्र, तालिममा छलफल गर्ने विषयवस्तुको तयारी गरी तालिमको तालिका बनाउने,



प्रदेश सचिव

बागमती प्रदेश सरकार ... हेटौडा, नेपाल

- आवश्यक स्रोत सामग्री तयार गर्दा परियोजना दस्तावेज, अध्ययन प्रतिवेदन, स्थानीय आवश्यकता पहिचान र लक्षित समूह/क्षेत्रहरूको आवश्यकताहरुलाई आधार बनाउनु पर्ने छ,
- तालिम सहजीकरण गर्नको लागि सम्भावित विषय विज्ञ तथा स्रोत व्यक्तिहरुको रोस्टर तयार र अध्यावधिक गर्नु पर्ने,
- स्थानीय सरकारी कर्मचारीहरू, निजी कृषि/पशु चिकित्सा सेवा प्रदायकहरू र प्राविधिक संस्थाहरूलाई तालिमको प्रस्तावित मिति, विषयवस्तु र कार्यक्रम सञ्चालन स्थलको बारेमा अग्रिम सूचना र जानकारी दिने,
- तालिमका सहभागी छनोट गर्दा महिला, आदिवासी र स्थानीय समुदायलाई प्राथमिकता दिनु पर्ने छ,
- तालिम पूर्व (Pre-Test) र पश्चातको (Post-Test) परीक्षा गर्ने,
- तालिम संचालनका कममा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan) र गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) का प्रावधानहरु सुनिश्चित गर्ने,
- संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,
- तालिम कार्यान्वयन भइरहेका अवस्था र सम्पन्न भएको प्रकृया र अवस्थाको श्रव्य दृश्य (फोटो, भिडियो) अभिलेख राख्ने,
- तालिम संचालन, खुल्ला छलफल र कार्ययोजना निर्माण गर्ने,
- प्रतिवेदन तयार तथा तथ्याङ्क सङ्कलन गर्ने,
- कार्य योजनाको कार्यान्वयन अवस्थाको अनुगमन र छलफल गर्ने।

अपेक्षित उपलब्धि:

- जलवायुजन्य प्रकोपहरू जस्तै पहिरो, बाढी, खडेरी र वन डढेलोका विरुद्ध मरिण जलाधारका संकटासन्न घरधुरीहरुको अनुकूलन क्षमता बृद्धि भएको हुने छ ।
- स्थानीय योजना र नीतिहरूमा जलवायु परिवर्तन अनुकूलनलाई मूलप्रवाहीकरण गर्न ज्ञान, सिप र क्षमता सुधार भएको हुने ।

प्रदेश सचिव

**सहयोगी सूचक:**

- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावको लागि अनुकूलनका अभ्यासहरू प्रयोग गर्ने स्थानीय घरधुरीहरुको संख्या।
- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावका सम्बोधन लागि अनुकूलनका अभ्यासहरूमा ज्ञान र तालिम पाएका स्थानीय घरधुरीहरुको सङ्ख्या।
- सहभागितामूलक जलवायु उत्थानशीलता संकटासन्नता र जलवायु परिवर्तन मूलप्रवाहिकरणमा तालिम, क्षमता तथा ज्ञान भएका सरकारी र नागरिक समाज संस्थाहरु (CBOs) को कर्मचारीहरूको संख्या ।
- जलवायु परिवर्तन मूलप्रवाहिकरणमा मार्गदर्शन अनुसार जलवायु परिवर्तन मैत्री योजना तथा नीतिहरु तयार वा संशोधन गर्ने नगरपालिका, गाउँपालिका र अन्य सरोकारवालाहरुको संख्या।

## २.२८. बहु-उपयोगी नर्सरी स्थापना, मर्मत सम्भार र प्रवर्द्धनमा सहयोग (११.४.१७.२१४६ र ११.४.१७.२२००)

## 2.28. Support to multi-purpose nursery establishment, maintenance, and promotion

**पृष्ठभूमि/परिचय:**

परियोजना उद्देश्य अनुसार, प्रकृतिमा आधारित समाधान (NbS) को प्रयोगद्वारा समुदायको जीविकोपार्जनका स्रोत र सम्पत्तिहरूमा जलवायुजन्य जोखिमहरूको असर कम गर्दै, जलवायुजन्य प्रकोपहरू जस्तै पहिरो, बाढी, खडेरी र वन डढेलोका विरुद्ध मरिण जलाधारका संकटासन्न घरधुरीहरूको अनुकूलन क्षमता वृद्धि गर्ने लक्ष्य राखिएको छ। यस उद्देश्यको प्राप्तिका लागि, बायोइन्जिनियरिङ् तथा बहु-उपयोगी नर्सरी स्थापना, मर्मतसम्भार र प्रवर्द्धनमा सहयोग गर्न क्रियाकलाप समावेश गरिएको हो। यसमा, समुदाय, सामुदायिक वन, कबुलियती वन र कृषकहरूको बारीमा वृक्षारोपणको लागि बिरुवाहरू उत्पादन गर्नका लागि आवश्यक क्षेत्रहरुको स्थापना, मर्मतसम्भार र प्रवर्द्धनलाई प्राथमिकता दिइन्छ। यस क्रियाकलापले जलवायु परिवर्तन न्यूनीकरण र जलाधार व्यवस्थापनमा समेत महत्त्वपूर्ण योगदान पुर्याउनेछ।

**उद्देश्य:**

- यस क्रियाकलापको उद्देश्य मरिण जलाधार अन्तर्गत बायोइन्जिनियरिङ् तथा बहु-उपयोगी नर्सरी स्थापना, मर्मत र प्रवर्द्धनद्वारा स्थानीय समुदाय, सामुदायिक वन, कबुलियती वन र कृषकहरूको मागअनुसार विभिन्न डालेघाँस र रूख प्रजातिका बहुवर्षीय बिरुवाहरू उत्पादन गरी निशुल्क वितरण गर्ने। यसले कृषकलाई आफ्नै जमिनमा डालेघाँस उत्पादन, वन कभरेजमा वृद्धि, माटोको ओसिलोपन संरक्षण, भू-क्षय घटाउने र जलवायु परिवर्तन अनुकूलनमा योगदान पुर्याउने।

**कार्यान्वयन प्रक्रिया:**

- यस क्रियाकलापअन्तर्गत घ्याङलेख सब-डिभिजन वन कार्यालय, कल्पवृक्ष सब-डिभिजन वन कार्यालय र महेन्द्रझाडी सब-डिभिजन वन कार्यालयमा कार्यान्वयन हुने क्रियाकलाप नं. ११.४.१७.२३६३, ११.४.१७.२३६४ र ११.४.१७.२३६५ मा उल्लेखित बायोइन्जिनियरिङ तथा बहुउपयोगी नर्सरी स्थापना, मर्मतसम्भार तथा प्रवर्द्धनसम्बन्धी सहयोगलाई बुझ्नु पर्नेछ,

प्रदेश सचिव

- डिभिजन वन कार्यालय/भू तथा जलाधार व्यवस्थापन कार्यालयले आवश्यक तयारीका लागि बैठक गर्ने,
- परियोजना व्यवस्थापन इकाई र डिभिजन वन कार्यालय/भू तथा जलाधार व्यवस्थापन कार्यालय बिच समन्वय र नर्सरी स्थापना, मर्मत सम्भार र प्रवर्द्धनकालागि छलफल मार्फत आवश्यकता पहिचानका गर्ने,
- यस क्रियाकलाप कार्यान्वयन गर्दा डिभिजन वन कार्यालयले उत्पादन गरेको भन्दा वितरणका लागि थप बाँस, वेटिभर लगाएतका बहुवर्षीय बिरुवा उत्पादन गर्नु पर्ने छ। साथै, नर्सरीमा सिंचाई, नर्सरी सुरक्षाको लागि स्थायी तारबार, ओभरहेड वाटर टैंक, कम्पोष्ट पिट, सेडहाउस, ग्रीन हाउस, हरेक बेडमा पाईप जडान गरी स्प्रिंकलर सिंचाईको व्यवस्था, बत्तीको व्यवस्थाका कार्यहरु समेत खर्च गर्न सकिने छ,
- क्रियाकलाप कार्यान्वयनको चरणमा डिजाइन र लागत अनुमान तयार गर्ने,
- कार्यक्रम स्थलमा परियोजनाको विस्तृत विवरण जस्तै निर्माण स्थल, शुरु र सम्पन्न मिति, लाभान्वित घरधुरी, लागत, समुदायको योगदान, जोखिम आदि खुल्ने गरी अनिवार्यरुपमा होर्डिङ बोर्ड/सूचना पाटी राख्नु पर्ने,
- कार्यक्रम कार्यान्वयन गर्नु अगाडी, कार्यक्रम भइरहेका अवस्था र सम्पन्न भएको प्रकृया र अवस्थाको श्रव्य दृश्य (फोटो, भिडियो) अभिलेख राख्ने,
- कार्य संचालनका क्रममा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan) र गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) का प्रावधानहरु सुनिश्चित गर्ने,
- संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,
- डिभिजन वन कार्यालय/भू तथा जलाधार व्यवस्थापन कार्यालय/परियोजना व्यवस्थापन ईकाईले परियोजना व्यवस्थापन ईकाईले नियमित रुपमा अनुगमन, मुल्यांकन तथा पृष्ठपोषन गर्ने,
- प्रतिवेदन तयार तथा तथ्याङ्क सङ्कलन गर्ने।

अपेक्षित उपलब्धिः

- प्रकृतिमा आधारित समाधान (NbS) का उपायहरु द्वारा समुदायको जीविकोपार्जनका स्रोतहरू र सम्पत्तिहरूमा जलवायुजन्य जोखिमहरू असर कम गर्ने।
- जलवायुजन्य प्रकोपहरू जस्तै पहिरो, बाढी, खडेरी र वन डढेलोका विरुद्ध मरिण जलाधारका संकटासन्न घरधुरीहरुको अनुकूलन क्षमता वृद्धि भएको हुने छ ।

प्रदेश सचिव

सहयोगी सूचकः

- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावको लागि अनुकूलनका अभ्यासहरू प्रयोग गर्ने स्थानीय घरधुरीहरुको संख्या।
- जलवायु प्रकोप जोखिम विरुद्ध उत्थानशीलता वृद्धिका लागि NbS मार्फत क्षयग्रस्त/जोखिम भूमिको पुनर्स्थापना/स्थिर भएका क्षेत्रफल।
- वन व्यवस्थापनमा सुधार भएका सामुदायिक वन र कबुलियती वनको सङ्ख्या।

## २.२९. वृक्षारोपण सहित संरक्षण र जैविक/काडे तारबार सहयोग (११.४.१७.२१२५)

### 2.29. Afforestation/plantation support including protection and fencing

पृष्ठभूमि/परिचयः

परियोजनाको उद्देश्य अनुसार, वन व्यवस्थापनमा सुधार र मरिण जलाधार क्षेत्रको पुनर्स्थापना मार्फत यहाँका समुदायहरूको जलवायु उत्थानशीलता वृद्धि र जीविकोपार्जनमा सहयोग गर्ने उद्देश्य राखिएको छ। यसमा, जलाधार र समुदायस्तरमा उपलब्ध खाली र क्षतिग्रस्त भू-भागमा वृक्षारोपण गर्न सहयोग गर्नेछ। वृक्षारोपणका साथ-साथै संरक्षण र तारबार गर्ने क्रियाकलापहरूमा संकटासन्न घरधुरीहरु र अन्य सरोकारवालाहरूको सहभागिता सुनिश्चित गरिनेछ। यसले मरिण जलाधारमा कार्बन उत्सर्जन न्यूनीकरण, जलवायु परिवर्तन अनुकूलन र जलाधार व्यवस्थापनमा महत्त्वपूर्ण योगदान पुर्याउनेछ।

उद्देश्यः

यस क्रियाकलापको उद्देश्य वृक्षारोपण सहित संरक्षण र तारबार सहयोग क्रियाकलाप मार्फत माटोको ओसिलोपन संरक्षण, क्षतिग्रत जमिनको भू—क्षय कमी, उत्पादकत्व वृद्धि, वन व्यवस्थापनमा सुधार र मरिण जलाधार क्षेत्रको पुनर्स्थापना गर्दै समुदायको जीविकोपार्जनका स्रोतहरू र सम्पत्तिहरूमा जलवायुजन्य जोखिमहरू असर कम गर्ने। साथै, यस क्रियाकलाप भौतिक संरचनाको दिगोपन कायम राख्न समेत सहयोग गर्नेछ।

कार्यान्वयन प्रक्रियाः

- डिभिजन वन कार्यालय, भू तथा जलाधार व्यवस्थापन कार्यालय, गाउँपालिका/नगरपालिका/वडा कार्यालय र उप-जलाधार समन्वय समिति सँगको समन्वयमा मरिण जलाधारको प्राथमिकता प्राप्त उप-जलाधारहरु भित्र वृक्षारोपण सहित संरक्षण र तारबार लगाउने क्षेत्र पहिचान गर्ने,
- वृक्षारोपणका लागि बिरुवा छनोट गर्दा मरिण जलाधारमा पाइने स्थानीय/रैथाने प्रजातिहरू प्राथमिकता दिनु पर्ने छ साथै वृक्षारोपणले स्थानीय समुदायका मागलाई समेत सम्बोधन गर्ने गरी बहुउद्देशीय मिश्रित प्रजातिहरुका बहुवर्षीय बिरुवाहरु रोपण गर्नुपर्ने छ,
- वृक्षारोपण क्रियाकलाप कार्यान्वयन चरणमा पहिचान गरीएको क्षेत्रको नक्सांकन गरी क्षेत्रफल एकिन गरिनेछ (कम्तिमा ०.५ हे. सम्मको), डिजाइन र लागत अनुमान तयार (वृक्षारोपण र तारबार), उपभोक्ता समिती, सामुदायिक वन, कबुलियती वन वा अन्य समूहसंग कार्य सम्झौता, स्रोत साधन बाँडफाँड र जनसहभागिता परिचालन गर्ने,

प्रदेश सचिव

- वृक्षारोपण र तरबारका प्रविधिक पक्ष (जस्तैः प्रजाति अनुसारको दुरी निर्धारण, खाडलको साइज, तारबारको उचाई, तार बिचको दुरी आदि), रेखदेख आदि विषयलाई समेटी सम्बन्धीत उपभोक्ता समिती, सामुदायिक वन, कबुलियती वन वा अन्य समूहलाई सचेतीकरण कार्यक्रम आयोजना गर्ने,
- वृक्षारोपण र तारबार पश्चात संरक्षण र रेखदेखको निम्ति सम्बन्धीत उपभोक्ता समिती, सामुदायिक वन, कबुलियती वन वा अन्य समूहलाई परिचालन गर्ने,
- कार्यक्रम स्थलमा परियोजनाको विस्तृत विवरण जस्तै योजना स्थल, शुरु र सम्पन्न मिति, क्षेत्रफल, लाभान्वित घरधुरी, लागत, समुदायको योगदान,जोखिम आदि खुल्ने गरी अनिवार्यरुपमा होर्डिङ बोर्ड/सूचना पाटी राखु पर्ने,
- वृक्षारोपण गर्नु अगाडी, कार्यक्रम भइरहेका अवस्था र सम्पन्न भएको प्रकृया र अवस्थाको श्रव्य दृश्य (फोटो, भिडियो) अभिलेख राख्ने,
- कार्य संचालनका क्रममा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan) र गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) का प्रावधानहरु सुनिश्चित गर्ने,
- संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,
- डिभिजन वन कार्यालय/भू तथा जलाधार व्यवस्थापन कार्यालय/परियोजना व्यवस्थापन ईकाईले नियमित रुपमा अनुगमन, मुल्यांकन तथा पृष्ठपोषण गर्ने,
- प्रतिवेदन तयार तथा तथ्याङ्क सङ्कलन गर्ने।

**अपेक्षित उपलब्धिः**

- प्रकृतिमा आधारित समाधान (NbS) का उपायहरु द्वारा समुदायको जीविकोपार्जनका स्रोतहरू र सम्पत्तिहरूमा जलवायुजन्य जोखिमहरू असर कम गर्ने।
- जलवायुजन्य प्रकोपहरू जस्तै पहिरो, बाढी, खडेरी र वन डढेलोका विरुद्ध मरिण जलाधारका संकटासन्न घरधुरीहरुको अनुकूलन क्षमता वृद्धि भएको हुने छ।

**सहयोगी सूचकः**

- जलवायु प्रकोप जोखिम विरुद्ध उत्थानशीलता वृद्धिका लागि NbS मार्फत क्षयग्रस्त/जोखिम भूमिको पुनर्स्थापना/स्थिर भएका क्षेत्रफल।
- वन व्यवस्थापनमा सुधार भएका सामुदायिक वन र कबुलियती वनको सङ्ख्या।



प्रदेश सचिव

## २.३०. वन डढेलो व्यवस्थापन तालिम (२.६.४.५३२)

**2.30. Forest fire management training at CFUGs/LHFs**

**पृष्ठभूमि/परिचयः**

परियोजनाको उद्देश्य अनुसार, प्रकृतिमा आधारित समाधानका उपायहरु (NbS) मार्फत जलवायुजन्य जोखिमहरू कम गर्दै, मरिण जलाधारका संकटासन्न घरधुरी, सामुदायिक वन उपभोक्ता समूह, कबुलियती वन समूह आदिको अनुकूलन क्षमता वृद्धि गर्नेछ। जलवायु परिवर्तनका कारण बढ्दो खडेरी/सुख्खाले फाल्गुण/चैत्र देखि वनजंगल क्षेत्रमा आगलागि एवम् वन डढेलोको प्रकोप गम्भीर रुपमा देखापर्दै आएको छ। कतिपय अवस्थामा मानिसको नियन्त्रण भन्दा बाहिर पनि वन डढेलो प्रकोपको रुपमा देखापर्दै आएको छ र जलाधारिय स्रोतहरूको समेत क्षयीकरण हुने जोखिम बढेको छ। यसका लागि, वन डढेलो रोकथाम सम्बन्धी तालिम मार्फत नियमित क्षमता अभिवृद्धि गर्नु आवश्यक छ। यस वन डढेलो व्यवस्थापन तालिमले डढेलोबाट हुने जोखिम र क्षति कम गर्दै, जलवायु परिवर्तन अनुकूलन, न्यूनीकरण र जलाधार व्यवस्थापनमा योगदान पुर्याउनेछ।

**उद्देश्यः**

यस क्रियाकलापको उद्देश्य वन डढेलो व्यवस्थापन तालिम मार्फत वन डढेलो र अन्य जलवायुजन्य प्रकोपहरूको जोखिम कम गर्दै, मरिण जलाधारका संकटासन्न घरधुरी, सामुदायिक वन उपभोक्ता समूह, कबुलियती वन समूह आदिको अनुकूलन क्षमता वृद्धि गर्नु हो। साथै, यसले माटोको ओसिलोपन संरक्षण, भू-क्षय कमी, उत्पादकत्व वृद्धि, वन व्यवस्थापनमा सुधार र जलाधार क्षेत्रको पुनर्स्थापना सहयोग गर्नेछ।

**कार्यान्वयन प्रक्रियाः**

- डिभिजन वन कार्यालयल/भू तथा जलाधार व्यवस्थापन कार्यालयले आवश्यक तयारीका लागि बैठक गर्ने,
- डिभिजन वन कार्यालयल/भू तथा जलाधार व्यवस्थापन कार्यालयले संकटासन्न घरधुरी, सामुदायिक वन उपभोक्ता समूह, कबुलियती वन समूह आदि सँग समन्वय गरि तालिम संचालनका लागि स्थान र मिति तय गर्ने,
- आवश्यक स्रोत सामाग्रीहरुको पूर्व तयारी एवं श्रोत व्यक्ति, अवधारण पत्र, तालिममा छलफल गर्ने विषयवस्तुको तयारी गरी तालिमको तालिका बनाउने,
- आवश्यक स्रोत सामग्री तयार गर्दा परियोजना दस्तावेज, अध्ययन प्रतिवेदन, स्थानीय आवश्यकता पहिचान र लक्षित समूह/क्षेत्रहरूको आवश्यकताहरुलाई आधार बनाउनु पर्ने छ,
- तालिम सहजीकरण गर्नको लागि सम्भावित विषय विज्ञ तथा स्रोत व्यक्तिहरुको रोस्टर तयार र अध्यावधिक गर्नु पर्ने,
- यस तालिम संचालन गर्दा बजेट रकम सहभागी भत्ता, प्रशिक्षण भत्ता, समन्वय भत्ता, स्टेशनरी, तालिम सामग्री, सेसन फि, हेन्डआउट वापत, खाना तथा खाजा, यातायात खर्च, इन्धन, हलभाडा, प्रचार-प्रसार सामग्री, प्रतिवेदन लेखन लगायतमा खर्च गर्न सकिनेछ,



प्रदेश सचिव

- संकटासन्न घरधुरी, सामुदायिक वन उपभोक्ता समूह, कबुलियती वन समूह आदि लाई तालिमको प्रस्तावित मिति, विषयवस्तु र कार्यक्रम सञ्चालन स्थलको बारेमा अग्रिम सूचना र जानकारी दिने,
- तालिमका सहभागी छनोट गर्दा महिला, आदिवासी र स्थानीय समुदायलाई प्राथमिकता दिनु पर्ने छ । महिला सहभागीहरुको ५०% सहभागिता सुनिचित गर्ने,
- तालिम पूर्व (Pre-Test) र पश्चातको (Post-Test) परीक्षा गर्ने,
- तालिम संचालनका क्रममा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan) र गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) का प्रावधानहरु सुनिश्चित गर्ने,
- संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,
- तालिम कार्यान्वयन भइरहेका अवस्था र सम्पन्न भएको प्रकृया र अवस्थाको श्रव्य दृश्य (फोटो, भिडियो) अभिलेख राख्ने,
- तालिम संचालन, खुल्ला छलफल र कार्ययोजना निर्माण गर्ने,
- प्रतिवेदन तयार तथा तथ्याङ्क सङ्कलन गर्ने,
- कार्य योजनाको कार्यान्वयन अवस्थाको अनुगमन र छलफल गर्ने।

**अपेक्षित उपलब्धि:**

- जलवायुजन्य प्रकोपहरू जस्तै पहिरो, बाढी, खडेरी र वन डढेलोका विरुद्ध मरिण जलाधारका संकटासन्न घरधुरीहरुको अनुकूलन क्षमता वृद्धि भएको हुने छ ।

**सहयोगी सूचक:**

- जलवायु प्रकोप जोखिम विरुद्ध उत्थानशीलता वृद्धिका लागि NbS मार्फत क्षयग्रस्त/जोखिम भूमिको पुनर्स्थापना/स्थिर भएका क्षेत्रफल।
- वन व्यवस्थापनमा सुधार भएका सामुदायिक वन र कबुलियती बनको सङ्ख्या।

प्रदेश सचिव

बागमती प्रदेश सरकार कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय हेटौंडा, नेपाल

## २.३१. वन डढेलो व्यवस्थापनका लागि उपकरण तथा सामग्री सहयोग (११.४.१७.२१७५)

**2.31. Forest fire fighting tools and equipment support at CFUGs/LHFs**

पृष्ठभूमि/परिचयः

परियोजनाको उद्देश्य अनुसार, प्रकृतिमा आधारित समाधानका उपायहरु मार्फत जलवायुजन्य जोखिमहरू कम गर्दै, मरिण जलाधारका संकटासन्न घरधुरी, सामुदायिक वन उपभोक्ता समूह, कबुलियती वन समूह आदिको अनुकूलन क्षमता वृद्धि गर्नेछ। जलवायु परिवर्तनका कारण बढ्दो खडेरीरसुख्खाले फाल्गुणरचैत्र देखि वनजंगल क्षेत्रमा आगलागि एवम् वन डढेलोको प्रकोप गम्भीर रुपमा देखापर्दै आएको छ। कतिपय अवस्थामा वन डढेलो मानिसको नियन्त्रणभन्दा बाहिर गई प्रकोपका रूपमा देखा पर्दा वन, जलाधारीय स्रोत तथा जैविक विविधतामा गम्भीर क्षति पुग्ने जोखिम बढेको छ। त्यसैले वन डढेलो रोकथाम तथा नियन्त्रणका लागि आवश्यक उपकरण तथा सामग्री उपलब्ध गराउनु आवश्यक छ। यस्ता उपकरणहरूको प्रयोगले डढेलोको जोखिम न्यूनीकरण, शीघ्र नियन्त्रण तथा वन, जलस्रोत र स्थानीय जीविकोपार्जनको संरक्षणमार्फत दिगो वन व्यवस्थापन र समुदायको उत्थानशीलता अभिवृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउँछ।

उद्देश्यः

यस क्रियाकलापको उद्देश्य आवश्यक उपकरण तथा सामग्री उपलब्ध गराई वन डढेलोको जोखिम व्यवस्थापन तथा प्रभावकारी नियन्त्रण गर्नुका साथै वन, जैविक विविधता, जलस्रोत र स्थानीय जीविकोपार्जनको संरक्षणमार्फत दिगो वन व्यवस्थापन तथा समुदायको उत्थानशीलता अभिवृद्धि गर्नु रहेको छ।

कार्यान्वयन प्रक्रियाः

- डिभिजन वन कार्यालय/भू तथा जलाधार व्यवस्थापन कार्यालयले आवश्यक तयारीका लागि बैठक गर्ने,
- परियोजना व्यवस्थापन इकाई र डिभिजन वन कार्यालय/भू तथा जलाधार व्यवस्थापन कार्यालयबीच समन्वय गरी डढेलो रोकथामका लागि आवश्यक उपकरण तथा सामग्रीको आवश्यकता पहिचान गर्न संकटासन्न घरधुरी, सामुदायिक वन उपभोक्ता समूह, कबुलियती वन समूह लगायतसँग छलफल गर्ने,
- डिभिजन/सब-डिभिजन वन कार्यालयले यस क्रियाकलाप कार्यान्वयन गर्दा वन डढेलो व्यवस्थापनका उपकरण तथा सामग्रीहरु खरिद गर्दा लागत अनुमान तयार गर्ने,
- उपकरण तथा सामग्रीहरु खरिद संघ तथा प्रदेशको प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावधान अनुसार गर्न पर्ने छ,
- वन डढेलो व्यवस्थापन क्रियाकलाप कार्यान्वयन गर्नु अगाडी, कार्यक्रम भइरहेका अवस्था र सम्पन्न भएको प्रकृया र अवस्थाको श्रव्य दृश्य (फोटो, भिडियो) अभिलेख राख्ने,
- क्रियाकलाप संचालनका क्रममा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders



प्रदेश सचिव

Engagement Plan) र गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) का प्रावधानहरु सुनिश्चित गर्ने,

- संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,
- डिभिजन वन कार्यालय/भू तथा जलाधार व्यवस्थापन कार्यालय/परियोजना व्यवस्थापन ईकाईले नियमित रुपमा अनुगमन, मुल्यांकन तथा पृष्ठपोषण गर्ने,
- प्रतिवेदन तयार तथा तथ्याङ्क सङ्कलन गर्ने।

**अपेक्षित उपलब्धि:**

- जलवायुजन्य प्रकोपहरू जस्तै पहिरो, बाढी, खडेरी र वन डढेलोका विरुद्ध मरिण जलाधारका संकटासन्न घरधुरीहरुको अनुकूलन क्षमता वृद्धि भएको हुने छ ।

**सहयोगी सूचक:**

- जलवायु प्रकोप जोखिम विरुद्ध उत्थानशीलता वृद्धिका लागि NbS मार्फत क्षयग्रस्त/जोखिम भूमिको पुनर्स्थापना/स्थिर भएका क्षेत्रफल।
- वन व्यवस्थापनमा सुधार भएका सामुदायिक वन र कबुलियती वनको सङ्ख्या

## २.३२. पातपतिङ्गर व्यवस्थापनका लागि कम्पोस्ट मल उद्यम स्थापना तथा सुदृढीकरण (११.४.१७.२२०१ र ११.३.२६.७)

**2.32. Strengthening and establishment of compost manure enterprises for forest litter management**

**पृष्ठभूमि/परिचय:**

परियोजनाको उद्देश्यअनुसार प्रकृतिमा आधारित समाधान (NbS) मार्फत जलवायुजन्य जोखिम न्यूनीकरण गर्दै मरिण जलाधारका संकटासन्न घरधुरी तथा सामुदायिक वन उपभोक्ता समूहहरूको अनुकूलन क्षमता वृद्धि गर्ने लक्ष्य रहेको छ। जलवायु परिवर्तन, बढ्दो खडेरी तथा सुख्खाका कारण फागुन–चैत्र महिनादेखि वन डढेलोको जोखिम र घटनाहरू उल्लेखनीय रूपमा बढ्दै गएको छ, जसले जलाधारीय स्रोत तथा पारिस्थितिक प्रणालीमा क्षति पुर्‍याउने खतरा सिर्जना गरेको छ। यस सन्दर्भमा वन क्षेत्रमा संकलित पातपतिङ्गरको उचित व्यवस्थापन गरी कम्पोस्ट मल उत्पादन जस्ता क्रियाकलापहरू समावेश गर्न सकिन्छ। यस सन्दर्भमा सामुदायिक वन उपभोक्ता समूहहरूको सक्रिय भूमिका अत्यन्त महत्वपूर्ण छ। वन क्षेत्रबाट संकलित पातपतिङ्गरको उपयोग गरी कम्पोस्ट मल उद्यम स्थापना तथा सुदृढीकरण गर्ने अभ्यासले डढेलोको जोखिम घटाउनुका साथै वन व्यवस्थापन र स्थानीय जीविकोपार्जनमा समेत सकारात्मक योगदान पुर्‍याउँछ।



प्रदेश सचिव

बागमती प्रदेश सरकार कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय हेटौंडा, नेपाल

## उद्देश्यः

यस क्रियाकलापको उद्देश्य बनमा रहेका पातपतिङ्गरलाई व्यवस्थापन गरि कम्पोस्ट उद्यम स्थापना तथा सुदृढीकरण मार्फत वन डढेलोको जोखिम कम गर्दै, मरिण जलाधारका संकटासन्न घरधुरी तथा सामुदायिक वन उपभोक्ता समूहहरूको अनुकूलन क्षमता वृद्धि गर्नु हो। साथै, यसले माटोको ओसिलोपन संरक्षण, भू-क्षय कमी, उत्पादकत्व वृद्धि, वन व्यवस्थापनमा सुधार र जलाधार व्यवस्थापनमा सहयोग गर्नेछ।

कार्यान्वयन प्रक्रिया:

- परियोजना व्यवस्थापन इकाई, डिभिजन वन कार्यालय/भू तथा जलाधार व्यवस्थापन कार्यालय र उप-जलाधार समन्वय समिति सँगको समन्वयमा मरिण जलाधारको प्राथमिकता प्राप्त उप-जलाधारहरु भित्र रहेका सामुदायिक वन उपभोक्ता समूहहरुको छनोट र आवश्यकता पहिचानका गर्ने,
- सामुदायिक वन उपभोक्ता समूहहरूको छनोट गर्दा निम्न मापदण्डहरूलाई प्राथमिकता दिनु पर्नेछः
    - परियोजनाको कार्यक्षेत्रभित्र पर्ने समूह
    - वन डढेलोका धेरै घटना तथा क्षति व्यहोरेका समूह
    - विपन्न तथा आदिवासी जनजाति उपभोक्ताहरूको संख्यात्मक बाहुल्यता रहेको समूह
- डिभिजन वन कार्यालय, सामुदायिक वन उपभोक्ता समूह र परियोजना व्यवस्थापन इकाई बिच छलफल गरि आवश्यकता पहिचान गर्ने,
- डिभिजन वन कार्यालय र सामुदायिक वन उपभोक्ता समूह बिच सम्झौता गर्ने,
- सामुदायिक वन उपभोक्ता समूहले यस क्रियाकलाप कार्यान्वयन गर्दा बनमा रहेका पातपतिङ्गरलाई व्यवस्थापन गरि कम्पोस्ट मल तयारी उद्यम स्थापना तथा परियोजनाले दोश्रो वर्षमा उद्यम स्थापना सहयोग गरिएको थप सशक्तीकरण जस्ता कार्यहरुमा खर्च गर्ने,
- यस क्रियाकलाप संचालन गर्दा विनियोजित बजेट सामुदायिक वन उपभोक्ता समूह क्षमता अभिवृद्धि तालिम तथा गोष्ठी सञ्चालन, व्यावसायिक योजना (Business Plan) तयारी, कम्पोस्टिङ घर/पूर्वाधार निर्माण, पातपतिङ्गर संकलनका सामग्री (ट्रली, डोको), Shade house, कम्पोस्ट खाडल वा बिन, चपर/काट्ने मेसिन (Chopper), पानी आपूर्ति तथा निकास प्रणाली, छोप्ने सामग्री, तापक्रम तथा आर्द्रता मापन उपकरण (Thermometer & Moisture Meter), भण्डारण क्षेत्र, कामदारका लागि सुरक्षा तथा स्वच्छता सामग्री, कम्पोस्ट मल तयारी तथा पोषक तत्व परीक्षण, कम्पोस्टिङ उद्यम दर्ता, पातपतिङ्गर संकलनका लागि SOP तयारी, लेबलिङ, प्याकेजिङ, तौल मापन तथा प्रचार/अभियान सञ्चालन लगायतमा खर्च गर्न सकिनेछ,
- माथि उल्लेखित क्रियाकलापहरु संचालन तथा सहयोग पुर्व लागत अनुमान तयार र जनसहभागिता परिचालन गर्ने,
- क्रियाकलाप कार्यान्वयन गर्नु अगाडी, कार्यक्रम भइरहेका अवस्था र सम्पन्न भएको प्रकृया र अवस्थाको श्रव्य दृश्य (फोटो, भिडियो) अभिलेख राख्ने,



प्रदेश सचिव

बागमती प्रदेश सरकार ... हेटौंडा, नेपाल

- क्रियाकलाप संचालनका क्रममा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan) र गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) का प्रावधानहरु सुनिश्चित गर्ने,
- संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,
- डिभिजन वन कार्यालय/परियोजना व्यवस्थापन ईकाई/भू तथा जलाधार व्यवस्थापन कार्यालय ले नियमित रुपमा अनुगमन, मुल्यांकन तथा पृष्ठपोषन गर्ने,
- प्रतिवेदन तयार तथा तथ्याङ्क सङ्कलन गर्ने।

**अपेक्षित उपलब्धिः**

जलवायुजन्य प्रकोपहरू जस्तै पहिरो, बाढी, खडेरी र वन डढेलोका विरुद्ध मरिण जलाधारका संकटासन्न घरधुरीहरुको अनुकूलन क्षमता वृद्धि भएको हुने छ ।

**सहयोगी सूचकः**

- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावको लागि अनुकूलनका अभ्यासहरू प्रयोग गर्ने स्थानीय घरधुरीहरुको संख्या।
- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावका सम्बोधन लागि अनुकूलनका अभ्यासहरूमा ज्ञान र तालिम पाएका स्थानीय घरधुरीहरुको सङ्ख्या।
- वन व्यवस्थापनमा सुधार भएको सामुदायिक वन र कबुलियती वनको सङ्ख्या।

## २.३३. डगआउट (Dougout pond) पोखरी निर्माण (११.४.१७.२१३५ र ११.६.२०.१७)

## 2.33. Dougout pond construction to increase water availability for forest fire extinguishing

**पृष्ठभूमि/परिचयः**

वन क्षेत्रमा वर्षायाममा सतही बहावका कारण ठूलो परिमाणमा पानी बगेर खेर जाने तथा भू-क्षय हुने समस्या विद्यमान छ। साथै, लामो सुख्खा मौसम रहने क्षेत्रहरूमा पानीको अभावका कारण वन डढेलोको जोखिम बढ्ने, बनस्पतिको वृद्धि तथा प्राकृतिक पुनरुत्पादन प्रभावित हुने, वन्यजन्तुहरूलाई पानीको अभाव हुने तथा नजिकका बस्तीहरूमा सिंचाइ सुविधामा समेत समस्या देखिने गर्दछ। यस्ता समस्याहरूको न्यूनीकरणका लागि सतही बहाव तथा उपलब्ध जलस्रोतबाट पानी संकलन र भण्डारण गर्ने उद्देश्यले डगआउट पोखरी निर्माण गरिन्छ।डगआउट पोखरी भनेको खनेर बनाइएको कृत्रिम जलाशय हो, जसमा वर्षाको पानी तथा स्थायी



प्रदेश सचिव

जलस्रोतबाट प्राप्त पानी संकलन गरी भण्डारण गरिन्छ। यस्ता पोखरीहरूले पानीको बहावलाई नियन्त्रण गरी भू-क्षय तथा माटो कटान कम गर्न सहयोग पुऱ्याउँछन्। साथै, पानी पुनर्भरण, माटोको आर्द्रता वृद्धि तथा जलस्रोत संरक्षणमा महत्वपूर्ण भूमिका खेल्छन्।

विशेषगरी पानीको माग बढी भएको, सिँचाइ सुविधाको अभाव रहेको तथा लामो समयसम्म सुख्खा मौसम रहने वन क्षेत्रमा यस्ता पोखरीहरू निर्माण गर्न उपयुक्त हुन्छ। वन डढेलोको मौसममा यी पोखरीहरू आगलागि नियन्त्रणका लागि पानीको स्रोतका रूपमा उपयोगी हुन्छन्। साथै, वन्यजन्तुका लागि पानी उपलब्ध गराउने, वनको प्राकृतिक पुनरुत्पादन तथा जैविक विविधता संरक्षणमा टेवा पुऱ्याउने र जलवायु परिवर्तनका कारण बढ्दो खडेरी तथा पानी अभावका असरहरू न्यूनीकरण गर्न महत्वपूर्ण योगदान पुऱ्याउँछन्।

उद्देश्यः

वन क्षेत्रमा डगआउट पोखरी निर्माणमार्फत वर्षा तथा सतही बहावको पानी संकलन र संरक्षण गरी वन डढेलो व्यवस्थापन, जल पुनर्भरण, भू-क्षय तथा माटो कटान नियन्त्रण, वन्यजन्तुका लागि पानी उपलब्धता, वनको प्राकृतिक पुनरुत्पादन तथा जैविक विविधता संरक्षणमा योगदान पुऱ्याउँदै जलवायु परिवर्तनजन्य खडेरी तथा पानी अभावका असर न्यूनीकरण गरी दिगो वन व्यवस्थापनमा सहयोग पुऱ्याउनु हो।

कार्यान्वयन प्रक्रियाः

- डिभिजन वन कार्यालय/भू तथा जलाधार व्यवस्थापन कार्यालयले, सामुदायिक वन उपभोक्ता समिति, गाउँपालिका/नगरपालिका/वडा कार्यालय र उप-जलाधार समन्वय समिती समन्वयमा मरिण जलाधारको प्राथमिकता प्राप्त उप-जलाधार भित्र पोखरी निर्माण स्थान पहिचान गर्ने,
- पोखरी निर्माणमा भूगोल, माटोको प्रकार, पानीको बहाव, वर्षाको तीव्रता र आवृत्ति विश्लेषण गरी पोखरी र त्यसको जलाधार क्षेत्रलाई एउटै कार्य इकाईका रूपमा लिई क्रियाकलापहरू प्याकेजमा छनोट गर्ने,
- पोखरी निर्माण पोखरीको डिलमा छड्के डिजाइनमा ढुंगाको पर्खाल र तथा जलाधार क्षेत्रमा बनस्पति जस्तै फलफुलका प्रजाति, बाँस, भेटिभर आदिको बृक्षारोपण गर्ने,
- पोखरी निर्माण गर्दा पोखरी जमिन भित्र गाडिएको हुनुपर्ने, भित्र बाहिर निस्कने सिँढी, जोखिम भए सुरक्षाका लागि बार आदि समावेश गर्ने,
- क्रियाकलाप कार्यान्वयन गर्ने क्षेत्रका स्थानीय समुदाय तथा घरधुरी/उपभोक्ता समूहलाई क्रियाकलाप, जिम्मेवारी र भूमिकाबारे स्पष्ट जानकारी दिन अभिमुखिकरण कार्यक्रम संचालन गर्ने,
- पोखरी निर्माण चरणमा डिजाइन र लागत अनुमान तयार गरी उप-जलाधार स्तरीय समन्वय समितीको सहजीकरणमा उपभोक्ता समिती/समूह/सामुदायिक वन समूहसँग कार्य सम्झौता, श्रोत साधन बाँडफाँड र जनसहभागिता परिचालन गर्ने,
- आवश्यकता अनुसार सम्बन्धीत विषय विशेषज्ञ वा सेवा प्रदायक वा निर्माण व्यवसायी वा आपूर्तिकर्ता मार्फत कार्य क्षेत्रगत शर्त (ToR, Terms of Reference) र लागत अनुमान तयार गरी स्वीकृत गरी



प्रदेश सचिव

संघ तथा प्रदेशको प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावधान अनुसार गर्न सकिने छ,

- पोखरी निर्माण गर्नु अगाडी, भइरहेका अवस्था र सम्पन्न भएको प्रकृया र अवस्थाको श्रव्य दृश्य (फोटो, भिडियो) अभिलेख राख्ने,
- पोखरी निर्माण स्थलमा परियोजनाको विस्तृत विवरण जस्तै निर्माण स्थल, निर्माण शुरु र सम्पन्न मिति, लाभान्वित घरधुरी, लागत, समुदायको योगदान,जोखिम आदि खुल्ने गरी अनिवार्यरुपमा होर्डिङ बोर्ड/सूचना पाटी राख्नु पर्ने,
- संरक्षण पोखरी निर्माण क्रममा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan) र गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) का प्रावधानहरु सुनिश्चित गर्ने,
- संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,
- डिभिजन वन कार्यालय/भू तथा जलाधार व्यवस्थापन कार्यालय र परियोजना व्यवस्थापन ईकाईले नियमित रुपमा अनुगमन, मुल्यांकन तथा पृष्ठपोषन गर्ने,
- प्रतिवेदन तयार तथा तथ्याङ्क सङ्कलन गर्ने।

**अपेक्षित उपलब्धिः**

- प्रकृतिमा आधारित समाधान (NbS) का उपायहरु द्वारा समुदायको जीविकोपार्जनका स्रोतहरू र सम्पत्तिहरूमा जलवायुजन्य जोखिमहरू असर कम गर्ने।
- जलवायुजन्य प्रकोपहरू जस्तै पहिरो, बाढी, खडेरी र वन डढेलोका विरुद्ध मरिण जलाधारका संकटासन्न घरधुरीहरुको अनुकूलन क्षमता वृद्धि भएको हुने छ ।

**सहयोगी सूचकहरूः**

- जलवायु प्रकोप जोखिम विरुद्ध उत्थानशीलता वृद्धिका लागि NbS मार्फत क्षयग्रस्त/जोखिम भूमिको पुनर्स्थापना/स्थिर भएका क्षेत्रफल।
- वन व्यवस्थापनमा सुधार भएका सामुदायिक वन र कबुलियती वनको सङ्ख्या।

प्रदेश सचिव

## २.३४. खुल्ला चरिचरण व्यवस्थापन लागि सामग्री (जस्तैः जैविक/काडे तारबार) र हेरालु परिचालनमा सहयोग (११.४.१७.२१८४)

**2.34. Grazing management through though materials support (e.g. Fencing) and forest watchers**

### पृष्ठभूमि/परिचयः

परियोजना संचालन हुने क्षेत्रमा खुल्ला चरिचरण समस्या रुपमा रहेको छ । खुल्ला चरिचरणका कारण वन क्षेत्रमा प्राकृतिक पुनरुत्पादनमा क्षति, भू-क्षयीकरण आदि जस्ता जोखिम बढाई रहेको हुन्छ। यसका कारण संवेदनशील उप-जलाधार क्षेत्रमा भू-क्षय, वनस्पति आवरण नष्ट हुने लगायतका जलाधारिय स्रोतहरुको क्षयीकरण हुने जोखिम बढेको छ। साथै, चरिचरण व्यवस्थापन नभएर कृषि उत्पादनमा गिरावट र खाद्य सुरक्षामा समेत नकारात्मक प्रभाव परेको देखिन्छ। यस क्रियाकलाप अन्तर्गत समुदाय, सामुदायिक वन, कबुलियती वनहरुमा खुल्ला चरिचरण व्यवस्थापन गर्न आवश्यक क्षेत्रहरूको पहिचान गरि त्यस क्षेत्रहरुमा सामग्री जस्तै तारबार र वन हेरालु परिचालनमा सहयोग गरिनेछ जसले दिगो वन व्यवस्थापन, जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन र जलाधार व्यवस्थापनमा समेत महत्त्वपूर्ण योगदान पुर्याउनेछ।

### उद्देश्यः

यस क्रियाकलापको उद्देश्य सामुदायिक वन, कबुलियती वन र सार्वजनिक क्षेत्रमा खुला चरिचरणबाट प्रभावित र सम्भावित क्षेत्रहरू पहिचान गरी तारबार लगाउने, वृक्षारोपण गर्ने र वन हेरालु परिचालन जस्ता उपायहरू मार्फत चरिचरण व्यवस्थापन गर्नु हो। यसले वनस्पति आवरणको संरक्षण, माटोको स्थायित्व कायम, भू-क्षय र पहिरोको जोखिम न्यूनीकरण र दिगो वन व्यवस्थापनमा समेत योगदान पुर्याउने छ।

### कार्यान्वयन प्रक्रियाः

- डिभिजन/सब-डिभिजन वन कार्यालयले सामुदायिक वन/कबुलियती वन/भू तथा जलाधार व्यवस्थापन कार्यालय र उप-जलाधार समन्वय समिति सँगको समन्वयमा मरिण जलाधारको प्राथमिकता प्राप्त उप-जलाधारहरु भित्र रहेका खुल्ला चरिचरणले प्रभावित क्षेत्रहरू पहिचान गर्ने,
- खुल्ला चरिचरणबाट अत्यधिक प्रभावित क्षेत्रहरूको नक्साङ्कन गरी संवेदनशील क्षेत्रहरू छुट्याउने साथै जोखिमको आधारमा प्राथमिकता निर्धारण गर्ने,
- खुल्ला चरिचरण व्यवस्थापनका लागि समुदायको सहभागितामा कार्ययोजना तथा लागत अनुमान तयार गर्ने,
- स्थानीय समुदाय वा सामुदायिक वन उपभोक्ता समूहको बैठकबाट वन हेरालु छनोट गरी खुला चरिचरण नियन्त्रण, वृक्षारोपण, तारबारको निगरानी, र मर्मतसम्भारका लागि कार्य तालिका बनाउनुका साथै जिम्मेवारी स्पष्ट पार्ने, छनोट गर्दा विपन्न, संकटासन्न, महिला, युवा, आदिवासी जनजाती जस्ता वर्ग जो वन तथा वातावरण संरक्षणप्रति रुचि राख्नेलाई प्राथमिकता दिनु पर्ने।

प्रदेश सचिव

- वन हेरालु परिचालन भएको खण्डमा हेरालुको कार्यप्रगति साथै आवश्यक प्रतिवेदनहरु सामुदायिक वन उपभोक्ता समूहले अभिलेख गरि राख्नु पर्ने,
- प्रभावित क्षेत्रहरुको नक्साङ्कन साथै जोखिमको आधारमा संवेदनशील क्षेत्रहरूमा तारबारका लागि आवश्यक सामग्री (काठका पोल, काँडेतार, फलाम, गेट आदि) को विवरण र लागत अनुमान तयार गरी सहयोग गर्ने। यस्ता क्रियाकलाप संचालन गर्दा जनसहभागिता परिचालन सुनिश्चित गर्नु पर्ने,
- खुला चरिचरण नियन्त्रण तथा व्यवस्थापन योजना तयार गरी यसको कार्यान्वयनमा सहयोग गर्न सकिनेछ,
- क्रियाकलाप संचालनका क्रममा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan) र गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) का प्रावधानहरु सुनिश्चित गर्ने,
- संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,
- डिभिजन/सव-डिभिजन वन कार्यालय/परियोजना व्यवस्थापन ईकाईले नियमित रुपमा अनुगमन, मुल्यांकन तथा पृष्ठपोषन गर्ने,
- प्रतिवेदन तयार तथा तथ्याङ्क सङ्कलन गर्ने।

अपेक्षित उपलब्धिः

- प्रकृतिमा आधारित समाधान (NbS) का उपायहरु द्वारा समुदायको जीविकोपार्जनका स्रोतहरू र सम्पत्तिहरूमा जलवायुजन्य जोखिमहरू असर कम गर्ने।
- जलवायुजन्य प्रकोपहरू जस्तै पहिरो, बाढी, खडेरी र वन डढेलोका विरुद्ध मरिण जलाधारका संकटासन्न घरधुरीहरुको अनुकूलन क्षमता वृद्धि भएको हुने छ ।

सहयोगी सूचकहरू:

- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावको लागि अनुकूलनका अभ्यासहरू प्रयोग गर्ने स्थानीय घरधुरीहरुको संख्या।
- जलवायु प्रकोप जोखिम विरुद्ध उत्थानशीलता वृद्धिका लागि NbS मार्फत क्षयग्रस्त/जोखिम भूमिको पुनर्स्थापना/स्थिर भएका क्षेत्रफल।
- वन व्यवस्थापनमा सुधार भएका सामुदायिक वन र कबुलियती वनको सङ्ख्या।

प्रदेश सचिव

## २.३५. शैक्षिक संस्था र विद्यार्थीहरूलाई थेसिस तथा अनुसन्धान अनुदान (२.७.७.९१)

**2.35. Support academic institutions and students in identifying effective forest management strategies through thesis and research grant**

**पृष्ठभूमि/परिचयः**

बढ्दो विश्वव्यापी समस्या जस्तै जलवायु परिवर्तन, जैविक विविधतामा क्षति र प्रदूषणका कारण जलाधारिय स्रोतहरु जस्तै वन, जमिन, जलको क्षयीकरणका कारण विभिन्न वातावरणीय सेवाहरुको आपूर्तिमा असन्तुलन बढ्दो क्रममा रहेको छ। यस्ता चुनौतीहरू समाधान गर्न वैज्ञानिक अध्ययन, अनुसन्धान र तथ्यमा आधारित नीति, रणनीति तथा कार्यक्रमहरु आवश्यक छन्। यस सन्दर्भमा शैक्षिक संस्थाहरू र विद्यार्थीहरूको ज्ञान तथा नविनतम विचारहरुलाई अध्ययन मार्फत उजागर र अभिलेखीकरण गर्न जरुरी छ, जसले दीर्घकालीन नीति निर्माण, कार्यक्रम तर्जुमा र सञ्चालनमा मार्गदर्शन पुऱ्याउन सक्छ। यसै सन्दर्भमा, थेसिस र अनुसन्धान अनुदान मार्फत जलवायु अनुकूलन, जलाधार तथा वन व्यवस्थापनका रणनीति तथा कार्यक्रमहरु पहिचान गरि समुदाय र वातावरणमा परेका समस्याहरुको समाधान गर्न यो क्रियाकलाप तय गरिएको हो। यस क्रियाकलापले विद्यार्थी/शैक्षिक संस्थाहरुलाई अध्ययनका लागि आवश्यक स्रोत साधन तथा प्राविधिक सहयोग जुटाउन सहयोग गर्नेछ ।

**उद्देश्यः**

यस क्रियाकलापको उद्देश्य विद्यार्थी/शैक्षिक संस्थाहरूलाई थेसिस तथा अनुसन्धान अनुदान मार्फत जलवायु अनुकूलन, जलाधार तथा वन व्यवस्थापनका रणनीति तथा कार्यक्रमहरु पहिचान गर्न सहयोग गर्नु हो।

**कार्यान्वयन प्रक्रियाः**

- यस गोष्ठी भन्नाले "शैक्षिक संस्था र विद्यार्थीहरूलाई थेसिस तथा अनुसन्धान अनुदानमार्फत प्रभावकारी वन व्यवस्थापन रणनीतिहरू पहिचान गर्न सहयोग" भन्ने बुझ्नु पर्नेछ,
- परियोजना व्यवस्थापन इकाई र भू तथा जलाधार व्यवस्थापन कार्यालय/डिभिजन वन कार्यालय रामेछाप बिच तयारी बैठक बस्ने,
- थेसिस तथा अनुसन्धान अनुदानका लागि सूचना प्रकाशन गर्ने,
- जलश्रोत व्यवस्थापन, कृषि, वन विज्ञान, वातावरण, जलवायु परिवर्तन, जैविक विविधता संरक्षणसँग सम्बन्धीत विषयमा स्नातक र स्नातकोत्तरमा अन्तिम वर्षमा अध्ययनरत नेपाली विद्यार्थी हुनु पर्ने,
- थेसिस वा अनुसन्धान प्रस्ताव बागमती प्रदेशभित्र सञ्चालन हुने र परियोजनाको उद्देश्यसँग सम्बन्धीत हुनुपर्नेछ। परियोजना क्षेत्रभित्र सञ्चालन हुने थेसिस वा अनुसन्धानलाई विशेष प्राथमिकता दिइनेछ।
- प्रस्ताव तोकेको ढाँचामा पेश गर्नु पर्ने (शीर्षक, उद्देश्य, विधि, अपेक्षित नतिजा, कार्ययोजना र बजेट)। प्रस्ताव पेश गर्दा सम्बन्धीत शैक्षिक संस्थाको सिफारिस संलग्न गर्नु पर्ने,
- प्रस्तावहरूको छनोट चयन गरिएको सूचकको आधारमा गर्ने साथै छनोट भएका प्रस्तावानाहरुको प्रस्तुतीकरण गर्ने,



प्रदेश सचिव

* अनुसन्धानको गुणस्तर सुनिश्चित गर्न विद्यार्थीहरुलाई प्राविधिक सहयोग तथा परामर्श सम्बन्धीत शैक्षिक संस्थाहरूले प्रदान गर्नु पर्ने,
* अनुसन्धानको प्रगति मूल्यांकन गर्न नियमित रूपमा परियोजनासँग सम्बन्धीत कर्मचारीद्वारा अनुगमन र आवश्यक प्राविधिक तथा प्रशासनिक सहजीकरण गर्ने,
* अनुसन्धानका क्रममा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan) र गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) का प्रावधानहरु सुनिश्चित गर्ने,
* संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,
* मस्यौदा प्रतिवेदन पेश गर्नु पुर्व प्रस्तुतीकरण पश्चात पृष्ठपोषणलाई सम्बोधन गरि अन्तिम प्रतिवेदनको एक प्रति (प्रिन्ट र डिजिटल) पेश गर्ने।

**अपेक्षित उपलब्धि:**

* प्रकृतिमा आधारित समाधान (NbS) का उपायहरु द्वारा समुदायको जीविकोपार्जनका स्रोतहरू र सम्पत्तिहरूमा जलवायुजन्य जोखिमहरू असर कम गर्ने।

**सहयोगी सूचक:**

* जलवायु प्रकोप जोखिम विरुद्ध उत्थानशीलता वृद्धिका लागि NbS मार्फत क्षयग्रस्त/जोखिम भूमिको पुनर्स्थापना/स्थिर भएका क्षेत्रफल।

## २.३६. कृषि-वन प्रणाली (Agroforestry) विकास (११.४.१७.२१२६)

**2.36. Agroforestry development as part of CFOP implementation**

**पृष्ठभूमि/परिचय:**

सामुदायिक तथा कबुलियती वन, हैसियत बिग्रेका वा अतिक्रमण हटाइएका वन क्षेत्र, नदी उकास क्षेत्र तथा निजी र सार्वजनिक जग्गामा हाल जमिनको उत्पादकत्व न्यून रहेको अवस्था विद्यमान छ। यस्ता खाली वा कम उपयोग भएका जमिनमा पुनः अतिक्रमणको जोखिम बढ्नुका साथै वन आवरण कमजोर हुँदै जाने, माटो क्षय हुने र वातावरणीय जोखिम थपिने समस्या देखिएको छ। यस सन्दर्भमा दीगो जमिन उपयोग, वन क्षेत्रको हैसियत सुदृढीकरण, स्थानीय समुदायको आयआर्जन वृद्धि तथा संरक्षणप्रतिको स्वामित्व भावना विकास गर्न कृषि वन प्रणाली (Agroforestry) एक प्रभावकारी उपाय हो। सामुदायिक तथा कबुलियती वनका खाली वा क्षय भएका



प्रदेश सचिव

क्षेत्रहरूमा फलफूल, गैरकाष्ठ वन पैदावार तथा बहुउपयोगी प्रजातिका बिरुवाको प्रवर्द्धनमार्फत आयआर्जन वृद्धि, जैविक विविधता संरक्षण, माटो तथा पानी संरक्षण र जलवायु परिवर्तन अनुकूलनमा उल्लेखनीय योगदान पुऱ्याउन सकिन्छ।

उद्देश्यः

कृषि वन प्रणाली अपनाई वन तथा जमिनको उत्पादकत्व वृद्धि गर्दै आयमूलक बनजन्य, जडीबुटी, फलफुल तथा बहुउपयोगी बिरुवाको रोपण, संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्य रहेको छ। यसमार्फत सामुदायिक तथा कबुलियती वन समूहको आयआर्जन वृद्धि गर्नुका साथै क्षतिग्रस्त, बंजार तथा हैसियत बिग्रेका बन क्षेत्रको पुनःस्थापना गर्ने लक्ष्य राखिएको छ। साथै जैविक विविधता संरक्षण, माटो—पानी संरक्षण र पारिस्थितिक सन्तुलन कायम राख्दै जलवायु परिवर्तन अनुकूलन तथा कार्वन सञ्चयमा योगदान पुऱ्याउने र वृक्षारोपणमा स्थानीय समुदायको अपनत्व, सहभागिता तथा सचेतना अभिवृद्धि गर्ने समेत रहेको छ।

कार्यान्वयन प्रक्रियाः

- यस क्रियाकलाप भन्नाले "वन कार्ययोजना कार्यान्वयन मार्फत कृषि-वन प्रणाली (Agroforestry) विकास" भन्ने बुझ्नु पर्नेछ,
- डिभिजन वन कार्यालय/भू तथा जलाधार व्यवस्थापन कार्यालयले आवश्यक तयारीका लागि बैठक गर्ने,
- गाउँपालिका/नगरपालिका/वडा कार्यालय/कृषि बिकाश कार्यालय/बागवानी विकास केन्द्र, सिन्धुली र उप-जलाधार स्तरीय समन्वय समिति सँगको समन्वय तथा सहकार्यमा मरिण जलाधारको प्राथमिकता प्राप्त उप-जलाधारहरु भित्र क्षेत्र पहिचान गर्ने, कार्यक्रम सामुदायिक तथा कबुलियती वन, निजी/सार्वजनिक जग्गा, हैसियत बिग्रेका तथा अतिक्रमण हटाइएका बन क्षेत्र र नदी उकास क्षेत्रहरूमा कार्यान्वयन गर्ने,
- डिभिजन वन कार्यालयले स्थानीय प्राथमिकता वा फलफूल/गैरकाष्ठ बन पैदावारका लागि पकेट क्षेत्र घोषणा गरिएको क्षेत्रमा उपयुक्त जातका फलफूल तथा बहुउपयोगी बिरुवाहरू खरिद गरी रोपण गर्ने,
- प्रजाति छनोट स्थानीय हावापानी, माटोको अवस्था, जमिनको उपयोगिता, समुदायको आवश्यकता तथा बजार सम्भावनालाई विश्लेषण गरि लप्सी, सुन्तला, जुनार, कागती, जामुन, आँप, लिचि, कटहर, अमला, तेजपात, एभोकाडो, स्याउपाती/नास्पाती, ओखर, अम्बा, रुद्राक्ष, मोरिङ्गा, हलुवावेद आदि लगायतका फलफूल तथा गैरकाष्ठ वन पैदावारका विरुवा, कलमी, कटिङ, ग्राफ्टिङ्ग खरिद, ढुवानी र रोपण गर्ने,
- वन समूहको माग संकलन गरी सब डिभिजन वन कार्यालयबाट स्थलगत निरीक्षण तथा प्राविधिक मूल्याङ्कन गरी उपयुक्त देखिएमा स्थानीय रैथाने जातका बिरुवालाई प्राथमिकता दिइनेछ,
- डिभिजन वन कार्यालयले GIS को सहायताले क्षेत्रफल, मोहडा, स्लोप, उचाइ लगायतका विवरणसहित नक्साङ्कन गरी कुन क्षेत्रमा कुन प्रजातिका कति बिरुवा रोपण उपयुक्त हुन्छ भन्ने विस्तृत प्राविधिक प्रतिवेदन पेश गर्ने,



प्रदेश सचिव

- विरुवा खरिद गर्दा प्रचलित बजार मूल्य तथा जिल्ला दररेट/नर्मस अनुसार सार्वजनिक खरिद प्रक्रिया अवलम्बन गर्ने,
- विरुवा रोपण, संरक्षण तथा व्यवस्थापन कार्य सम्बन्धीत सामुदायिक तथा कबुलियती वन समूहमार्फत गर्ने,
- कार्यक्रम कबुलियती/सामुदायिक वन समूहको निर्णय, सब डिभिजन वन कार्यालयको प्राविधिक सिफारिस र डिभिजन वन कार्यालयसँगको सम्झौता अनुसार सञ्चालन गरिनेछ, जसमा वन समूहको साझेदारी समेत सुनिचित गर्ने,
- कृषि वन प्रवर्द्धनका लागि समन्वय बैठक, अन्तरक्रिया, क्षमता विकास, प्रचार-प्रसार, अनुगमन तथा कृषि वनसम्बन्धी होर्डिङ बोर्ड तयारी जस्ता सहायक क्रियाकलापहरू सञ्चालन गर्न सकिने छ,
- कार्यक्रम कार्यान्वयन गर्नु अगाडी, कार्यक्रम भइरहेका अवस्था र सम्पन्न भएको प्रकृया र अवस्थाको श्रव्य दृश्य (फोटो, भिडियो) अभिलेख राख्ने,
- क्रियाकलाप संचालनका क्रममा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan) का प्रावधानहरु सुनिश्चित गर्ने,
- संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,
- डिभिजन वन कार्यालय/भू तथा जलाधार व्यवस्थापन कार्यालय/परियोजना व्यवस्थापन ईकाईले नियमित रुपमा अनुगमन, मुल्यांकन तथा पृष्ठपोषन गर्ने,
- प्रतिवेदन तयार तथा तथ्याङ्क सङ्कलन गर्ने।

अपेक्षित उपलब्धिः

- प्रकृतिमा आधारित समाधान (NbS) का उपायहरु द्वारा समुदायको जीविकोपार्जनका स्रोतहरू र सम्पत्तिहरूमा जलवायुजन्य जोखिमहरू असर कम गर्ने।

सहयोगी सूचकः

- जलवायु प्रकोप जोखिम विरुद्ध उत्थानशीलता वृद्धिका लागि NbS मार्फत क्षयग्रस्त/जोखिम भूमिको पुनर्स्थापना/स्थिर भएका क्षेत्रफल।

## २.३७. दिगो वन व्यवस्थापन सम्बन्धी पुनर्ताजगी तालिम (२.६.४.५२४)

**2.37. Refresher training on sustainable forest management to CFUGs**



प्रदेश सचिव

## पृष्ठभूमि/परिचयः

जैविक विविधता संरक्षण, जलाधारिय सेवाहरुको निरन्तर प्रवाह, जलवायु अनुकलन र न्यूनीकरण साथै समुदायको आर्थिक तथा सामाजिक विकासमा वन व्यवस्थापनको महत्वपुर्ण भूमिका रहेको हुन्छ। नेपालमा वन व्यवस्थापनका धेरै पद्धती मध्य, समुदायमा आधारित वन व्यवस्थापन मार्फत वनको संरक्षण, उपयोग र दिगो व्यवस्थापन हुँदै आएको लामो अनुभव रहेको छ। उदाहरणका लागि नेपालमा २३००० भन्दा बढी उपभोक्ता समूहहरुले सामुदायिक वन व्यवस्थापनमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन्। सामुदायिक वन व्यवस्थापनलाई अझ प्रभावकारी बनाउन समुदायको ज्ञान, सीप र सचेतनाको अभिवृद्धि र वन सम्बर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन आवश्यक देखिएको छ। यसै सन्दर्भमा यस क्रियाकलापले समुदायको दिगो वन व्यवस्थापनमा जनचेतना अभिवृद्धि गर्दै दिगो वन व्यवस्थापनलाई सुदृढ गर्न सहयोग गर्ने छ।

## उद्देश्यः

यस कियाकलापको उद्देश्य सामुदायिक वन व्यवस्थापन प्रणालीलाई थप सुदृढ र दिगो बनाउँदै सामुदायिक वन उपभोक्ता समूहहरूको जनचेतना अभिवृद्धि गरी दिगो वन व्यवस्थापनमा प्रभावकारी सहयोग पुऱ्याउनु हो।

## कार्यान्वयन प्रक्रियाः

- परियोजना व्यवस्थापन इकाई र डिभिजन/सव-डिभिजन वन कार्यालय/भू तथा जलाधार व्यवस्थापन कार्यालय बिच आवश्यक तयारी तथा सामुदायिक वनहरु पहिचान गर्ने,
- सामुदायिक वन उपभोक्ता समूहहरूको छनोट गर्दा निम्न मापदण्डहरूलाई प्राथमिकता दिनु पर्नेछः
  - परियोजनाको कार्यक्षेत्रभित्र पर्ने समूह
  - कार्ययोजना नविकरण गर्नका लागि आर्थिक स्रोतको कमि भएको समूह
  - बिपन्न तथा आदिवासी जनजाति उपभोक्ताहरूको संख्यात्मक बाहुल्यता रहेको समूह
- डिभिजन वन कार्यालयले संकटासन्न घरधुरी, सामुदायिक वन उपभोक्ता समूह आदि सँग समन्वय गरि तालिम संचालनका लागि स्थान र मिति तय गर्ने,
- आवश्यक स्रोत सामाग्रीहरुको पूर्व तयारी एवं श्रोत व्यक्ति, अवधारण पत्र, तालिममा छलफल गर्ने विषयवस्तुको तयारी गरी तालिमको तालिका बनाउने,
- आवश्यक स्रोत सामग्री तयार गर्दा बागमती प्रदेशले जारि गरेको दिगो वन व्यवस्थापन कार्यविधि, २०७९ (पहिलो संशोधन, २०८२), परियोजना दस्तावेज, अध्ययन प्रतिवेदन, स्थानीय आवश्यकता पहिचान र लक्षित समूह/क्षेत्रहरूको आवश्यकताहरुलाई आधार बनाउनु पर्ने छ,
- तालिम सहजीकरण गर्नको लागि सम्भावित विषय विज्ञ तथा स्रोत व्यक्तिहरुको रोस्टर तयार र अध्यावधिक गर्नु पर्ने,
- यस तालिम संचालन गर्दा बजेट रकम सहभागी भत्ता, प्रशिक्षण भत्ता, समन्वय भत्ता, स्टेशनरी, तालिम सामग्री, सेसन फि, हेन्डआउट वापत, खाना तथा खाजा, यातायात खर्च, इन्धन, हलभाडा, प्रचार-प्रसार सामग्री, प्रतिवेदन लेखन लगायतमा खर्च गर्न सकिनेछ,



प्रदेश सचिव

- संकटासन्न घरधुरी तथा सामुदायिक वन उपभोक्ता समूह आदि लाई तालिमको प्रस्तावित मिति, विषयवस्तु र कार्यक्रम सञ्चालन स्थलको बारेमा अग्रिम सूचना र जानकारी दिने,
- तालिमका सहभागी छनोट गर्दा महिला, आदिवासी र स्थानीय समुदायलाई प्राथमिकता दिनु पर्ने छ। महिला सहभागीहरुको ५०% सहभागिता सुनिचित गर्ने,
- तालिम पूर्व (Pre-Test) र पश्चातको (Post-Test) परीक्षा गर्ने,
- तालिम संचालनका क्रममा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan) र गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) का प्रावधानहरु सुनिश्चित गर्ने,
- संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,
- तालिम कार्यान्वयन भइरहेका अवस्था र सम्पन्न भएको प्रकृया र अवस्थाको श्रव्य दृश्य (फोटो, भिडियो) अभिलेख राख्ने,
- तालिम संचालन, खुल्ला छलफल र कार्ययोजना निर्माण गर्ने,
- प्रतिवेदन तयार तथा तथ्याङ्क सङ्कलन गर्ने,
- कार्य योजनाको कार्यान्वयन अवस्थाको अनुगमन र छलफल गर्ने।

**अपेक्षित उपलब्धि:**

- प्रकृतिमा आधारित समाधानका उपायहरु (NbS) द्वारा समुदायको जीविकोपार्जनका स्रोतहरू र सम्पत्तिहरूमा जलवायुजन्य जोखिमहरू असर कम गर्ने।
- जलवायुजन्य प्रकोपहरू जस्तै पहिरो, बाढी, खडेरी र वन डढेलोका विरुद्ध मरिण जलाधारका संकटासन्न घरधुरीहरुको अनुकूलन क्षमता वृद्धि भएको हुने छ ।

**सहयोगी सूचकहरू:**

- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावको लागि अनुकूलनका अभ्यासहरू प्रयोग गर्ने स्थानीय घरधुरीहरुको संख्या।
- वन व्यवस्थापनमा सुधार भएका योजनासहितको सामुदायिक वन र कबुलियती वनको सङ्ख्या।

## २.३८. सामुदायिक वन कार्ययोजना (CFOP) को संशोधन र कार्यान्वयनमा सहयोग (११.४.१७.२१२७)

**2.38. Support for revision and implementation of community forest operational plans**



प्रदेश सचिव

पृष्ठभूमि/परिचयः

जैविक विविधता संरक्षण, जलाधारिय सेवाहरुको निरन्तर प्रवाह, जलवायु अनुकलन र न्यूनीकरण साथै समुदायको आर्थिक तथा सामाजिक विकासमा वन व्यवस्थापनको महत्वपुर्ण भूमिका रहेको हुन्छ। नेपालमा वन व्यवस्थापनका धेरै पद्धती मध्य, समुदायमा आधारित वन व्यवस्थापन मार्फत वनको संरक्षण, उपयोग र दिगो व्यवस्थापन हुँदै आएको लामो अनुभव रहेको छ। उदाहरणका लागि नेपालमा २३००० भन्दा बढी उपभोक्ता समूहहरुले सामुदायिक वन व्यवस्थापनमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन्। सामुदायिक वन व्यवस्थापनलाई अझ प्रभावकारी बनाउन वन सम्वर्द्धन प्रणाली (सिल्भिकल्चर सिस्टम) मा आधारित दिगो वन व्यवस्थापन आवश्यक देखिएको छ। यसै सन्दर्भमा यस क्रियाकलापले दिगो वन व्यवस्थापन कार्ययोजना तयारी तथा परिमार्जन गर्दै वन व्यवस्थापनलाई सुदृढ गर्न सहयोग गर्ने छ।

उद्देश्यः

यस क्रियाकलापको उद्देश्य सामुदायिक वन व्यवस्थापन प्रणालीलाई थप सुदृढ र दिगो बनाउन सामुदायिक वन उपभोक्ता समूहहरूको कार्ययोजना तयारी तथा परिमार्जन मार्फत दिगो वन व्यवस्थापनमा सहयोग पुर्याउन रहेको छ।

कार्यान्वयन प्रक्रियाः

- डिभिजन/सव-डिभिजन वन कार्यालय/भू तथा जलाधार व्यवस्थापन कार्यालय/परियोजना व्यवस्थापन इकाई बिच आवश्यक तयारी तथा सामुदायिक वनहरु पहिचान गर्ने,
- सामुदायिक वन उपभोक्ता समूहहरूको छनोट गर्दा निम्न मापदण्डहरूलाई प्राथमिकता दिनु पर्नेछः
    - परियोजनाको कार्यक्षेत्रभित्र पर्ने समूह
    - कार्ययोजना नविकरण गर्नका लागि आर्थिक स्रोतको कमि भएको समूह
    - बिपन्न तथा आदिवासी जनजाति उपभोक्ताहरूको संख्यात्मक बाहुल्यता रहेको समूह
- कार्ययोजना तयार तथा परिमार्जन गर्दा कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय, बागमती प्रदेशले जारि गरेको दिगो वन व्यवस्थापन कार्यविधि, २०७९ (पहिलो संशोधन, २०८२) का प्रावधानहरु सुनश्चित गर्ने,
- कार्ययोजना तयारी तथा परिमार्जन गर्दा दिगो वन व्यवस्थापन, कार्ययोजना तयारी प्रक्रिया, वन संरक्षणको महत्व, सुशासन, समुदायको भूमिका आदि जस्ता विषयहरु समेटी तालिम, जनचेतना अभिवृद्धि गर्ने,
- कार्ययोजना तयारी तथा परिमार्जन गर्दा जलवायु परिवर्तनका असर, अनुकूलन तथा न्यूनीकरणका उपाय, जलाधार व्यवस्थापन सम्बन्धी प्रावधानहरु संलग्न गर्ने,
- सामुदायिक बनको कार्ययोजना कार्यान्वयन गर्दा कार्ययोजनामा व्यवस्था भए अनुसार थिनिङ योजना, थिनिङ, झाडी सफाइ, जलवायु परिवर्तन अनुकूलन तथा जलाधार व्यवस्थापन आदि सम्बन्धी क्रियाकलापहरू कार्यान्वयन गर्न सकिने छ,

प्रदेश सचिव

- कार्य संचालनका क्रममा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan) र गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) का प्रावधानहरु सुनिश्चित गर्ने,
- संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,
- डिभिजन/सब-डिभिजन वन कार्यालय/परियोजना व्यवस्थापन ईकाईले नियमित रुपमा अनुगमन, मुल्यांकन तथा पृष्ठपोषन गर्ने,
- प्रतिवेदन तयार तथा तथ्याङ्क सङ्कलन गर्ने।

अपेक्षित उपलब्धिः

- प्रकृतिमा आधारित समाधानका उपायहरु (NbS) द्वारा समुदायको जीविकोपार्जनका स्रोतहरू र सम्पत्तिहरूमा जलवायुजन्य जोखिमहरू असर कम गर्ने।
- जलवायुजन्य प्रकोपहरू जस्तै पहिरो, बाढी, खडेरी र वन डढेलोका विरुद्ध मरिण जलाधारका संकटासन्न घरधुरीहरुको अनुकूलन क्षमता वृद्धि भएको हुने छ ।

सहयोगी सूचकहरूः

- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावको लागि अनुकूलनका अभ्यासहरू प्रयोग गर्ने स्थानीय घरधुरीहरुको संख्या।
- वन व्यवस्थापनमा सुधार भएका योजनासहितको सामुदायिक वन र कबुलियती बनको सङ्ख्या।

## २.३९. प्राकृतिक स्रोत व्यवस्थापनमा महिलाको भूमिका सम्बन्धी तालिम (महिला सहभागी मात्र) (२.६.४.५२५)

**2.39. Role of women in natural resources management training (only women)**

पृष्ठभूमि/परिचयः

प्राकृतिक स्रोत व्यवस्थापनमा महिलाको भूमिका अत्यन्त महत्वपूर्ण रहेको छ, किनकि उनीहरू वन, पानी, कृषि तथा जैविक विविधता संरक्षणसँग प्रत्यक्ष रूपमा जोडिएका हुन्छन्। क्षमता अभिवृद्धिका साथै नीति निर्माणदेखि कार्यान्वयनका हरेक चरणमा महिलाहरूको सक्रिय सहभागिता र अपनत्वले कुनै पनि नीति तथा कार्यक्रमको सफलताको सुनिश्चितता बढाउँछ। स्थानीय स्तरमा दिगो स्रोत उपयोग, संरक्षण र व्यवस्थापनमा महिलाको ज्ञान, अनुभव र सहभागिता प्रभावकारी भूमिका खेल्दछ। त्यस्तै, राष्ट्रिय वन नीति, २०७५ ले वन क्षेत्रका सबै निकाय र संस्थाहरूमा लैङ्गिक विभेदको अन्त्य गर्दै नेतृत्वदायी भूमिकासहित ५० प्रतिशत महिलाको प्रतिनिधित्व सुनिश्चित



प्रदेश सचिव

गर्ने दिशानिर्देश गरेको छ, जसअनुसार सामुदायिक वनमा यो प्रावधान कार्यान्वयनमा समेत आइसकेको छ। यद्यपि, निर्णय प्रक्रियामा महिलाहरूको अर्थपूर्ण सहभागिता अझै सीमित रहेको देखिन्छ।यस सन्दर्भमा महिलाहरूको क्षमता अभिवृद्धि, नेतृत्व विकास तथा सक्रिय सहभागिता सुनिश्चित गर्न लक्षित तालिम आवश्यक रहेको छ, जसले प्राकृतिक स्रोत व्यवस्थापनलाई अझ समावेशी, दिगो र प्रभावकारी बनाउन महत्वपूर्ण योगदान पुऱ्याउनेछ।

उद्देश्यः
प्राकृतिक स्रोत व्यवस्थापनमा महिलाहरूको अर्थपूर्ण सहभागिता, नेतृत्व विकास र क्षमता अभिवृद्धि गर्दै नीति निर्माणदेखि कार्यान्वयनसम्मको प्रक्रियामा उनीहरूको सक्रिय भूमिका सुनिश्चित गर्ने तथा दिगो, समावेशी र प्रभावकारी प्राकृतिक स्रोत व्यवस्थापनलाई प्रवर्द्धन गर्ने।

कार्यान्वयन प्रक्रियाः
- परियोजना व्यवस्थापन इकाई र डिभिजन/सब-डिभिजन वन कार्यालय/भू तथा जलाधार व्यवस्थापन कार्यालय बिच आवश्यक तयारी तथा प्राकृतिक स्रोत व्यवस्थापन समूहहरु पहिचान गर्ने,
- प्राकृतिक स्रोत व्यवस्थापन समूहहरू तथा सहभागीहरु छनोट गर्दा विपन्न तथा आदिवासी जनजाति उपभोक्ताहरूको संख्यात्मक बाहुल्यता रहेको समूहलाई प्राथमिकता दिनु पर्नेछ,
- डिभिजन वन कार्यालयले प्राकृतिक स्रोत व्यवस्थापन समूहहरू सँग समन्वय गरि तालिम संचालनका लागि स्थान र मिति तय गर्ने,
- आवश्यक स्रोत सामाग्रीहरुको पूर्व तयारी एवं श्रोत व्यक्ति, अवधारण पत्र, तालिममा छलफल गर्ने विषयवस्तुको तयारी गरी तालिमको तालिका बनाउने,
- आवश्यक स्रोत सामग्री तयार गर्दा बागमती प्रदेशले जारि गरेको दिगो वन व्यवस्थापन कार्यविधि, २०७९ (पहिलो संशोधन, २०८२), वन तथा वातावरण क्षेत्रको लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण रणनीति तथा कार्यान्वयन योजना (२०८२-२०९१), परियोजना दस्तावेज, अध्ययन प्रतिवेदन, स्थानीय आवश्यकता पहिचान र लक्षित समूह/क्षेत्रहरूको आवश्यकताहरुलाई आधार बनाउनु पर्ने छ,
- तालिम सहजीकरण गर्नको लागि सम्भावित विषय विज्ञ तथा स्रोत व्यक्तिहरुको रोस्टर तयार र अध्यावधिक गर्नु पर्ने,
- यस तालिम संचालन गर्दा बजेट रकम सहभागी भत्ता, प्रशिक्षण भत्ता, समन्वय भत्ता, स्टेशनरी, तालिम सामग्री, सेसन फि, हेन्डआउट बापत, खाना तथा खाजा, यातायात खर्च, इन्धन, हलभाडा, प्रचार-प्रसार सामग्री, प्रतिवेदन लेखन लगायतमा खर्च गर्न सकिनेछ,
- प्राकृतिक स्रोत व्यवस्थापन समूहहरूलाई तालिमको प्रस्तावित मिति, विषयवस्तु र कार्यक्रम सञ्चालन स्थलको बारेमा अग्रिम सूचना र जानकारी दिने,
- तालिमका सहभागी छनोट गर्दा महिला, आदिवासी र स्थानीय समुदायलाई प्राथमिकता दिनु पर्ने छ।
- तालिम पूर्व (Pre-Test) र पश्चातको (Post-Test) परीक्षा गर्ने,



प्रदेश सचिव

- तालिम संचालनका क्रममा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan) र गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) का प्रावधानहरु सुनिश्चित गर्ने,
- संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,
- तालिम कार्यान्वयन भइरहेका अवस्था र सम्पन्न भएको प्रकृया र अवस्थाको श्रव्य दृश्य (फोटो, भिडियो) अभिलेख राख्ने,
- तालिम संचालन, खुल्ला छलफल र कार्ययोजना निर्माण गर्ने,
- प्रतिवेदन तयार तथा तथ्याङ्क सङ्कलन गर्ने,
- कार्य योजनाको कार्यान्वयन अवस्थाको अनुगमन र छलफल गर्ने।

**अपेक्षित उपलब्धि:**

- प्रकृतिमा आधारित समाधानका उपायहरु (NbS) द्वारा समुदायको जीविकोपार्जनका स्रोतहरू र सम्पत्तिहरूमा जलवायुजन्य जोखिमहरू असर कम गर्ने।
- जलवायुजन्य प्रकोपहरू जस्तै पहिरो, बाढी, खडेरी र वन डढेलोका विरुद्ध मरिण जलाधारका संकटासन्न घरधुरीहरुको अनुकूलन क्षमता वृद्धि भएको हुने छ ।

**सहयोगी सूचकहरू:**

- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावको लागि अनुकूलनका अभ्यासहरू प्रयोग गर्ने स्थानीय घरधुरीहरुको संख्या।
- वन व्यवस्थापनमा सुधार भएका योजनासहितको सामुदायिक वन र कबुलियती वनको सङ्ख्या।

## २.४०. सामुदायिक वन उपभोक्ता समूहको संस्थागत क्षमता मूल्याङ्कन र क्षमता निर्माणका लागि उपयुक्त रणनीतिहरूको पहिचान (११.६.१६.११)

**2.40. Assessment of CFUGs institutional capacity and identification of appropriate strategies for their capacity building**

**पृष्ठभूमि/परिचय:**

नेपालमा सामुदायिक वन कार्यक्रमले क्षतिग्रस्त भूमि पुनःस्थापना, वन पैदावारको दिगो आपूर्ति सुनिश्चित गर्ने, सहभागितामूलक सुशासन प्रवर्द्धन गर्ने, सामुदायिक विकासलाई टेवा पुऱ्याउने तथा स्थानीय समुदायको जीविकोपार्जन सुधार गर्ने क्षेत्रमा उल्लेखनीय सफलता हासिल गरेको छ। पछिल्ला चार दशकमा सामुदायिक



प्रदेश सचिव

वन उपभोक्ता समूहहरू विकेन्द्रीकृत प्राकृतिक स्रोत व्यवस्थापनका प्रमुख संस्थागत आधारका रूपमा स्थापित भएका छन्। हाल देशभर २३,००० भन्दा बढी सामुदायिक वन उपभोक्ता समूहहरूले वन व्यवस्थापनको जिम्मेवारी वहन गर्दै आएका छन्। यस व्यवस्थापन प्रणालीले जैविक विविधता संरक्षण, संस्थागत सुदृढीकरण तथा समुदाय सशक्तीकरणमा महत्वपूर्ण योगदान पुऱ्याएको छ। तथापि, वन क्षेत्रबाट पर्याप्त रोजगारी सिर्जना हुन नसक्नु, वनमा आधारित उद्योगहरूलाई आवश्यक कच्चा पदार्थको नियमित आपूर्ति सुनिश्चित गर्न कठिनाइ हुनु, राष्ट्रिय अर्थतन्त्रमा अपेक्षित योगदान पुग्न नसक्नु, समुदायको बजारमुखी जीविकोपार्जनतर्फको रूपान्तरण, वैदेशिक रोजगारीका कारण बढ्दो श्रम अभाव, जलवायु परिवर्तनका नकारात्मक प्रभावहरू तथा ग्रामीण क्षेत्रमा सडक र अन्य पूर्वाधार विकास गतिविधिहरूको विस्तार जस्ता परिवर्तनशील वातावरणीय, सामाजिक तथा आर्थिक अवस्थाहरूले सामुदायिक वन व्यवस्थापनमा नयाँ चुनौतीहरू सिर्जना गरेका छन्। यस परिप्रेक्ष्यमा सामुदायिक वन उपभोक्ता समूहहरूको संस्थागत क्षमता मूल्याङ्कन गर्नु अपरिहार्य देखिन्छ। यस्तो मूल्याङ्कनले विद्यमान सबल पक्ष, कमजोरी तथा सुधारका आवश्यक क्षेत्रहरू पहिचान गर्न सहयोग पुऱ्याउनेछ। साथै, समूहहरूको क्षमता अभिवृद्धिका लागि उपयुक्त रणनीति तथा हस्तक्षेपहरू विकास गर्न आधार प्रदान गर्दै दिगो वन व्यवस्थापनलाई अझ प्रभावकारी, उत्तरदायी र परिणाममुखी बनाउन महत्वपूर्ण योगदान पुऱ्याउनेछ।

उद्देश्यः

सामुदायिक वन उपभोक्ता समूहहरूको संस्थागत क्षमता मूल्याङ्कन गरी विद्यमान सबल पक्ष, कमजोरी तथा सुधारका क्षेत्रहरू पहिचान गर्दै दिगो र प्रभावकारी वन व्यवस्थापनका लागि क्षमता अभिवृद्धिका उपयुक्त रणनीतिहरू विकास गर्नु।

कार्यान्वयन प्रक्रियाः

- बागमती प्रदेश सरकार, कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय, हेटौंडा, नेपालले सामुदायिक वन उपभोक्ता समूहहरूको संस्थागत क्षमता मूल्याङ्कन तयारी बैठक गर्ने,
- सामुदायिक वन उपभोक्ता समूहहरूको संस्थागत क्षमता मूल्याङ्कन र क्षमता निर्माणका लागि उपयुक्त रणनीतिहरूको पहिचान कार्यको लागि क्षेत्रगत शर्त (Terms of Reference, ToR) र परामर्शदाता छनोट प्रक्रिया लागि मापदण्ड तयार गर्ने,
- सेवा तथा परामर्शदाता खरिदका लागि सञ्चार तथा सूचना प्रकाशन गर्ने,
- प्रस्तावहरूको छनोट, चयन गरिएको मापदण्डको आधारमा गर्ने,
- कार्य क्षेत्रगत शर्त अनुसार संस्थागत क्षमता मूल्याङ्कन र क्षमता निर्माणका लागि उपयुक्त रणनीतिहरूको पहिचान कार्य संचालन गर्ने,
- कार्य संचालनका क्रममा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan) र गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) का प्रावधानहरु सुनिश्चित गर्ने,



प्रदेश सचिव

- संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,
- संस्थागत क्षमता मूल्याङ्कन र क्षमता निर्माणका लागि उपयुक्त रणनीतिहरूको पहिचान कार्य गर्दाको श्रव्य दृश्य (फोटो, भिडिओ) अभिलेख राख्ने,
- मस्यौदा संस्थागत क्षमता मूल्याङ्कन र क्षमता निर्माणका लागि उपयुक्त रणनीतिहरूको पहिचान कार्यको प्रतिवेदनमा छलफल र सुझाव संकलन गर्ने,
- छलफलबाट प्राप्त सल्लाह र सुझावहरू समावेश गर्दै प्रतिवेदन अन्तिम रुप दिने।

अपेक्षित उपलब्धिः
- प्रकृतिमा आधारित समाधानका उपायहरु (NbS) द्वारा समुदायको जीविकोपार्जनका स्रोतहरू र सम्पत्तिहरूमा जलवायुजन्य जोखिमहरू असर कम गर्ने।
- जलवायुजन्य प्रकोपहरू जस्तै पहिरो, बाढी, खडेरी र वन डढेलोका विरुद्ध मरिण जलाधारका संकटासन्न घरधुरीहरुको अनुकूलन क्षमता वृद्धि भएको हुने छ ।

सहयोगी सूचकहरूः
- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावको लागि अनुकूलनका अभ्यासहरू प्रयोग गर्ने स्थानीय घरधुरीहरुको संख्या।
- वन व्यवस्थापनमा सुधार भएका योजनासहितको सामुदायिक वन र कबुलियती वनको सङ्ख्या।

## २.४१. कबुलियती वन समूहको संस्थागत क्षमता मूल्याङ्कन र क्षमता निर्माणका लागि उपयुक्त रणनीतिहरूको पहिचान (११.६.१६.१०)

**2.41. Assessment of LHFs' institutional capacity and identification of appropriate strategies for their capacity building**

**पृष्ठभूमि/परिचयः**

राष्ट्रिय वनको हैसियत कमजोर भएका क्षेत्रमा हरियाली प्रवर्द्धन गर्दै वन विकासमार्फत गरिबीको रेखामुनि रहेका स्थानीय वन उपभोक्ताहरूको जीविकोपार्जनमा योगदान पुऱ्याउने उद्देश्यले कबुलियती वन विकास तथा प्रवर्द्धन कार्यक्रम कार्यान्वयन हुँदै आएको छ।यस कार्यक्रमले वनको अवस्था सुधार गर्नुका साथै उपभोक्ताहरूको दाउरा, घाँस, काठ लगायतका आवश्यक वन पैदावारको दिगो आपूर्ति सुनिश्चित गर्न सहयोग गर्छ।तर, कबुलियती वन व्यवस्थापनमा न्यून उत्पादकत्व, ढिलो प्रतिफल आदि जस्ता कारणले विगतमा हस्तान्तरण गरिएका कतिपय समूहहरू निष्क्रिय अवस्थामा रहेका छन्। यस सन्दर्भमा कबुलियती वन समूहहरूको संस्थागत क्षमता मूल्याङ्कन र सोहीअनुसार क्षमता विकास गर्नु आवश्यक देखिन्छ।यसले विद्यमान कमजोरी र सुधारका क्षेत्रहरू पहिचान गरी उपयुक्त रणनीति निर्माण गर्न आधार प्रदान गर्छ।परिणामस्वरूप निष्क्रिय रहेका समूहहरू पुनः सक्रिय भई



प्रदेश सचिव

वनको हैसियतमा सुधार हुनेछ साथै गरिबीको रेखामुनि रहेका उपभोक्ताहरुको आयआर्जनमा समेत वृद्धि भएको हुनेछ ।

**उद्देश्यः**

कबुलियती वन समूहहरूको संस्थागत क्षमता मूल्याङ्कन गरी निष्क्रिय समूहहरूलाई पुनः सक्रिय बनाउने, वनको हैसियत सुधार गर्ने तथा गरिबीको रेखामुनि रहेका उपभोक्ताहरूको जीविकोपार्जन र आयआर्जन वृद्धि गर्न आवश्यक सुधारका क्षेत्रहरू पहिचान गर्ने।

**कार्यान्वयन प्रक्रियाः**

- बागमती प्रदेश सरकार, कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय, हेटौंडा, नेपालले कबुलियती वन समूहहरूको संस्थागत क्षमता मूल्याङ्कन तयारी बैठक गर्ने,
- कबुलियती वन समूहहरूको संस्थागत क्षमता मूल्याङ्कन र क्षमता निर्माणका लागि उपयुक्त रणनीतिहरूको पहिचान कार्यको लागि क्षेत्रगत शर्त (Terms of Reference, ToR) र परामर्शदाता छनोट प्रक्रिया लागि मापदण्ड तयार गर्ने,
- सेवा तथा परामर्शदाता खरिदका लागि सञ्चार तथा सूचना प्रकाशन गर्ने,
- प्रस्तावहरूको छनोट, चयन गरिएको मापदण्डको आधारमा गर्ने,
- कार्य क्षेत्रगत शर्त अनुसार संस्थागत क्षमता मूल्याङ्कन र क्षमता निर्माणका लागि उपयुक्त रणनीतिहरूको पहिचान कार्य संचालन गर्ने,
- कार्य संचालनका क्रममा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan) र गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) का प्रावधानहरु सुनिश्चित गर्ने,
- संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,
- संस्थागत क्षमता मूल्याङ्कन र क्षमता निर्माणका लागि उपयुक्त रणनीतिहरूको पहिचान कार्य गर्दाको श्रव्य दृश्य (फोटो, भिडिओ) अभिलेख राख्ने,
- मस्यौदा संस्थागत क्षमता मूल्याङ्कन र क्षमता निर्माणका लागि उपयुक्त रणनीतिहरूको पहिचान कार्यको प्रतिवेदनमा छलफल र सुझाव संकलन गर्ने,
- छलफलबाट प्राप्त सल्लाह र सुझावहरू समावेश गर्दै प्रतिवेदन अन्तिम रुप दिने।



प्रदेश सचिव

अपेक्षित उपलब्धि:

- प्रकृतिमा आधारित समाधानका उपायहरु (NbS) द्वारा समुदायको जीविकोपार्जनका स्रोतहरू र सम्पत्तिहरूमा जलवायुजन्य जोखिमहरू असर कम गर्ने।
- जलवायुजन्य प्रकोपहरू जस्तै पहिरो, बाढी, खडेरी र वन डढेलोका विरुद्ध मरिण जलाधारका संकटासन्न घरधुरीहरुको अनुकूलन क्षमता वृद्धि भएको हुने छ ।

सहयोगी सूचकहरू:

- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावको लागि अनुकूलनका अभ्यासहरू प्रयोग गर्ने स्थानीय घरधुरीहरुको संख्या।
- वन व्यवस्थापनमा सुधार भएका योजनासहितको सामुदायिक वन र कबुलियती वनको सङ्ख्या।

## २.४२. सामुदायिक वन उपभोक्ता समूह (CFUGs), समुदायमा आधारित संघ सस्था (CBOs) तथा खर्च केन्द्रहरूको प्रभावकारी अनुगमन, प्रतिवेदन तथा दस्तावेजीकरणका लागि क्षमता अभिवृद्धि (२.६.४.५२३)

**2.42. Strengthening the capacity of CFUGs, CBOs, and cost centers for effective monitoring, reporting, and documentation**

पृष्ठभूमि/परिचय:

परियोजना व्यवस्थापन इकाइले मरिण जलाधार क्षेत्रका आदिवासी तथा स्थानीय समुदायहरूको उत्थानशीलता वृद्धिका लागि विभिन्न सरोकारवालाहरूसँग सहकार्य गर्दै विभिन्न क्रियाकलापहरू कार्यान्वयन गर्दै आएको छ। परियोजना क्रियाकलापहरू निर्धारित उद्देश्यअनुसार प्रभावकारी रूपमा कार्यान्वयन गर्न सरोकारवालाहरूको भूमिका अत्यन्त महत्वपूर्ण रहेको हुन्छ। यसका लागि सरोकारवालाहरू बिच निरन्तर समन्वय, नियमित अनुगमन, समीक्षा, अनुभव आदानप्रदान तथा सफल अभ्यास, उपलब्धि र चुनौतीहरूको व्यवस्थित अभिलेखीकरण आवश्यक हुन्छ। यस सन्दर्भमा, सामुदायिक वन उपभोक्ता समूह, कबुलियती वन समूह, समुदायमा आधारित संघसंस्था तथा खर्च केन्द्रहरू (डिभिजन वन कार्यालयहरू र भू तथा जलाधार व्यवस्थापन कार्यालय), उप-जलाधार समन्वय समिति आदि को प्रभावकारी अनुगमन, प्रतिवेदन तथा दस्तावेजीकरण क्षमता अभिवृद्धिका लागि यो क्रियाकलाप तय गरिएको छ। यसले यी सरोकारवालाहरूको आन्तरिक नियमित अनुगमन, प्रतिवेदन तयारी, तथ्याङ्क व्यवस्थापन तथा व्यवस्थित अभिलेखीकरणलाई सुदृढ बनाउन समेत सहयोग पुऱ्याउनेछ। साथै, सरोकारवालाहरूबीच प्रतिवेदन प्रक्रियामा एकरूपता कायम गर्न पनि यसले महत्वपूर्ण योगदान दिनेछ।

उद्देश्य:

मरिण जलाधार क्षेत्रका विभिन्न सरोकारवालाहरूको नियमित अनुगमन, प्रतिवेदन, तथ्याङ्क व्यवस्थापन र दस्तावेजीकरण क्षमतामा अभिवृद्धि गरी परियोजना कार्यान्वयनमा प्रभावकारिता र सरोकारवालाबीच प्रतिवेदन प्रक्रियामा एकरूपता कायम गर्नु।



प्रदेश सचिव

कार्यान्वयन प्रक्रिया:

- डिभिजन वन कार्यालयल/भू तथा जलाधार व्यवस्थापन कार्यालयले आवश्यक तयारीका लागि बैठक गर्ने,
- डिभिजन वन कार्यालयल/भू तथा जलाधार व्यवस्थापन कार्यालयले सामुदायिक वन उपभोक्ता समूह, कबुलियती वन समूह, समुदायमा आधारित संघसंस्था तथा खर्च केन्द्रहरू (डिभिजन वन कार्यालयहरू र भू तथा जलाधार व्यवस्थापन कार्यालय), उप-जलाधार समन्वय समिति आदि सँग समन्वय गरि क्षमतामा अभिवृद्धिका लागि स्थान र मिति तय गर्ने,
- आवश्यक स्रोत सामाग्रीहरुको पूर्व तयारी एवं श्रोत व्यक्ति, अवधारण पत्र, तालिममा छलफल गर्ने विषयवस्तुको तयारी गरी क्षमतामा अभिवृद्धिको तालिका बनाउने,
- आवश्यक स्रोत सामग्री तयार गर्दा परियोजना दस्तावेज, अध्ययन प्रतिवेदन, स्थानीय आवश्यकता पहिचान र लक्षित समूह/क्षेत्रहरूको आवश्यकताहरुलाई आधार बनाउनु पर्ने छ,
- क्षमतामा अभिवृद्धिका लागि सहजीकरण गर्नको लागि सम्भावित विषय विज्ञ तथा स्रोत व्यक्तिहरुको रोस्टर तयार र अध्यावधिक गर्नु पर्ने,
- यस क्षमतामा अभिवृद्धि संचालन गर्दा बजेट रकम सहभागी भत्ता, प्रशिक्षण भत्ता, समन्वय भत्ता, स्टेशनरी, तालिम सामग्री, सेसन फि, हेन्डआउट बापत, खाना तथा खाजा, यातायात खर्च, इन्धन, हलभाडा, प्रचार-प्रसार सामग्री, प्रतिवेदन लेखन लगायतमा खर्च गर्न सकिनेछ,
- सामुदायिक वन उपभोक्ता समूह, कबुलियती वन समूह, समुदायमा आधारित संघसंस्था तथा खर्च केन्द्रहरू (डिभिजन वन कार्यालयहरू र भू तथा जलाधार व्यवस्थापन कार्यालय), उप-जलाधार समन्वय समिति आदि लाई क्षमतामा अभिवृद्धिको प्रस्तावित मिति, विषयवस्तु र कार्यक्रम सञ्चालन स्थलको बारेमा अग्रिम सूचना र जानकारी दिने,
- क्षमतामा अभिवृद्धिका सहभागी छनोट गर्दा महिला, आदिवासी र स्थानीय समुदायलाई प्राथमिकता दिनु पर्ने छ । महिला सहभागीहरुको ५०% सहभागिता सुनिचित गर्ने,
- क्षमतामा अभिवृद्धि पूर्व (Pre-Test) र पश्चातको (Post-Test) परीक्षा गर्ने,
- क्षमतामा अभिवृद्धि संचालनका क्रममा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan) र गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) का प्रावधानहरु सुनिश्चित गर्ने,
- संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ.



प्रदेश सचिव

बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,

- तालिम कार्यान्वयन भइरहेका अवस्था र सम्पन्न भएको प्रकृया र अवस्थाको श्रव्य दृश्य (फोटो, भिडियो) अभिलेख राख्ने,
- क्षमतामा अभिवृद्धि संचालन, खुल्ला छलफल र कार्ययोजना निर्माण गर्ने,
- प्रतिवेदन तयार तथा तथ्याङ्क सङ्कलन गर्ने,
- कार्य योजनाको कार्यान्वयन अवस्थाको अनुगमन र छलफल गर्ने।

**अपेक्षित उपलब्धि:**

- प्रकृतिमा आधारित समाधानका उपायहरु (NbS) द्वारा समुदायको जीविकोपार्जनका स्रोतहरू र सम्पत्तिहरूमा जलवायुजन्य जोखिमहरू असर कम गर्ने।
- जलवायुजन्य प्रकोपहरू जस्तै पहिरो, बाढी, खडेरी र वन डढेलोका विरुद्ध मरिण जलाधारका संकटासन्न घरधुरीहरुको अनुकूलन क्षमता वृद्धि भएको हुने छ ।

**सहयोगी सूचकहरू:**

- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावको लागि अनुकूलनका अभ्यासहरू प्रयोग गर्ने स्थानीय घरधुरीहरुको संख्या।
- वन व्यवस्थापनमा सुधार भएका योजनासहितको सामुदायिक वन र कबुलियती वनको सङ्ख्या।

## २.४३. कबुलियती वन समूहहरूलाई सीपमूलक तालिम (सामग्री/उपकरणसहित) (२.६.४.५२०)

**2.43. Support skill base training (including equipment)**

**पृष्ठभूमि/परिचय:**

राष्ट्रिय वनको हैसियत कमजोर भएका क्षेत्रमा हरियाली प्रवर्द्धन गर्दै वनको दिगो विकासमार्फत गरिबीको रेखामुनि रहेका स्थानीय वन उपभोक्ताहरूको जीविकोपार्जनमा योगदान पुऱ्याउने उद्देश्यले कबुलियती वन विकास तथा प्रवर्द्धन कार्यक्रम कार्यान्वयन हुँदै आएको छ। यस कार्यक्रमले वनको अवस्था सुधार गर्नुका साथै उपभोक्ताहरूलाई दाउरा, घाँस, काठ लगायत आवश्यक वन पैदावारको दिगो आपूर्ति सुनिश्चित गर्न सहयोग पुऱ्याउँछ।

तर, कबुलियती वन व्यवस्थापनमा न्यून उत्पादकत्व, ढिलो प्रतिफल प्राप्ति तथा समूहहरूको सीमित प्राविधिक क्षमताजस्ता चुनौतीहरू विद्यमान छन्। यस कारण कार्यक्रमलाई अझ प्रभावकारी बनाउन कबुलियती वन समूहहरूलाई आवश्यक सीपमूलक तालिम, सामग्री तथा उपकरण उपलब्ध गराइनेछ। यसबाट वनको दिगो व्यवस्थापन र उपयोग प्रवर्द्धन हुनुका साथै उपभोक्ताहरूको जीविकोपार्जनमा सुधार, आयआर्जनका अवसरहरूको विस्तार तथा वनजन्य उद्यम विकासमा समेत टेवा पुग्ने अपेक्षा गरिएको छ।



प्रदेश सचिव

उद्देश्यः

यस क्रियाकलापको उद्देश्य कबुलियती वन समूहहरूलाई सीपमूलक तालिम तथा आवश्यक उपकरण र सामग्री उपलब्ध गराई जीविकोपार्जनका स्रोतहरूको विविधीकरण गर्नुका साथै कबुलियती वन व्यवस्थापनलाई सुदृढ बनाउँदै वनको दिगो उपयोग, उत्पादन वृद्धि र वनजन्य आयआर्जनमा योगदान पुऱ्याउनु हो।

कार्यान्वयन प्रक्रियाः

- डिभिजन/सब-डिभिजन वन कार्यालय/भू तथा जलाधार व्यवस्थापन कार्यालय र परियोजना व्यवस्थापन इकाईसँगको समन्वयमा मरिण जलाधारको प्राथमिकता प्राप्त उप-जलाधारहरु भित्र रहेका कबुलियती वनको पहिचान गर्ने,
- कबुलियती वन समूहहरूको छनोट गर्दा निम्न मापदण्डहरूलाई प्राथमिकता दिनु पर्नेछः
    - परियोजनाको कार्यक्षेत्रभित्र पर्ने समूह
    - विपन्न तथा आदिवासी जनजाति उपभोक्ताहरूको संख्यात्मक बाहुल्यता रहेको समूह
- कबुलियती वन समूहका लागि सीपमूलक तालिम आवश्यकता पहिचान गर्ने,
- डिभिजन वन कार्यालयल कार्यालयले सामुदायिक वन उपभोक्ता समूहहरू सँग समन्वय गरि क्ष सीपमूलक तालिमका लागि स्थान र मिति तय गर्ने,
- आवश्यक स्रोत सामाग्रीहरुको पूर्व तयारी एवं श्रोत व्यक्ति, अवधारण पत्र, तालिममा छलफल गर्ने विषयवस्तुको तयारी गरी क्षमतामा अभिवृद्धिको तालिका बनाउने,
- आवश्यक स्रोत सामग्री तयार गर्दा परियोजना दस्तावेज, अध्ययन प्रतिवेदन, स्थानीय आवश्यकता पहिचान र लक्षित समूह/क्षेत्रहरूको आवश्यकताहरुलाई आधार बनाउनु पर्ने छ,
- तालिम लागि सहजीकरण गर्नको लागि सम्भावित विषय विज्ञ तथा स्रोत व्यक्तिहरुको रोस्टर तयार र अध्यावधिक गर्नु पर्ने,
- तालिम संचालन गर्दा बजेट रकम सहभागी भत्ता, प्रशिक्षण भत्ता, समन्वय भत्ता, स्टेशनरी, तालिम सामग्री, सेसन फि, हेन्डआउट वापत, खाना तथा खाजा, यातायात खर्च, इन्धन, हलभाडा, प्रचार-प्रसार सामग्री, प्रतिवेदन लेखन लगायतमा खर्च गर्न सकिनेछ,
- तालिमको प्रस्तावित मिति, विषयवस्तु र कार्यक्रम सञ्चालन स्थलको बारेमा अग्रिम सूचना र जानकारी दिने,
- तालिम सहभागी छनोट गर्दा महिला, आदिवासी र स्थानीय समुदायलाई प्राथमिकता दिनु पर्ने छ । महिला सहभागीहरुको ५०% सहभागिता सुनिचित गर्ने,
- यस क्रियाकलापले स्थानीय समुदायलाई घोंद काठहरुलाई बहुउपयोगी तथा मूल्य अभिवृद्धि भएका उत्पादनहरू तयार गर्ने सीपमूलक तालिम सञ्चालन र उद्यम संचालन सहयोग समेत गर्न सक्नेछ,
- सीपमूलक तालिम पश्चात आवश्यक उपकरण र सामग्री वितरण गर्ने,
- क्षमतामा अभिवृद्धि पूर्व (Pre-Test) र पश्चातको (Post-Test) परीक्षा गर्ने,



प्रदेश सचिव

- तालिम संचालनका क्रममा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan) र गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) का प्रावधानहरु सुनिश्चित गर्ने,
- संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने.
- तालिम कार्यान्वयन भइरहेका अवस्था र सम्पन्न भएको प्रकृया र अवस्थाको श्रव्य दृश्य (फोटो, भिडियो) अभिलेख राख्ने,
- कबुलियती वन समूहलाई सीपमूलक तालिम पश्चात आवश्यक उपकरण र सामग्री वितरण गर्ने,
- तालिम संचालन, खुल्ला छलफल र कार्ययोजना निर्माण गर्ने,
- प्रतिवेदन तयार तथा तथ्याङ्क सङ्कलन गर्ने,
- कार्य योजनाको कार्यान्वयन अवस्थाको अनुगमन र छलफल गर्ने।

अपेक्षित उपलब्धिः

- प्रकृतिमा आधारित समाधान (NbS) का उपायहरु द्वारा समुदायको जीविकोपार्जनका स्रोतहरू र सम्पत्तिहरूमा जलवायुजन्य जोखिमहरू असर कम गर्ने।
- जलवायुजन्य प्रकोपहरू जस्तै पहिरो, बाढी, खडेरी र वन डढेलोका विरुद्ध मरिण जलाधारका संकटासन्न घरधुरीहरुको अनुकूलन क्षमता वृद्धि भएको हुने छ ।

सहयोगी सूचकहरू:

- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावको लागि अनुकूलनका अभ्यासहरू प्रयोग गर्ने स्थानीय घरधुरीहरुको संख्या।

## २.४४. कबुलियती वन समूहहरूका उद्यमीलाई सशक्तीकरण सहयोग (आ. व. २०८२/८३ का सहभागीहरुलाई निरन्तर सहयोग) (२.६.४.५२७)

**2.44. Follow-up support entrepreneur (FY26 continuous support)**

पृष्ठभूमि/परिचयः

राष्ट्रिय वनको हैसियत कमजोर भएका क्षेत्रमा हरियाली प्रवर्द्धन गर्दै वनको दिगो विकासमार्फत गरिबीको रेखामुनि रहेका स्थानीय वन उपभोक्ताहरूको जीविकोपार्जनमा योगदान पुऱ्याउने उद्देश्यले कबुलियती वन विकास तथा प्रवर्द्धन कार्यक्रम कार्यान्वयन हुँदै आएको छ।यस कार्यक्रमले वनको अवस्था सुधार गर्नुका साथै



प्रदेश सचिव

उपभोक्ताहरूलाई दाउरा, घाँस, काठ लगायत आवश्यक वन पैदावारको दिगो आपूर्ति सुनिश्चित गर्न सहयोग पुऱ्याउँछ। तर, कबुलियती वन व्यवस्थापनमा न्यून उत्पादकत्व, प्रतिफल प्राप्त हुन लामो समय लाग्ने तथा समूहहरूको सीमित प्राविधिक क्षमताजस्ता चुनौतीहरू विद्यमान छन्। यी चुनौतीहरूलाई सम्बोधन गर्दै कार्यक्रमलाई थप प्रभावकारी बनाउन आ.व. २०८२/८३ मा उद्यमशीलता विकास अन्तर्गत कबुलियती वन समूहका सदस्यहरूलाई मुडा बनाउने तालिम तथा आवश्यक सामग्रीहरू प्रदान गरिएको छ। यसको निरन्तरताका रूपमा समूहहरूको सशक्तीकरणका लागि सक्रिय सदस्यहरूलाई पुनर्ताजगी तालिम, सक्रिय तथा इच्छुक सदस्यहरूबीच नेटवर्किङ, उद्यम दर्ता, बजारीकरण तथा व्यवसाय प्रवर्द्धन, सामग्री तथा उपकरणहरु आदि सहयोग उपलब्ध गराइनेछ। यसबाट कबुलियती वनको दिगो व्यवस्थापन र उपयोग प्रवर्द्धन हुनुका साथै उपभोक्ताहरूको जीविकोपार्जनमा सुधार, आयआर्जनका अवसरहरूको विस्तार तथा वनजन्य उद्यम विकासमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।

उद्देश्यः

कबुलियती वन समूहका सक्रिय तथा इच्छुकहरूको उद्यमशील तथा संस्थागत क्षमता अभिवृद्धि गर्दै पुनर्ताजगी तालिम, नेटवर्किङ, सामग्री तथा उपकरणहरु, उद्यम दर्ता तथा बजारीकरणमा सहयोगमार्फत वनमा आधारित उद्यमहरूको विकास र दिगोपन प्रवर्द्धन गर्नुका साथै जीविकोपार्जनमा सुधार ल्याउनु।

कार्यान्वयन प्रक्रियाः

- डिभिजन/सब-डिभिजन वन कार्यालय/भू तथा जलाधार व्यवस्थापन कार्यालय र परियोजना व्यवस्थापन इकाईसँगको समन्वयमा आ.व. २०८२/८३ मा उद्यमशीलता विकासका लागि तालिम दिएका कबुलियती वन समूह र सदस्यहरू बिच समन्वय बैठक गर्ने,
- उद्यमीलाई सशक्तीकरणका लागि आवश्यकता पहिचान गर्ने। आवश्यकता पहिचान गर्दा पुनर्ताजगी तालिम, सक्रिय तथा इच्छुक सदस्यहरूबीच नेटवर्किङ, उद्यम दर्ता, सामग्री तथा उपकरणहरु, बजारीकरण तथा व्यवसाय प्रवर्द्धन आदि जस्ता विषयवस्तु समावेस गर्ने,
- पुनर्ताजगी तालिम लागि सहजीकरण गर्नको लागि सम्भावित विषय विज्ञ तथा स्रोत व्यक्तिहरुको रोस्टर तयार र अध्यावधिक गर्नु पर्ने,
- पुनर्ताजगी तालिम, नेटवर्किङ, उद्यम दर्ता तथा बजारीकरण, सामग्री तथा उपकरणहरु सहयोग गर्दा बजेट रकम सहभागी भत्ता, प्रशिक्षण भत्ता, समन्वय भत्ता, स्टेशनरी, तालिम सामग्री, सेसन फि, हेन्डआउट वापत, खाना तथा खाजा, यातायात खर्च, इन्धन, हलभाडा, प्रचार-प्रसार सामग्री, प्रतिवेदन लेखन लगायतमा खर्च गर्न सकिनेछ ।
- क्षमतामा अभिवृद्धि पूर्व (Pre-Test) र पश्चातको (Post-Test) परीक्षा गर्ने,
- क्रियाकलाप संचालनका क्रममा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan)



प्रदेश सचिव

र गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) का प्रावधानहरु सुनिश्चित गर्ने,

- संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,
- क्रियाकलाप कार्यान्वयन भइरहेका अवस्था र सम्पन्न भएको प्रकृया र अवस्थाको श्रव्य दृश्य (फोटो, भिडियो) अभिलेख राख्ने,
- क्रियाकलाप संचालन, खुल्ला छलफल र कार्ययोजना निर्माण गर्ने,
- प्रतिवेदन तयार तथा तथ्याङ्क सङ्कलन गर्ने,
- कार्य योजनाको कार्यान्वयन अवस्थाको अनुगमन र छलफल गर्ने।

अपेक्षित उपलब्धिः

- प्रकृतिमा आधारित समाधान (NbS) का उपायहरु द्वारा समुदायको जीविकोपार्जनका स्रोतहरू र सम्पत्तिहरूमा जलवायुजन्य जोखिमहरू असर कम गर्ने।
- जलवायुजन्य प्रकोपहरू जस्तै पहिरो, बाढी, खडेरी र वन डढेलोका विरुद्ध मरिण जलाधारका संकटासन्न घरधुरीहरुको अनुकूलन क्षमता वृद्धि भएको हुने छ ।

सहयोगी सूचकहरू:

- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावको लागि अनुकूलनका अभ्यासहरू प्रयोग गर्ने स्थानीय घरधुरीहरुको संख्या।

## २.४५. कबुलियती वन समूहहरूलाई फलफूल र अन्य बिरुवा सहयोग (११.४.१७.२१४७)

### 2.45. Fruits and other seedlings support

पृष्ठभूमि/परिचयः

राष्ट्रिय वनको हैसियत कमजोर भएका क्षेत्रहरूमा हरियाली प्रवर्द्धन तथा वनको व्यवस्थापनमार्फत गरिबीको रेखामुनि रहेका स्थानीय वन उपभोक्ताहरूको जीविकोपार्जनमा योगदान पुऱ्याउने उद्देश्यले कबुलियती वन विकास तथा प्रवर्द्धन कार्यक्रम कार्यान्वयन हुँदै आएको छ। यस कार्यक्रमले वनको अवस्था सुधार गर्नुका साथै उपभोक्ताहरूलाई दाउरा, घाँस, काठ लगायत आवश्यक वन पैदावारको दिगो आपूर्ति सुनिश्चित गर्न सहयोग पुऱ्याउँछ। जलाधार क्षेत्रभित्रका सिमान्त तथा कम उत्पादनशील भूमिहरू जलवायु परिवर्तनका प्रभावका कारण बाढी, पहिरो, भूक्षय तथा जमिन कटानजस्ता जोखिमप्रति बढी संवेदनशील बन्दै गएका छन्। यस्तो अवस्थामा वृक्षारोपणका लागि फलफूल तथा बहुउपयोगी बिरुवा सहयोगले वन क्षेत्रको पुनःस्थापना, जैविक विविधता संरक्षण, माटो तथा पानी संरक्षण र जलवायु परिवर्तन अनुकूलनमा महत्वपूर्ण योगदान पुऱ्याउँछ। साथै, यसले स्थानीय समुदायको आयआर्जन तथा जीविकोपार्जनमा टेवा पुऱ्याई वन व्यवस्थापन र संरक्षणलाई थप प्रभावकारी बनाउन सहयोग गर्दछ।



प्रदेश सचिव

उद्देश्यः
वृक्षारोपणका लागि फलफूल तथा बहुउपयोगी बिरुवा सहयोगमार्फत कबुलियती वन क्षेत्रको पुनःस्थापना, माटो तथा पानी संरक्षण, जैविक विविधता सुदृढीकरण र स्थानीय वन उपभोक्ताहरूको दिगो जीविकोपार्जन तथा आयआर्जनमा योगदान पुऱ्याउनु।

कार्यान्वयन प्रक्रियाः

- डिभिजन वन कार्यालय, गाउँपालिका/नगरपालिका/वडा कार्यालय, कबुलियती वन समूह र उप-जलाधार समन्वय समिति सँगको समन्वयमा मरिण जलाधारको प्राथमिकता प्राप्त उप-जलाधारहरु भित्र वृक्षारोपणका लागि फलफूल तथा बहुउपयोगी बिरुवा सहयोगका लागि क्षेत्र पहिचान गर्ने,
- वृक्षारोपणका लागि बिरुवा सहयोग गर्दा मरिण जलाधारको भूगोल सुहाउँदो/रैथाने कम्तिमा २ बर्षे उच्च गुणस्तरको फलफूल तथा बहुउपयोगी बिरुवाहरू लाई प्राथमिकता दिनु पर्ने छ साथै सहयोगले स्थानीय समूहको मागलाई समेत सम्बोधन गर्ने गरी बहुउद्देशीय मिश्रित प्रजातिहरु उपलब्ध गराउने,
- वृक्षारोपणका लागि बिरुवा सहयोग गर्दा क्लष्टर कबुलियती वन समूह छनोट, नक्सांकन गरी क्षेत्रफल एकिन गर्ने, बिरुवा सहयोगका लागि सही समय, दूरी र प्रविधि अनुसार वृक्षारोपणका लागि स्वीकृत नर्मस् मा आधारित स्वीकृत लागत अनुमान बमोजिम खर्च गरी फलफूल तथा बहुउपयोगी बिरुवाहरू वृक्षारोपण प्लट स्थापना गर्ने,
- कबुलियती वन समूहसंग कार्य सम्झौता, स्रोत साधन बाँडफाँड र जनसहभागिता परिचालन गर्ने,
- वृक्षारोपणका लागि बिरुवा सहयोग पश्चात संरक्षण र रेखदेखको निम्ति सम्बन्धीत कबुलियती वन समूहलाई परिचालन गर्ने,
- कार्यक्रम स्थलमा परियोजनाको विस्तृत विवरण खुल्ने गरी अनिवार्यरुपमा होर्डिङ बोर्ड/सूचना पाटी राख्नु पर्ने,
- कार्यक्रम गर्नु अगाडी, कार्यक्रम भइरहेका अवस्था र सम्पन्न भएको प्रकृया र अवस्थाको श्रव्य दृश्य (फोटो, भिडियो) अभिलेख राख्ने,
- कार्य संचालनका क्रममा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan) र गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) का प्रावधानहरु सुनिश्चित गर्ने,
- संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ.



प्रदेश सचिव

बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,

- डिभिजन वन कार्यालय/परियोजना व्यवस्थापन ईकाईले नियमित रुपमा अनुगमन, मुल्यांकन तथा पृष्ठपोषण गर्ने,
- प्रतिवेदन तयार तथा तथ्याङ्क सङ्कलन गर्ने।

अपेक्षित उपलब्धि:

- प्रकृतिमा आधारित समाधान (NbS) का उपायहरु द्वारा समुदायको जीविकोपार्जनका स्रोतहरू र सम्पत्तिहरूमा जलवायुजन्य जोखिमहरू असर कम गर्ने।
- जलवायुजन्य प्रकोपहरू जस्तै पहिरो, बाढी, खडेरी र वन डढेलोका विरुद्ध मरिण जलाधारका संकटासन्न घरधुरीहरुको अनुकूलन क्षमता वृद्धि भएको हुने छ।

सहयोगी सूचक:

- जलवायु प्रकोप जोखिम विरुद्ध उत्थानशीलता वृद्धिका लागि NbS मार्फत क्षयग्रस्त/जोखिम भूमिको पुनर्स्थापना/स्थिर भएका क्षेत्रफल।
- वन व्यवस्थापनमा सुधार भएका सामुदायिक वन र कबुलियती वनको सङ्ख्या।

## २.४६. कबुलियती वन समूहहरूलाई संस्थागत क्षमता विकास तालिम (२.६.४.५२९)

### 2.46. Institutional capacity building training

पृष्ठभूमि/परिचय:

राष्ट्रिय वनको हैसियत कमजोर भएका क्षेत्रहरूमा हरियाली प्रवर्द्धन तथा वन व्यवस्थापनमार्फत गरिबीको रेखामुनि रहेका स्थानीय वन उपभोक्ताहरूको जीविकोपार्जनमा योगदान पुऱ्याउने उद्देश्यले कबुलियती वन विकास तथा प्रवर्द्धन कार्यक्रम कार्यान्वयन हुँदै आएको छ। यस कार्यक्रमले वनको अवस्था सुधार गर्नुका साथै उपभोक्ताहरूलाई दाउरा, घाँस, काठ लगायत आवश्यक वन पैदावारको दिगो आपूर्ति सुनिश्चित गर्न सहयोग पुऱ्याउँछ। यद्यपि, कबुलियती वन समूहहरूको योजना निर्माण, कार्यान्वयन र अनुगमन प्रक्रियामा सीमित क्षमता तथा नियमित सहजीकरणको अभावका कारण अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन। यस अवस्थालाई मध्यनजर गर्दै कबुलियती वन समूहहरूको संस्थागत क्षमता विकास आवश्यक देखिएको छ। यसले समूहको पारदर्शिता, सहभागिता र उत्तरदायित्व सुधार गर्नुका साथै वनको दिगो उपयोग, उत्पादन वृद्धि र वनजन्य आयआर्जनलाई प्रोत्साहन गर्दै समग्र वन व्यवस्थापनलाई प्रभावकारी बनाउन सहयोग पुऱ्याउनेछ।

उद्देश्य:

यस क्रियाकलापको उद्देश्य कबुलियती वन समूहहरूको संस्थागत क्षमता विकास गर्दै योजना निर्माण, कार्यान्वयन र अनुगमन प्रक्रियालाई प्रभावकारी बनाइ पारदर्शिता, सहभागिता र उत्तरदायित्व सुदृढ गर्नुका साथै वनको दिगो व्यवस्थापन, उत्पादन वृद्धि र वनजन्य आयआर्जन प्रवर्द्धनमा योगदान पुर्याउनु हो।



प्रदेश सचिव

**कार्यान्वयन प्रक्रियाः**

- डिभिजन/सब-डिभिजन वन कार्यालय/भू तथा जलाधार व्यवस्थापन कार्यालय/परियोजना व्यवस्थापन इकाईसँगको समन्वयमा मरिण जलाधारको प्राथमिकता प्राप्त उप-जलाधारहरु भित्र रहेका कबुलियती वनको पहिचान गर्ने,
- कबुलियती वन समूहहरूको छनोट गर्दा निम्न मापदण्डहरूलाई प्राथमिकता दिनु पर्नेछः
    - परियोजनाको कार्यक्षेत्रभित्र पर्ने समूह
    - क्षमता विकास गर्नु पर्ने समूह
    - विपन्न तथा आदिवासी जनजाति उपभोक्ताहरूको संख्यात्मक बाहुल्यता रहेको समूह
- आवश्यक स्रोत सामग्री तयार गर्दा परियोजना दस्तावेज, अध्ययन प्रतिवेदन, कबुलियती वन समूहहरुको आवश्यकता, नेपाल सरकारको नीति, नियम, निर्देशिकाहरुलाई आधार बनाउनु पर्ने छ,
- तालिम सहजीकरण गर्नको लागि सम्भावित विषय विज्ञ तथा स्रोत व्यक्तिहरुको रोस्टर तयार र अध्यावधिक गर्नु पर्ने,
- कबुलियती वन समूह/सहभागी हरूलाई तालिमको प्रस्तावित मिति, विषयवस्तु र कार्यक्रम सञ्चालन स्थलको बारेमा अग्रिम सूचना र जानकारी दिने,
- तालिमका सहभागी छनोट गर्दा महिला, आदिवासी र स्थानीय समुदायलाई प्राथमिकता दिनु पर्ने छ, जस मध्य महिलाको सहभागीता ५०% सुनिश्चित गर्नु पर्ने छ,
- क्षमतामा अभिवृद्धि पूर्व (Pre-Test) र पश्चातको (Post-Test) परीक्षा गर्ने,
- कार्य संचालनका क्रममा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan) र गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) का प्रावधानहरु सुनिश्चित गर्ने,
- संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,
- तालिम कार्यान्वयन भइरहेका अवस्था र सम्पन्न भएको प्रकृया र अवस्थाको श्रव्य दृश्य (फोटो, भिडियो) अभिलेख राख्ने,
- तालिम संचालन, खुल्ला छलफल र कार्ययोजना निर्माण गर्ने,
- प्रतिवेदन तयार तथा तथ्याङ्क सङ्कलन गर्ने,
- कार्य योजनाको कार्यान्वयन अवस्थाको अनुगमन र छलफल गर्ने।

प्रदेश सचिव

अपेक्षित उपलब्धि:

- प्रकृतिमा आधारित समाधान (NbS) का उपायहरु द्वारा समुदायको जीविकोपार्जनका स्रोतहरू र सम्पत्तिहरूमा जलवायुजन्य जोखिमहरू असर कम गर्ने।
- जलवायुजन्य प्रकोपहरू जस्तै पहिरो, बाढी, खडेरी र वन डढेलोका विरुद्ध मरिण जलाधारका संकटासन्न घरधुरीहरुको अनुकूलन क्षमता वृद्धि भएको हुने छ ।

सहयोगी सूचकहरू:

- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावको लागि अनुकूलनका अभ्यासहरू प्रयोग गर्ने स्थानीय घरधुरीहरुको संख्या।

## २.४७. कबुलियती वन समूहहरूको कार्ययोजना संशोधन तथा कार्यान्वयनमा सहयोग (११.४.१७.२१६१)

## 2.47. Support for revision and implementation of leasehold forest operational plans

पृष्ठभूमि/परिचय:

राष्ट्रिय वनको हैसियत कमजोर भएका क्षेत्रहरूमा हरियाली प्रवर्द्धन गर्दै वन विकासमार्फत गरिबीको रेखामुनि रहेका स्थानीय वन उपभोक्ताहरूको जीविकोपार्जनमा योगदान पुऱ्याउने उद्देश्यले कबुलियती वन विकास तथा प्रवर्द्धन कार्यक्रम कार्यान्वयन हुँदै आएको छ। यस कार्यक्रमले बनको अवस्था सुधार गर्नुका साथै उपभोक्ताहरूलाई दाउरा, घाँस, काठ लगायतका आवश्यक वन पैदावारको दिगो आपूर्ति सुनिश्चित गर्न सहयोग पुऱ्याउँछ। कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न कबुलियती वन समूहहरूले समयावधिभित्र आफ्नो कार्ययोजना नियमित रूपमा पुनरावलोकन गर्न आवश्यक हुन्छ। यसै सन्दर्भमा यस क्रियाकलापले अवधि पुगि सकेका कबुलियती वन समूहको कार्ययोजना पुनरावलोकन तथा कार्यान्वयनमा सहयोग गर्ने छ।

उद्देश्य:

यस क्रियाकलापको उद्देश्य कबुलियती वन विकास तथा प्रवर्द्धनलाई थप सुदृढ र दिगो बनाउन कार्ययोजना पुनरावलोकन तथा कार्यान्वयनमा सहयोग पुर्याउन रहेको छ।

कार्यान्वयन प्रक्रिया:

- डिभिजन/सब-डिभिजन वन कार्यालय/भू तथा जलाधार व्यवस्थापन कार्यालय/परियोजना व्यवस्थापन इकाई बिच आवश्यक तयारी तथा कबुलियती वन समूहहरू पहिचान गर्ने,
- कबुलियती वन समूहहरूको छनोट गर्दा निम्न मापदण्डहरूलाई प्राथमिकता दिनु पर्नेछ:
    - परियोजनाको कार्यक्षेत्रभित्र पर्ने समूह
    - कार्ययोजना नविकरण गर्नका लागि आर्थिक स्रोतको कमि भएको समूह
    - बिपन्न तथा आदिवासी जनजाति उपभोक्ताहरूको संख्यात्मक बाहुल्यता रहेको समूह
- कार्ययोजना तयार तथा परिमार्जन गर्दा कृषि, पशुपन्छी, वन तथा बातावरण मन्त्रालय, बागमती प्रदेशले जारि गरेको कबुलियती वन सम्बन्धी मापदण्डहरु सुनश्चित गर्ने,



प्रदेश सचिव

- कार्ययोजना तयारी तथा परिमार्जन प्रक्रिया, वन संरक्षणको महत्व, सुशासन र समूहको भूमिकासम्बन्धी तालिम तथा जनचेतना अभिवृद्धि, साथै सर्भे र नक्साङ्कन, विधान, कार्ययोजना तथा जीविकोपार्जन सुधार योजना तयारी, प्रिन्टिङ र बाइन्डिङ तथा कार्ययोजना कार्यान्वयनमा यस शीर्षकको रकम खर्च गर्न सकिनेछ,
- कार्ययोजना तयारी तथा परिमार्जन गर्दा जलवायु परिवर्तनका असर, अनुकलन तथा न्यूनीकरणका उपाय, जलाधार व्यवस्थापन सम्बन्धी प्रावधानहरु संलग्न गर्ने,
- कार्य संचालनका क्रममा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan) र गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) का प्रावधानहरु सुनिश्चित गर्ने,
- संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,
- डिभिजन/सब-डिभिजन वन कार्यालय/परियोजना व्यवस्थापन ईकाईले नियमित रुपमा अनुगमन, मुल्यांकन तथा पृष्ठपोषन गर्ने,
- प्रतिवेदन तयार तथा तथ्याङ्क सङ्कलन गर्ने।

अपेक्षित उपलब्धिः

- प्रकृतिमा आधारित समाधानका उपायहरु (NbS) द्वारा समुदायको जीविकोपार्जनका स्रोतहरू र सम्पत्तिहरूमा जलवायुजन्य जोखिमहरू असर कम गर्ने।
- जलवायुजन्य प्रकोपहरू जस्तै पहिरो, बाढी, खडेरी र वन डढेलोका विरुद्ध मरिण जलाधारका संकटासन्न घरधुरीहरुको अनुकूलन क्षमता वृद्धि भएको हुने छ ।

सहयोगी सूचकहरूः

- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावको लागि अनुकूलनका अभ्यासहरू प्रयोग गर्ने स्थानीय घरधुरीहरुको संख्या।
- वन व्यवस्थापनमा सुधार भएका योजनासहितको सामुदायिक वन र कबुलियती वनको सङ्ख्या।

## २.४८. बायोइन्जिनियरिङ (बाँस, भेटिभर, वृक्षारोपण) प्रविधि मार्फत नदी/खोला किनारको संरक्षण/क्षतिग्रस्त भूमि पुनर्स्थापना (११.४.१७.२१४५)

**2.48. Riverbank protection/ degraded land restoration through bamboo including vetiver/plantation/fencing/bioengineering**



प्रदेश सचिव

## पृष्ठभूमि/परिचयः

मरिण जलाधार क्षेत्रमा जलवायु परिवर्तनका कारण वर्षाको तीव्रता र आवृत्तिमा आएको परिवर्तनका कारण नदी/खोला किनार कटान, भू-क्षय, नदीको धार परिवर्तन, खेतियोग्य जमिन कटान, थेग्रीकरण आदिले गर्दा कृषि उत्पादनमा ह्रास र समुदायको जनजीविका कष्टकर बन्दै गइरहेको छ। खोला किनार संरक्षण कार्यमा खोलाको किनारमा कटान हुन नदिने तथा सँगैको बसोबास तथा कृषि भूमिलाई जोगाउने कार्य गरिन्छ। खहरे नियन्त्रण गर्दा जलाधार क्षेत्रमा तथा पानी बग्ने निकासका किनारमा बिरुवा रोप्ने वा संरचना निर्माण गर्ने आदि कार्य गरी आसपास वा तल्लोतटीय क्षेत्रमा बसोबास तथा कृषि भूमिलाई जोगाउने कार्य गरिन्छ। नदी/खोला किनार संरक्षण गर्न बायोइन्जिनियरिङ प्रविधिको प्रयोग अत्यन्त महत्वपूर्ण छ। यस प्रविधिमा प्याकेजमा (वनस्पति साथै संरचनात्मक) क्रियाकलापहरु कार्यान्वयन गरिन्छ। वनस्पतिहरुमा बाँस, भेटिभर र रुख प्रजातिका बिरुवाहरुको वृक्षारोपण गरिने छ। साथै, भू संरक्षण गर्ने कम खर्चिलो प्रविधिहरु जस्तैः फसईन्, प्यालिसेड, वाट्लीङ, बाँस रोपन, घाँस रोपन, ब्रस लायेरिग, लाइब फेंसिङ आदि जस्ता प्रविधिहरु गरिनेछ। यस क्रियाकलापले बाढी, पहिरो तथा जमिन कटान जस्ता प्रकोपबाट हुने क्षति न्यूनीकरण, क्षतिग्रस्त भूमि पुनर्स्थापनामा सहयोग गर्नुका साथै जलाधारको दीगो व्यवस्थापनमा टेवा पुर्याउनेछ।

## उद्देश्यः

यस क्रियाकलापको उद्देश्य बायोइन्जिनियरिङ प्रविधि (वनस्पति साथै संरचनात्मक) मार्फत नदी/खोला किनारको संरक्षण, बसोबास तथा कृषि भूमिलाई संरक्षण, क्षतिग्रस्त भूमि पुनर्स्थापना सुनिश्चित गर्दै जलवायु जन्य जोखिमहरु प्रभावलाई न्यूनीकरण र स्थानीय समुदायको जीविकोपार्जाका स्रोत र सम्पतीहरुको संरक्षण योगदान पुर्याउँछ।

## कार्यान्वयन प्रक्रियाः

- भू तथा जलाधार व्यवस्थापन कार्यालय/डिभिजन डिभिजन वन कार्यालयले, सामुदायिक वन उपभोक्ता समिति, गाउँपालिका/नगरपालिका/वडा कार्यालय र उप-जलाधार समन्वय समिती समन्वयमा मरिण जलाधारको प्राथमिकता प्राप्त उप-जलाधार भित्र नदी/खोलाले क्षतिग्रस्त स्थान पहिचान गर्ने,
- पहिचान भएका प्राथमिकता प्राप्त नदि/खोलाहरूमा संरक्षण र क्षतिग्रस्त भूमि पुनर्स्थापना गर्दा माथिल्लो, मध्ये र तल्लो तटको जलाधार क्षेत्रको अनुगमन गरि प्याकेजमा (वनस्पति साथै संरचनात्मक) क्रियाकलापहरु तय गर्ने,
- नदि/खोलाहरूमा संरक्षण र क्षतिग्रस्त भूमि पुनर्स्थापना गर्दा संरचनात्मक क्रियाकलाप साथै कम खर्चिलो वनस्पति भू संरक्षण प्रविधिहरु (फ्यासिन, पालिसेड, वाटलिङ्ग, बाँस रोपण, घाँस रोपण, ब्रस लायेरिंग, लाइब फेंसिङ आदि) प्रयोग गर्ने,
- क्रियाकलाप कार्यान्वयन गर्ने क्षेत्रका स्थानीय समुदाय तथा घरधुरी/उपभोक्ता समूहलाई क्रियाकलाप, जिम्मेवारी र भूमिकाबारे स्पष्ट जानकारी दिन अभिमुखिकरण कार्यक्रम संचालन गर्ने,

प्रदेश सचिव

- क्रियाकलाप कार्यान्वयन चरणमा डिजाइन र लागत अनुमान तयार गरी उप-जलाधार स्तरीय समन्वय समितीको सहजीकरणमा उपभोक्ता समिती/सामुदायिक वन समूहसँग कार्य सम्झौता, श्रोत साधन बाँडफाँड र जनसहभागिता परिचालन गर्ने,
- आवश्यकता अनुसार सम्बन्धीत विषय विशेषज्ञ वा सेवा प्रदायक वा निर्माण व्यवसायी वा आपूर्तिकर्ता मार्फत कार्य क्षेत्रगत शर्त (ToR, Terms of Reference) र लागत अनुमान तयार गरी स्वीकृत गरी संघ तथा प्रदेशको प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावधान अनुसार गर्न सकिने छ,
- क्रियाकलाप कार्यान्वयन गर्नु अगाडी, भइरहेका अवस्था र सम्पन्न भएको प्रकृया र अवस्थाको श्रव्य दृश्य (फोटो, भिडियो) अभिलेख राख्ने,
- कार्यक्रम स्थलमा परियोजनाको विस्तृत विवरण जस्तै निर्माण स्थल, निर्माण शुरु र सम्पन्न मिति, लाभान्वित घरधुरी, लागत, समुदायको योगदान, जोखिम आदि खुल्ने गरी अनिवार्यरुपमा होर्डिङ बोर्ड/सूचना पाटी राख्नु पर्ने,
- क्रियाकलाप संचालनका क्रममा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan) र गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) का प्रावधानहरु सुनिश्चित गर्ने,
- संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,
- भू तथा जलाधार व्यवस्थापन कार्यालय/परियोजना व्यवस्थापन ईकाईले नियमित रुपमा अनुगमन, मुल्यांकन तथा पृष्ठपोषन गर्ने,
- प्रतिवेदन तयार तथा तथ्याङ्क सङ्कलन गर्ने।

**अपेक्षित उपलब्धि:**

- प्रकृतिमा आधारित समाधान (NbS) का उपायहरु द्वारा समुदायको जीविकोपार्जनका स्रोतहरू र सम्पत्तिहरूमा जलवायुजन्य जोखिमहरू असर कम गर्ने।
- जलवायुजन्य प्रकोपहरू जस्तै पहिरो, बाढी, खडेरी र वन डढेलोका विरुद्ध मरिण जलाधारका संकटासन्न घरधुरीहरुको अनुकूलन क्षमता वृद्धि भएको हुने छ ।

**सहयोगी सूचकहरू:**

- जलवायु प्रकोप जोखिम विरुद्ध उत्थानशीलता वृद्धिका लागि NbS मार्फत क्षयग्रस्त/जोखिम भूमिको पुनर्स्थापना/स्थिर भएका क्षेत्रफल।

## २.४९. खोल्सा/खोलाहरूमा छेकबाँध निर्माण (११.४.१७.२१९०)

**2.49. Check dams on priority streams**

### पृष्ठभूमि/परिचयः

मरिण जलाधारको अधिकास भाग चुरे क्षेत्रभित्र पर्दछ र यहाँका खोल्साहरूमा मनसुनको समयमा अत्यधिक बहाव आउँछ भने सुख्खा समयमा पानीको मात्रा अत्यधिक कम वा हुँदैन। यसले खेतियोग्य जमिन कटान, नदीको धार परिवर्तन, भू-क्षय तथा तल्लो तटमा कृषियोग्य जमिनमा बाढी र थेग्रिकरण जस्ता समस्याहरू निम्त्याउँछ। यस्ता प्राथमिकता प्राप्त खोल्सा/खोलाहरूमा छेकबाँध निर्माण गरेर भू-क्षय नियन्त्रण, पानीको बहावलाई नियन्त्रण, आसपास वा तल्लोतटीय क्षेत्रमा बसोबास तथा कृषि भूमिको संरक्षण तथा वर्षातको पानीको पुनःभरण सम्भव हुन्छ। छेकबाँधले सतही पानीको प्रवाह कम गर्न, गल्छी गहिरिने अवस्था नियन्त्रण गर्न तथा बगेर आएको सामग्रीलाई रोकथाम गरी भू-जल पुनःभरण, कृषि भूमिको संरक्षण, र तल्लो तटमा बाढीको जोखिम न्यूनीकरण, माटोको ओसिलोपन बढाउन सहयोग पुऱ्याउँछ। सोहि सन्दर्भमा खोल्सा/खोलाहरूमा छेकबाँध निर्माण गर्ने क्रियाकलाप तय गरिएको हो। यसले जलवायु जन्य प्रकोप न्यूनीकरण मार्फत समुदायको उत्थानशीलता वृद्धि साथै जलाधारको स्वास्थ्य निर्माण गर्न योगदान गर्नेछ।

### उद्देश्यः

यस क्रियाकलापको उद्देश्य सतही पानीको प्रवाह कम गर्न, गल्छी गहिरिने अवस्था नियन्त्रण गर्न तथा बगेर आएको सामग्रीलाई रोकथाम गरी भू-जल पुनःभरण, कृषि भूमिको संरक्षण र तल्लो तटमा बाढीको जोखिम न्यूनीकरण, माटोको ओसिलोपन बढाउन सहयोग पुऱ्याउँछ।

### कार्यान्वयन प्रक्रियाः

- यस क्रियाकलाप भन्नाले "प्राथमिकता प्राप्त खोल्सा/खोलाहरूमा छेकबाँध निर्माण" भन्ने बुझ्नु पर्ने छ,
- भू तथा जलाधार व्यवस्थापन कार्यालय, रामेछाप, सामुदायिक वन उपभोक्ता समिति, गाउँपालिका/नगरपालिका/वडा कार्यालय र उप-जलाधार समन्वय समिती समन्वयमा मरिण जलाधारको प्राथमिकता प्राप्त उप-जलाधार भित्र खोल्सा/खोलाहरूमा छेकबाँध निर्माण गर्ने स्थान पहिचान गर्ने,
- पहिचान भएका प्राथमिकता प्राप्त खोल्सा/खोलाहरूमा छेकबाँध निर्माण गर्दा माथिल्लो, मध्ये र तल्लो तटको जलाधार क्षेत्रको अनुगमन गरि प्याकेजमा (वनस्पति साथै संरचनात्मक) क्रियाकलापहरु तय गर्ने,
- खोल्सा/खोलाहरूमा छेकबाँध निर्माण गर्दा संरचनात्मक क्रियाकलाप साथै कम खर्चिलो बनस्पति भू संरक्षण प्रविधिहरु (फ्यासिन, पालिसेड, वाटलिङ्ग, बाँस रोपण, घाँस रोपण, ब्रस लायेरिंग, लाइव फेंसिङ आदि) प्रयोग गर्ने,



प्रदेश सचिव

- क्रियाकलाप कार्यान्वयन गर्ने क्षेत्रका स्थानीय समुदाय तथा घरधुरी/उपभोक्ता समूहलाई क्रियाकलाप, जिम्मेवारी र भूमिकाबारे स्पष्ट जानकारी दिन अभिमुखिकरण कार्यक्रम संचालन गर्ने,
- क्रियाकलाप कार्यान्वयन चरणमा डिजाइन र लागत अनुमान तयार गरी उप-जलाधार स्तरीय समन्वय समितीको सहजीकरणमा उपभोक्ता समिती/समूह/ सामुदायिक वन समूहसँग कार्य सम्झौता, श्रोत साधन बाँडफाँड र जनसहभागिता परिचालन गर्ने,
- आवश्यकता अनुसार सम्बन्धीत विषय विशेषज्ञ वा सेवा प्रदायक वा निर्माण व्यवसायी वा आपूर्तिकर्ता मार्फत कार्य क्षेत्रगत शर्त (ToR, Terms of Reference) र लागत अनुमान तयार गरी स्वीकृत गरी संघ तथा प्रदेशको प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावधान अनुसार गर्न सकिने छ,
- क्रियाकलाप कार्यान्वयन गर्नु अगाडी, भइरहेका अवस्था र सम्पन्न भएको प्रकृया र अवस्थाको श्रव्य दृश्य (फोटो, भिडियो) अभिलेख राख्ने,
- क्रियाकलाप स्थलमा परियोजनाको विस्तृत विवरण जस्तै निर्माण स्थल, निर्माण शुरु र सम्पन्न मिति, लाभान्वित घरधुरी,लागत, समुदायको योगदान,जोखिम आदि खुल्ने गरी अनिवार्यरुपमा होर्डिङ बोर्ड/सूचना पाटी राख्नु पर्ने,
- क्रियाकलाप संचालनका क्रममा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan) र गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) का प्रावधानहरु सुनिश्चित गर्ने,
- संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,
- भू तथा जलाधार व्यवस्थापन कार्यालय, रामेछाप र परियोजना व्यवस्थापन ईकाईले नियमित रुपमा अनुगमन, मुल्यांकन तथा पृष्ठपोषन गर्ने,
- प्रतिवेदन तयार तथा तथ्याङ्क सङ्कलन गर्ने।

अपेक्षित उपलब्धिः

- जलवायुजन्य प्रकोपहरू जस्तै पहिरो, बाढी, खडेरी, र वन डढेलोका विरुद्ध मरिण जलाधारका संकटासन्न घरधुरीहरुको अनुकूलन क्षमता वृद्धि भएको हुने छ।
- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावको लागि अनुकूलनका अभ्यासहरू प्रयोग गर्ने स्थानीय घरधुरीहरुको संख्या।

प्रदेश सचिव

सहयोगी सूचक:

- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावको लागि अनुकूलनका अभ्यासहरू प्रयोग गर्ने स्थानीय घरधुरीहरुको संख्या।

## २.५०. संरक्षण पोखरी निर्माण (११.४.१७.२१७४)

**2.50. Conservation ponds (for erosion control and landslide risk mitigation but will also contribute to improving water management – activity)**

पृष्ठभूमि/परिचय:

मरिण जलाधार क्षेत्रमा जलवायु परिवर्तनका कारण वर्षाको तीव्रता र आवृत्तिमा आएको परिवर्तनले पानीको बहाव, भू-क्षय, पहिरो, खडेरी र वन डढेलो जस्ता जोखिमहरू बढाएका छन्। यस्ता जोखिम न्यूनीकरण र समुदायको उत्थानशीलता बढाउन संरक्षण पोखरी एक महत्वपूर्ण प्रकृति आधारित उपाय हो। संरक्षण पोखरी भनेको सतही बहाव तथा अन्य जलस्रोतबाट बगेर जाने पानी संकलन र भण्डारण गर्ने उद्देश्यले बनाइने जलाशय हो। यसमा भण्डारण गरिएको पानीले भू-क्षय नियन्त्रण, सुख्खा मौसममा वन डढेलो न्यूनीकरण तथा सिँचाइमा सहयोग पुऱ्याउँछ। यस्ता पोखरीहरू पानीको माग बढी भएको, सिँचाइ सुविधा अभाव रहेको र लामो सुख्खा अवधि रहने क्षेत्रमा उपयुक्त हुन्छन्। सुख्खा मौसममा यसले कृषिका लागि पूरक सिँचाइ, घरेलु उपयोग तथा पशुपालनका लागि पानी उपलब्ध गराउँछ। संरक्षण पोखरी निर्माण केवल पानी संकलनमा सीमित नभई यसको दिगोपनका लागि पोखरी वरिपरि तथा जलाधार क्षेत्रमा गरिने वनस्पतीय र संरचनात्मक व्यवस्थापनलाई समेत समेट्छ। एउटै जलाधारमा धेरै पोखरी निर्माण गर्दा पानीको बहाव नियन्त्रणमा थप प्रभावकारी हुन्छ। पोखरीको पानी जमिनमा भूमिगत जल पुनर्भरण, माटोमा आर्द्रता वृद्धि र माटोको उत्पादकत्व सुधारमा सहयोग गर्छ। यसले सतही बहाव घटाई भू-क्षय नियन्त्रण गर्छ र सिँचाइका लागि थोपा तथा फिरफिरे जस्ता प्रविधिमा समेत उपयोग गर्न सकिन्छ। साथै, यो गाईवस्तुका लागि पिउने पानीको स्रोतका रूपमा पनि उपयोगी हुन्छ।

उद्देश्य:

यस क्रियाकलापको उद्देश्य वर्षामा सतहमा बग्ने पानीलाई सङ्कलन गरी पहिरो तथा भू-क्षय न्युन गर्ने, भूमिगत जल पुनर्भरण र माटोको ओसिलोपनामा सुधार गर्ने, संकलित पानीलाई सिँचाइ, माछा पालन, पशुपालन तथा अन्य उत्पादनमूलक र उपयोगी कार्यमा प्रयोग गर्ने, र खोलानदीको बहाव व्यवस्थापन गर्दै पानीको दिगो उपयोग सुनिश्चित गर्नु हो।

कार्यान्वयन प्रक्रिया:

- यस क्रियाकलाप भन्नाले "संरक्षण पोखरी निर्माण (भू-क्षय नियन्त्रण र पहिरो जोखिम न्यूनीकरण साथै जल व्यवस्थापन सुधारमा समेत योगदान गर्ने)" भन्ने बुझ्नु पर्ने छ,
- भू तथा जलाधार व्यवस्थापन कार्यालय/डिभिजन वन कार्यालयले, सामुदायिक वन उपभोक्ता समिति, गाउँपालिका/नगरपालिका/वडा कार्यालय र उप-जलाधार समन्वय समिती समन्वयमा मरिण जलाधारको प्राथमिकता प्राप्त उप-जलाधार भित्र संरक्षण पोखरी निर्माण स्थान पहिचान गर्ने,



प्रदेश सचिव

- संरक्षण पोखरी निर्माणमा भूगोल, माटोको प्रकार, पानीको बहाव, वर्षाको तीव्रता र आवृत्ति विश्लेषण गरी पोखरी र त्यसको जलाधार क्षेत्रलाई एउटै कार्य इकाईका रूपमा लिई क्रियाकलापहरू प्याकेजमा छनोट गर्ने,
- संरक्षण पोखरी निर्माण पोखरीको डिल तथा जलाधार क्षेत्रमा वनस्पति जस्तै फलफुलका प्रजाति, बाँस, भेटिभर आदिको वृक्षारोपण गर्ने।
- संरक्षण पोखरी निर्माण गर्दा पोखरी जमिन भित्र गाडिएको हुनुपर्ने, भित्र बाहिर निस्कने सिँढी, सुरक्षाका लागि बार आदि समावेश गर्ने,
- क्रियाकलाप कार्यान्वयन गर्ने क्षेत्रका स्थानीय समुदाय तथा घरधुरी/उपभोक्ता समूहलाई क्रियाकलाप, जिम्मेवारी र भूमिकाबारे स्पष्ट जानकारी दिन अभिमुखिकरण कार्यक्रम संचालन गर्ने,
- संरक्षण पोखरी निर्माण चरणमा डिजाइन र लागत अनुमान तयार गरी उप-जलाधार स्तरीय समन्वय समितीको सहजीकरणमा उपभोक्ता समिती/समूह/सामुदायिक वन समूहसँग कार्य सम्झौता, श्रोत साधन बाँडफाँड र जनसहभागिता परिचालन गर्ने,
- आवश्यकता अनुसार सम्बन्धीत विषय विशेषज्ञ वा सेवा प्रदायक वा निर्माण व्यवसायी वा आपूर्तिकर्ता मार्फत कार्य क्षेत्रगत शर्त (ToR, Terms of Reference) र लागत अनुमान तयार गरी स्वीकृत गरी संघ तथा प्रदेशको प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावधान अनुसार गर्न सकिने छ,
- संरक्षण पोखरी निर्माण गर्नु अगाडी, भइरहेका अवस्था र सम्पन्न भएको प्रकृया र अवस्थाको श्रव्य दृश्य (फोटो, भिडियो) अभिलेख राखे,
- संरक्षण पोखरी निर्माण स्थलमा परियोजनाको विस्तृत विवरण जस्तै निर्माण स्थल, निर्माण शुरु र सम्पन्न मिति, लाभान्वित घरधुरी, लागत, समुदायको योगदान,जोखिम आदि खुल्ने गरी अनिवार्यरुपमा होर्डिङ बोर्ड/सूचना पाटी राख्नु पर्ने,
- संरक्षण पोखरी निर्माण क्रममा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan) र गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) का प्रावधानहरु सुनिश्चित गर्ने,
- संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,

प्रदेश सचिव

- भू तथा जलाधार व्यवस्थापन कार्यालय, रामेछाप र परियोजना व्यवस्थापन ईकाईले नियमित रुपमा अनुगमन, मुल्यांकन तथा पृष्ठपोषन गर्ने,
- प्रतिवेदन तयार तथा तथ्याङ्क सङ्कलन गर्ने।

**अपेक्षित उपलब्धिः**

- प्रकृतिमा आधारित समाधान (NbS) का उपायहरु द्वारा समुदायको जीविकोपार्जनका स्रोतहरू र सम्पत्तिहरूमा जलवायुजन्य जोखिमहरू असर कम गर्ने।
- जलवायुजन्य प्रकोपहरू जस्तै पहिरो, बाढी, खडेरी र वन डढेलोका विरुद्ध मरिण जलाधारका संकटासन्न घरधुरीहरुको अनुकूलन क्षमता वृद्धि भएको हुने छ ।

**सहयोगी सूचकहरूः**

- जलवायु प्रकोप जोखिम विरुद्ध उत्थानशीलता वृद्धिका लागि NbS मार्फत क्षयग्रस्त/जोखिम भूमिको पुनर्स्थापना/स्थिर भएका क्षेत्रफल।
- वन व्यवस्थापनमा सुधार भएका सामुदायिक वन र कबुलियती वनको सङ्ख्या।

## २.५१. ढुङ्गे धारा, परम्परागत पोखरी र आहालहरूको वर्तमान अवस्था तथा संरक्षणका लागि आवश्यक क्रियाकलाप र रणनीति पहिचान सम्बन्धी अध्ययन (११.५.३०.३)

**2.51. Assessment of the current status and conservation needs of Dhunge Dhara, traditional ponds, and Ahals in the project area to support their revival**

**पृष्ठभूमि/परिचयः**

परियोजना सञ्चालनमा रहेका कमलामाई नगरपालिका, घ्याङलेख, मरिण र हरिहरपुरगढी क्षेत्रमा ढुंगेधारा, परम्परागत पोखरी तथा आहालहरू ऐतिहासिक, सांस्कृतिक तथा जल व्यवस्थापनका महत्वपूर्ण संरचनाका रूपमा समुदायले प्रयोग गर्दै आएका छन्। यी संरचनाहरू परम्परागत रूपमा पानी आपूर्ति, सिँचाइ, पशुपालन तथा दैनिक घरेलु आवश्यकताका लागि प्रमुख स्रोतका रूपमा प्रयोग हुँदै आएका थिए। साथै, यिनीहरूले भूमिगत जल पुनर्भरण, जलस्रोत संरक्षण तथा स्थानीय पारिस्थितिक प्रणालीको सन्तुलनमा समेत महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन्। तर, हालका बर्षहरूमा जलवायु परिवर्तन, शहरीकरण, भूमिको उपयोगमा आएको परिवर्तन, सुक्खा अवस्था, अतिक्रमण, तथा मर्मत र व्यवस्थापनको अभावका कारण यी परम्परागत जल व्यवस्थापन संरचनाहरूको अवस्था क्रमशः कमजोर हुँदै गएको छ। धेरै संरचनाहरू आंशिक रूपमा मात्र कार्यरत छन् भने केही पूर्ण रूपमा निष्क्रिय वा हराउने अवस्थामा पुगेका छन्। यसले स्थानीय समुदायको पानीमा पहुँच घटाउनुका साथै परम्परागत जल व्यवस्थापन प्रणालीलाई समेत कमजोर बनाएको छ। यस सन्दर्भमा, ढुंगेधारा, परम्परागत पोखरी र आहालहरूको वर्तमान अवस्था तथा संरक्षण आवश्यकताको विस्तृत अध्ययन गरी तिनको पुनर्स्थापना र पुनर्जीवनका लागि उपयुक्त रणनीति तयार गर्नु अत्यावश्यक भएको छ। यसले परम्परागत जलस्रोतहरूको पुनर्जीवन, पानीको उपलब्धता वृद्धि, जलस्रोतमा पहुँच सुधार, समुदायका ऐतिहासिक तथा सांस्कृतिक अभ्यासहरूको संरक्षण, जलवायु अनुकूलन र दिगो जीविकोपार्जनमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ। साथै, यस अध्ययनले स्थानीय तथा सम्बन्धीत सरकारी निकायहरूका लागि प्राथमिकताका कार्यहरू निर्धारण गर्न र नीतिगत निर्णय प्रक्रियामा समेत सहयोग पुऱ्याउनेछ।



प्रदेश सचिव

**उद्देश्यः**

कमलामाई नगरपालिका, घ्याङलेख, मरिण र हरिहरपुरगढी गाउँपालिकामा रहेका ढुंगेधारा, परम्परागत पोखरी तथा आहालहरूको वर्तमान अवस्था र संरक्षण आवश्यकताको मूल्याङ्कन गरी तिनको पुनर्स्थापना तथा पुनर्जीवनका लागि रणनीति तयार गर्दै परम्परागत जलस्रोत संरक्षण, जल उपलब्धता वृद्धि, जलवायु अनुकूलन र दिगो जीविकोपार्जनमा योगदान पुऱ्याउनु।

**कार्यान्वयन प्रक्रियाः**

- बागमती प्रदेश सरकार, कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय, हेटौंडा, नेपालले ढुङ्गे धारा, परम्परागत पोखरी र आहालहरूको वर्तमान अवस्था तथा संरक्षणका लागि आवश्यक क्रियाकलाप र रणनीति पहिचान सम्बन्धी अध्ययन तयारी बैठक गर्ने,
- अध्ययनका लागि क्षेत्रगत शर्त (Terms of Reference, ToR) र परामर्शदाता छनोट प्रक्रिया लागि मापदण्ड तयार गर्ने,
- सेवा तथा परामर्शदाता खरिदका लागि सञ्चार तथा सूचना प्रकाशन गर्ने,
- प्रस्तावहरूको छनोट, चयन गरिएको मापदण्डको आधारमा गर्ने,
- कार्य क्षेत्रगत शर्त अनुसार अध्ययन कार्य संचालन गर्ने,
- अध्ययनका क्रममा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan) र गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) का प्रावधानहरु सुनिश्चित गर्ने,
- संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,
- अध्ययन कार्य गर्दाको श्रव्य दृश्य (फोटो, भिडिओ) अभिलेख राख्ने,
- मस्यौदा अध्ययनको प्रतिवेदनमा छलफल र सुझाव संकलन गर्ने,
- छलफलबाट प्राप्त सल्लाह र सुझावहरू समावेश गर्दै प्रतिवेदन अन्तिम रुप दिने।

**अपेक्षित उपलब्धिः**

- प्रकृतिमा आधारित समाधानका उपायहरु (NbS) द्वारा समुदायको जीविकोपार्जनका स्रोतहरू र सम्पत्तिहरूमा जलवायुजन्य जोखिमहरू असर कम गर्ने।

प्रदेश सचिव

- जलवायुजन्य प्रकोपहरू जस्तै पहिरो, बाढी, खडेरी र वन डढेलोका विरुद्ध मरिण जलाधारका संकटासन्न घरधुरीहरुको अनुकूलन क्षमता वृद्धि भएको हुने छ ।

सहयोगी सूचकहरू:

- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावको लागि अनुकूलनका अभ्यासहरू प्रयोग गर्ने स्थानीय घरधुरीहरुको संख्या।
- वन व्यवस्थापनमा सुधार भएका योजनासहितको सामुदायिक वन र कबुलियती वनको सङ्ख्या।

## २.५२. प्रकृतिमा आधारित समाधानका उपायहरु (NbS) तथा कम खर्चिलो भू संरक्षण प्रविधि विकास तालिम (२.६.४.५२१)

**2.52. Train local communities to develop their skills required for implementation of the aforesaid NbS interventions (listed under activity 2.2.1.4).**

पृष्ठभूमि/परिचयः

जलवायु परिवर्तनका कारण विभिन्न जोखिम जस्तैः बाढी, पहिरो र खडेरी आदिले स्थानीय समुदायको जीवन, जीविकोपार्जनका स्रोतहरू र जलाधारमा असर पार्दै आएको छ। पछिल्लो समयमा वातावरण संरक्षण र जलवायु उत्थानशीलता वृद्धिका लागि प्रकृतिमा आधारित समाधानका उपायहरु (NbS) एक प्रभावकारी उपायका रूपमा स्थापित भईरहेको छ। NbS ले सामाजिक चुनौतिहरूलाई सम्बोधन गर्न प्राकृतिक वा परिमार्जित पारिस्थितिकिय प्रणालीहरूको उपयोग, संरक्षण, दिगो व्यवस्थापन वा पुनर्स्थापना गर्ने रणनीति तथा कार्यहरू समावेश गर्छ जसले समुदाय र प्रकृतिको उत्थानशीलता वृद्धिका लागि सहयोग गर्छ। तर, NbS सम्बन्धी समुदाय र विभिन्न सरोकारवालाहरुको ज्ञान, सीप, प्रविधिको पहुँच र क्षमता सीमित रहेको हुँदा, NbS सम्बन्धी तालिम तय गरिएको छ।

उद्देश्यः

यस क्रियाकलापको उद्देश्य स्थानीय समुदाय र सरोकारवालाहरुको प्रकृतिमा आधारित समाधानका उपायहरु सम्बन्धी अवधारणा, ज्ञान, सीप, प्रविधि र व्यवहारिक अभ्यासहरूमा क्षमता विकास गर्ने रहेको छ।

कार्यान्वयन प्रकियाः

- यस क्रियाकलाप भन्नाले "स्थानीय समुदायलाई प्रकृतिमा आधारित समाधानका उपायहरु (NbS) कार्यान्वयन गर्न आवश्यक ज्ञान, सिप र प्रविधि विकास तालिम" भन्ने बुझ्नु पर्ने छ,
- डिभिजन वन कार्यालय/भू तथा जलाधार व्यवस्थापन कार्यालयले आवश्यक तयारीका लागि बैठक गर्ने,
- आवश्यक स्रोत सामाग्रीहरुको पूर्व तयारी एवं श्रोत व्यक्ति, अवधारण पत्र, तालिममा छलफल गर्ने विषयवस्तुको तयारी गरी तालिका बनाउने,
- आवश्यक स्रोत सामग्री तयार गर्दा परियोजना दस्तावेज, अध्ययन प्रतिवेदन, स्थानीय आवश्यकता पहिचान र लक्षित समूह/क्षेत्रहरूको आवश्यकताहरुलाई आधार बनाउनु पर्ने छ,



प्रदेश सचिव

- तालिम कम्तीमा तिन दिनको हुनुपर्नेछ, जसमा कम्तीमा एक दिन प्रकृतिमा आधारित समाधानका उपायहरु (NbS) र कम खर्चिलो भू संरक्षण सम्बन्धी व्यावहारिक अभ्यास समावेश गर्नुपर्नेछ,
- तालिम सहजीकरण गर्नको लागि सम्भावित विषय विज्ञ तथा स्रोत व्यक्तिहरुको रोस्टर तयार र अद्यावधिक गर्नु पर्ने,
- स्थानीय समुदाय/सहभागी र प्राविधिक संस्थाहरूलाई तालिमको प्रस्तावित मिति, विषयवस्तु र कार्यक्रम सञ्चालन स्थलको बारेमा अग्रिम सूचना र जानकारी दिने,
- तालिमका सहभागी छनोट गर्दा महिला, आदिवासी र स्थानीय समुदायलाई प्राथमिकता दिनु पर्ने छ, जस मध्य महिलाको सहभागीता ५०% सुनिश्चित गर्नु पर्ने छ,
- तालिम पूर्व र तालिम पश्चातको परीक्षा गर्ने,
- तालिम संचालनका क्रममा क्रममा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan) र गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) का प्रावधानहरु सुनिश्चित गर्ने,
- संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,
- तालिम कार्यान्वयन भइरहेका अवस्था र सम्पन्न भएको प्रकृया र अवस्थाको श्रव्य दृश्य (फोटो, भिडियो) अभिलेख राख्ने,
- तालिम संचालन, खुल्ला छलफल र कार्ययोजना निर्माण गर्ने,
- प्रतिवेदन तयार तथा तथ्याङ्क सङ्कलन गर्ने,
- कार्य योजनाको कार्यान्वयन अवस्थाको अनुगमन र छलफल गर्ने।

अपेक्षित उपलब्धिः

- प्रकृतिमा आधारित समाधान (NbS) का उपायहरु द्वारा समुदायको जीविकोपार्जनका स्रोतहरू र सम्पत्तिहरूमा जलवायुजन्य जोखिमहरू असर कम गर्ने।
- जलवायुजन्य प्रकोपहरू जस्तै पहिरो, बाढी, खडेरी र वन डढेलोका विरुद्ध मरिण जलाधारका संकटासन्न घरधुरीहरुको अनुकूलन क्षमता वृद्धि भएको हुने छ ।

प्रदेश सचिव

सहयोगी सूचकः

- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावको लागि अनुकूलनका अभ्यासहरू प्रयोग गर्ने स्थानीय घरधुरीहरुको संख्या।
- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावका सम्बोधन लागि अनुकूलनका अभ्यासहरूमा ज्ञान र तालिम पाएका स्थानीय घरधुरीहरुको सङ्ख्या।
- जलवायु प्रकोप जोखिम विरुद्ध उत्थानशीलता वृद्धिका लागि NbS मार्फत क्षयग्रस्त/जोखिम भूमिको पुनर्स्थापना/स्थिर भएका क्षेत्रफल।
- वन व्यवस्थापनमा सुधार भएका सामुदायिक वन र कबुलियती वनको सङ्ख्या।

## २.५३. डिभिजन/सब-डिभिजन वन कार्यालयका कर्मचारीहरुलाई सामुदायिक तथा कबुलियत वन व्यवस्थापन तालिम (२.६.४.५३०)

**2.53. Train local forest officials for delivery of extension services and technical support to CFUGs for improved management of community and leasehold forests (linked to activities 2.2.1.1 and 2.2.1.2).**

पृष्ठभूमि/परिचयः

मरिण जलाधार क्षेत्र जलवायु परिवर्तनका दृष्टिले संवेदनशील क्षेत्रमा पर्दछ। जलवायु परिवर्तनका कारण वन डढेलो लगायतका विभिन्न जलवायुजन्य जोखिम तथा खुल्ला चरिचरणका कारण भू-क्षय र प्राकृतिक पुनरुत्पादनमा कमीले वनको क्षयीकरण बढ्दै गइरहेको छ। फलस्वरूप सामुदायिक तथा कबुलियती वनको व्यवस्थापनमा असर पारिरहेको छ। सोहि सन्दर्भमा सामुदायिक तथा कबुलियती वनहरूको व्यवस्थापनका लागि प्राविधिक सहयोग तथा परामर्श सेवा उपलब्ध गराउने उद्देश्यले डिभिजन/सब-डिभिजन वन कार्यालयका कर्मचारीहरुलाई तालिम तय गरिएको हो। डिभिजन तथा सब-डिभिजन वन कार्यालयका कर्मचारीहरू, सामुदायिक तथा कबुलियत वन समूहहरूसँग प्रत्यक्ष प्राविधिक सहयोग उपलब्ध गराउन संलग्न रहने भएकाले उनीहरूको ज्ञान र सीप अद्यावधिक गर्नु आवश्यक छ। यस सशक्तीकरण तालिमको माध्यमबाट सशक्तीकरण भएका डिभिजन तथा सब-डिभिजनहरुले सामुदायिक वन र कबुलियत वन उपभोक्ता समूहरु लाई वन व्यवस्थापनमा सहजीकरण गर्ने छन्।

उद्देश्यः

यस क्रियाकलापको उद्देश्य डिभिजन/सब-डिभिजन वन कार्यालयका कर्मचारीहरुलाई सामुदायिक तथा कबुलियत वनको व्यवस्थापनका लागि प्राविधिक क्षमता अभिवृद्धि गर्नु हो।

कार्यान्वयन प्रक्रियाः

- यस क्रियाकलाप भन्नाले "सामुदायिक तथा कबुलियत वनहरूको व्यवस्थापनका लागि प्राविधिक सहयोग तथा परामर्श सेवा उपलब्ध गराउन डिभिजन/सब-डिभिजन वन कार्यालयका कर्मचारीहरुलाई तालिम" भन्ने बुझ्नु पर्ने छ,



प्रदेश सचिव

- डिभिजन वन कार्यालय/भू तथा जलाधार व्यवस्थापन कार्यालयले आवश्यक तयारीका लागि बैठक गर्ने,
- आवश्यक स्रोत सामाग्रीहरुको पूर्व तयारी एवं श्रोत व्यक्ति, अवधारण पत्र, तालिममा छलफल गर्ने विषयवस्तुको तयारी गरी तालिमको तालिका बनाउने,
- आवश्यक स्रोत सामग्री तयार गर्दा परियोजना दस्तावेज, अध्ययन प्रतिवेदन, स्थानीय आवश्यकता पहिचान र लक्षित समूह/क्षेत्रहरूको आवश्यकताहरुलाई आधार बनाउनु पर्ने छ,
- तालिम सहजीकरण गर्नको लागि संभावित विषय विज्ञ तथा स्रोत व्यक्तिहरुको रोस्टर तयार र अध्यावधिक गर्नु पर्ने,
- डिभिजन तथा सब-डिभिजन वन कार्यालयका कर्मचारीलाई तालिमको प्रस्तावित मिति, विषयवस्तु र कार्यक्रम सञ्चालन स्थलको बारेमा अग्रिम सूचना र जानकारी दिने,
- तालिमका सहभागी छनोट गर्दा महिला र आदिवासी जनजातीलाई प्राथमिकता दिनु पर्ने छ,
- क्षमतामा अभिवृद्धि पूर्व (Pre-Test) र पश्चातको (Post-Test) परीक्षा गर्ने,
- तालिम संचालनका क्रममा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan) का प्रावधानहरु सुनिश्चित गर्ने,
- संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,
- तालिम कार्यान्वयन भइरहेका अवस्था र सम्पन्न भएको प्रकृया र अवस्थाको श्रव्य दृश्य (फोटो, भिडियो) अभिलेख राख्ने,
- तालिम संचालन, खुल्ला छलफल र कार्ययोजना निर्माण गर्ने,
- प्रतिवेदन तयार तथा तथ्याङ्क सङ्कलन गर्ने,
- कार्य योजनाको कार्यान्वयन अवस्थाको अनुगमन र छलफल गर्ने।

अपेक्षित उपलब्धिः

- जलवायुजन्य प्रकोपहरू जस्तै पहिरो, बाढी, खडेरी र वन डढेलोका विरुद्ध मरिण जलाधारका संकटासन्न घरधुरीहरुको अनुकूलन क्षमता वृद्धि भएको हुने छ ।
- स्थानीय योजना र नीतिहरूमा जलवायु परिवर्तन अनुकूलनलाई मूलप्रवाहीकरण गर्न ज्ञान, सिप र क्षमता सुधार भएको हुने ।

प्रदेश सचिव

**सहयोगी सूचक:**

- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावको लागि अनुकूलनका अभ्यासहरू प्रयोग गर्ने स्थानीय घरधुरीहरुको संख्या।
- जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभावका सम्बोधन लागि अनुकूलनका अभ्यासहरूमा ज्ञान र तालिम पाएका स्थानीय घरधुरीहरुको सङ्ख्या।
- सहभागितामूलक जलवायु उत्थानशीलता संकटासन्नता र जलवायु परिवर्तन मूलप्रवाहिकरणमा तालिम, क्षमता तथा ज्ञान भएका सरकारी र नागरिक समाज संस्थाहरुको कर्मचारीहरूको संख्या ।
- जलवायु परिवर्तन मूलप्रवाहिकरणमा मार्गदर्शन अनुसार जलवायु परिवर्तन मैत्री योजना तथा नीतिहरु तयार वा संशोधन गर्ने नगरपालिका, गाउँपालिका र अन्य सरोकारवालाहरुको संख्या।

प्रदेश सचिव

## योगदान क्षेत्र ३: अनुगमन, मूल्यांकन र सिकाई/ज्ञान व्यवस्थापन

### २.५४. परियोजनाको असल अभ्यास र सिकाईहरुको केस स्टडी मार्फत दस्तावेजीकरण र प्रचार–प्रसार गरी पुनरावृत्ति र विस्तारका लागि सहयोग (११.६.२०.१६)

**2.54. Conduct case studies, assess lessons learned and best practices emanating from implementation of project activities, and document and disseminate them for replication and up-scaling.**

**पृष्ठभूमि/परिचयः**

परियोजना कार्यान्वयनका चरण र पश्चात विभिन्न असल अभ्यास र सिकाई हासिल हुन्छ। यस्ता अभ्यास र सिकाई दस्तावेजीकरण र प्रचार–प्रसार महत्त्वपूर्ण हुन्छ। यसले परियोजनाका असल अभ्यास र सिकाईहरुलाई अन्य परियोजना, समुदाय, स्थानीय सरकार लगायतका सरोकारवालाहरूले पुनः प्रयोगमा ल्याउन मद्दत पुर्याउँछ। यसका अतिरिक्त, यसले परियोजनाको प्रभाव र दिगोपनालाई सुनिश्चित गर्दछ र भविष्यमा अन्य परियोजनाहरूमा यस्ता सिकाई तथा असल अभ्यास लागु गर्न सकिन्छ।

**उद्देश्यः**

यस क्रियाकलापको उद्देश्य परियोजनाका असल अभ्यास र सिकाइहरूलाई केस स्टडी मार्फत दस्तावेजीकरण, प्रचार–प्रसार गर्नु साथै असल अभ्यासहरूको पुनरावृत्ति र विस्तारमा सहयोग पुर्याउने रहेको छ। यसले सफलताका अनुभव तथा सिकाईहरुलाई अन्य परियोजना, समुदाय, स्थानीय सरकार लगायतका सरोकारवालाहरुले पुनः प्रयोगमा ल्याउन मद्दत पुर्याउँने रहेको छ।

**कार्यान्वयन प्रक्रियाः**

- डिभिजन वन कार्यालय/भू तथा जलाधार व्यवस्थापन कार्यालय र परियोजना व्यवस्थापन ईकाई बीच सेवा तथा परामर्शदाता खरिदका लागि तयारी बैठक आयोजना गर्ने,
- कार्य क्षेत्रगत शर्त (Terms of Reference, ToR) र परामर्शदाता छनोट प्रक्रिया लागि सूचक तयार गर्ने,
- सेवा तथा परामर्शदाता खरिदका लागि सञ्चार तथा सूचना प्रकाशन गर्ने,
- प्रस्तावहरूको छनोट चयन गरिएको सूचकको आधारमा गर्ने,
- कार्य क्षेत्रगत शर्त अनुसार कमलामाई नगरपालिका, हरिहरपुरगढी गाउँपालिका, मरिणगाउँपालिका र घ्याङलेख गाउँपालिकामा मा कार्य संचालन गर्ने,
- कमलामाई नगरपालिका, हरिहरपुरगढी गाउँपालिका, मरिण गाउँपालिका र घ्याङलेख गाउँपालिकामा परियोजनाको असल अभ्यास र सिकाईहरुको दस्तावेजीकरण र प्रचार–प्रसार गरी पुनरावृत्ति र विस्तारका लागि स्थानीय समुदायसँग अन्तरक्रिया, केस स्टडी लगायत प्रक्रिया अपनाई कार्य संचालन गर्ने,
- कार्य संचालन गर्दाको श्रव्य दृश्य (फोटो, भिडिओ) अभिलेख राखेका,



प्रदेश सचिव

- कार्य संचालनका क्रममा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan) र गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) का प्रावधानहरु सुनिश्चित गर्ने,
- संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,
- हरिहरपुरगढी गाउँपालिका, मरिण गाउँपालिका, घ्याङलेख गाउँपालिका र कमलामाई नगरपालिकाका मस्यौदा प्रतिवेदनमा छलफल र सुझाव संकलन गर्ने,
- छलफलबाट प्राप्त सल्लाह र सुझावहरू समावेश गर्दै अन्तिम प्रतिवेदन पेश गर्ने।

अपेक्षित उपलब्धिः

- परियोजना अनुगमन, मूल्याङ्कन र सिकाई द्वारा वातावरण अनुकूलन व्यवस्थापन (Adaptive management), विस्तार र दिगोपन कायम राख्न सक्षम बनाउने।

सहयोगी सूचकः

- परियोजना मार्फत सहयोग गरिएका उत्कृष्ट अभ्यास र सिकाईहरू अभिलेख, विकास र प्रसारित अध्ययन र ज्ञान उत्पादनहरूको संख्या।
- परियोजनाका असल अभ्यास तथा सिकाई विस्तार भएको संख्या।

## २.५५. सूचना र सञ्चार तथा शिक्षण सामग्रीहरू विकास र प्रचार-प्रसार (प्रिन्ट, प्रसारण तथा डिजिटल सञ्चार माध्यम मार्फत) (२.७.५.५४०)

**2.55. Develop and disseminate communication and education materials through print, broadcast and digital media**

**पृष्ठभूमि/परिचयः**

सूचना तथा सञ्चार प्रविधिको विकासले जनचेतना अभिवृद्धि, सचेतना प्रवाह र व्यवहार परिवर्तनमा महत्वपूर्ण भूमिका खेलेको छ। विविध भूगोल, भाषा र संस्कृतियुक्त नेपालमा लक्षित समुदायसम्म स्पष्ट र सुलभ जानकारी पुऱ्याउन प्रिन्ट, प्रसारण र डिजिटल सञ्चार माध्यम आवश्यक छन्। त्यसैले, सूचना तथा शिक्षण सामग्री उत्पादन, विकास र प्रचार-प्रसारलाई यस कार्यक्रमले प्राथमिकता दिएको छ।



प्रदेश सचिव

## उद्देश्यः

यस क्रियाकलापको उद्देश्य सूचना तथा शिक्षण सामग्रीहरूको विकास र प्रचार-प्रसार मार्फत लक्षित समुदायमा सुसूचित, सशक्त र जानकार बनाउदै समुदायको व्यवहार परिवर्तनमा योगदान पुर्याउने रहेको छ।

## कार्यान्वयन प्रक्रियाः

- डिभिजन वन कार्यालय/भू तथा जलाधार व्यवस्थापन कार्यालय र परियोजना व्यवस्थापन ईकाई बीच तयारी बैठक आयोजना गर्ने,
- आवश्यकता पहिचान र तयारी चरणः लक्षित समुदाय र क्षेत्रको अध्ययन तथा विश्लेषण (सर्वेक्षण, फोकस समूह छलफल)।
- आवश्यकता पहिचान क्रममा सामग्री विकासका लागि विषय विशेषज्ञहरू तथा परामर्शदाता खरिद गर्नु पर्ने भएमा कार्य क्षेत्रगत शर्त (Terms of Reference, ToR) र परामर्शदाता छनोट प्रक्रिया लागि सूचक तयार गर्ने, सञ्चार तथा सूचना प्रकाशन गर्ने र प्रस्तावहरूको छनोट चयन गरिएको सूचकको आधारमा गर्ने,
- सामग्री विकास चरणः विभिन्न विषयवस्तुमा शिक्षण सामग्री, सूचना पर्चा, पुस्तिका, पोस्टर, अडियो–भिडियो स्क्रिप्ट तयार गर्ने; प्रिन्ट सामग्रीहरू (पोस्टर, ब्रोसर, पुस्तक) डिजाइन र छपाइ; रेडियो/टिभीका लागि अडियो–भिडियो सामग्री निर्माण; डिजिटल प्लेटफर्महरू (वेबसाइट, सामाजिक सञ्जाल) का लागि सामग्री निर्माण साथै स्थानीय भाषामा रूपान्तरण र सन्देशको सन्दर्भ अनुसार परिमार्जन गर्ने,
- सञ्चार माध्यम छनोट र साझेदारीः लक्षित समूह अनुसार उपयुक्त सञ्चार माध्यम (स्थानीय रेडियो, टिभी, अनलाइन मिडिया, सामाजिक सञ्जाल) को छनोट गर्ने; आवश्यक सम्झौता र साझेदारी गर्ने,
- कार्यान्वयन चरणः निर्धारित तालिका अनुसार सामग्रीहरू प्रसारण, वितरण र डिजिटल प्लेटफर्महरूमा प्रविष्टि गर्ने; जनचेतना अभिवृद्धिका लागि स्थानिय स्तरमा विशेष कार्यक्रम (क्याम्पेन, प्रदर्शनी, अन्तरक्रिया र कार्यशाला) आयोजना गर्ने,
- कार्य संचालनका क्रममा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan) र गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) का प्रावधानहरु सुनिश्चित गर्ने,
- संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,



प्रदेश सचिव

- प्रतिवेदन तयार तथा तथ्याङ्क सङ्कलन गर्ने।

अपेक्षित उपलब्धि:

- लक्षित समुदायमा जानकारीको पहुँच सुनिश्चित भई जनचेतनाको अभिवृद्धि।
- परियोजना अनुगमन, मूल्याङ्कन र सिकाई द्वारा वातावरण अनुकूलन व्यवस्थापन (Adaptive management), विस्तार र दिगोपन कायम राख्न सक्षम बनाउने।

सहयोगी सूचक:

- परियोजना मार्फत सहयोग गरिएका उत्कृष्ट अभ्यास र सिकाईहरू अभिलेख, विकास र प्रसारित अध्ययन र ज्ञान उत्पादनहरूको संख्या।
- परियोजनाका असल अभ्यास तथा सिकाई विस्तार भएको संख्या।

## २.५६. परियोजना ब्रान्डिङ गरिएका प्रचार-प्रसार सामग्रीहरूको डिजाइन, विकास तथा वितरण (२.७.५.५४१)

**2.56. Develop, print, and distribute branded project materials (promotional items) to government agencies and other key stakeholders**

पृष्ठभूमि/परिचय:

परियोजनाको प्रभावकारी कार्यान्वयनका लागि यसको परिचय, उद्देश्य, उपलब्धि, कार्यक्षेत्र तथा योगदानबारे सरोकारवालाहरूलाई नियमित रूपमा जानकारी गराउनु आवश्यक हुन्छ। यसका लागि परियोजनासँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बन्धीत सरकारी निकाय, स्थानीय तह, साझेदार संस्था, सामुदायिक आधारित संघसंस्था तथा अन्य सरोकारवालाहरूमाझ परियोजनाको पहिचान र Visibility अभिवृद्धि गर्न आवश्यक छ। यसै सन्दर्भमा, परियोजनाका प्रमुख सन्देशहरू प्रभावकारी रूपमा सम्प्रेषण गरी सरोकारवालाहरूबीच परियोजनाप्रति सकारात्मक धारणा, स्वामित्व तथा सहकार्यको भावना विकास गर्न परियोजनाको लोगो तथा स्वीकृत ब्रान्डिङ मापदण्डअनुसार विभिन्न Visibility तथा प्रचारात्मक सामग्रीहरू डिजाइन, विकास तथा वितरण गरिनेछ।

उद्देश्य:

परियोजनाको लोगो तथा स्वीकृत ब्रान्डिङ मापदण्ड अनुसार विभिन्न Visibility तथा प्रचारात्मक सामग्रीहरूको डिजाइन, विकास तथा वितरणमार्फत परियोजनाको पहिचान, दृश्यता र सन्देश प्रवाहलाई सुदृढ गर्दै बहुसरोकारवालाहरू बीच स्वामित्व, समन्वय तथा सहकार्य अभिवृद्धि गर्नु।

कार्यान्वयन प्रक्रिया:

- डिभिजन वन कार्यालय/भू तथा जलाधार व्यवस्थापन कार्यालय र परियोजना व्यवस्थापन ईकाई बीच तयारी बैठक आयोजना गर्ने,
- डायरी, क्यालेन्डर, नोटबुक, पेन, T-shirt, मग (Cup), Water Bottle आदि सामग्रीहरू विकास, मुद्रण र वितरण गर्न सकने छ,



प्रदेश सचिव

- सामग्री खरिद गर्दा लागत अनुमान तयार गरी संघ तथा प्रदेशको प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावधान अनुसार गर्नु पर्नेछ,
- कार्य संचालनका क्रममा क्रममा वातावरणीय र सामाजिक सुरक्षाका अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan) र गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) का प्रावधानहरु सुनिश्चित गर्ने,
- संघीय बन तथा वातावरण मन्त्रालय (हाल कृषि, बन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,
- प्रतिवेदन तयार तथा तथ्याङ्क सङ्कलन गर्ने।

अपेक्षित उपलब्धि:

- लक्षित समुदायमा जानकारीको पहुँच सुनिश्चित भई जनचेतनाको अभिवृद्धि।
- परियोजना अनुगमन, मूल्याङ्कन र सिकाई द्वारा वातावरण अनुकूलन व्यवस्थापन (Adaptive management), विस्तार र दिगोपन कायम राख्न सक्षम बनाउने।

सहयोगी सूचक:

- परियोजना मार्फत सहयोग गरिएका उत्कृष्ट अभ्यास र सिकाईहरू अभिलेख, विकास र प्रसारित अध्ययन र ज्ञान उत्पादनहरूको संख्या।
- परियोजनाका असल अभ्यास तथा सिकाई विस्तार भएको संख्या।

## २.५७. सञ्चार माध्यम/पत्रकारहरुसंग अन्तरक्रियात्मक बैठक, परियोजना क्षेत्रको अवलोकन, लेखन गोष्ठी (Write-shops) तथा मिडिया फेलोसिप (२.६.६.३५८)

**2.57. Organize media and communication events, such as project site visits by journalists, write-shops and media fellowships at local/district, provincial and national levels, to highlight and disseminate watershed management concept, approach and practices applied by the project for climate change adaptation.**

पृष्ठभूमि/परिचय:

जलवायु परिवर्तनका असरहरू विशेषगरी ग्रामीण तथा प्राकृतिक स्रोतमा निर्भर समुदायहरूमा धेरै देखिन थालेका छन्। खडेरी, खेतीयोग्य जमिन कटान, बाढी, वन डढेलो तथा जैविक विविधताको ह्रास जस्ता चुनौतीहरूले समुदायलाई थप संवेदनशील बनाइरहेको छ। यी चुनौतीहरू व्यवस्थापन गर्न एकिकृत जलाधार व्यवस्थापनको



प्रदेश सचिव

अवधारणा, दृष्टिकोण, रणनीति तथा अभ्यासहरू अत्यावश्यक देखिएको छ। यसै सन्दर्भमा परियोजनाले जलवायु अनुकूलनका लागि एकिकृत जलाधार व्यवस्थापनको अवाधराणालाई प्रमुख माध्यम बनाउँदै विभिन्न प्रविधि र अभ्यासहरू अपनाउँदै आएको छ। परियोजनाले विभिन्न अनुकूलन उपायहरू अवलम्बन गर्दै स्थानीय समुदायको क्षमता अभिवृद्धि गर्ने कार्य गर्दै आएको छ। तथापि, यी प्रयासहरू तथा सिकाईहरूलाई स्थानीय, जिल्ला, प्रदेश र राष्ट्रिय स्तरमा साझा बुझाई निमार्ण गर्नु र अन्य क्षेत्रहरूमा पनि अवाधराणा, रणनीति, सिकाई तथा अभ्यासको प्रवर्द्धन गर्न प्रभावकारी सञ्चार आवश्यक छ। त्यसैले, स्थानीयदेखि राष्ट्रिय तहका सञ्चार माध्यमहरूसँग साझेदारी गर्दै सञ्चार माध्यम/पत्रकारहरूसँग अन्तरक्रिया, अवलोकन भ्रमण, लेखन गोष्ठी (Write-shops) र मिडिया फेलोसिपहरू कार्यक्रमहरू आयोजना गरिनेछ।

उद्देश्य:

यस क्रियाकलापको उद्देश्य परियोजनाले अपनाएका जलवायु अनुकूलन तथा जलाधार व्यवस्थापन सम्बन्धी अवधारणा, दृष्टिकोण, रणनीति र अभ्यासहरूलाई विभिन्न सञ्चार माध्यम र पत्रकार मार्फत उजागर गरी स्थानीय देखि राष्ट्रिय तहसम्म सञ्चार, प्रचार-प्रसार र जनचेतना अभिवृद्धि गर्नु रहेको छ।

कार्यान्वयन प्रक्रिया:

- यस क्रियाकलाप भन्नाले "जलवायु परिवर्तन अनुकूलनका लागि परियोजनाले अपनाएका जलाधार व्यवस्थापनको अवधारणा, दृष्टिकोण, रणनीति तथा अभ्यासहरूलाई उजागर र प्रचार–प्रसार गर्न स्थानीय/जिल्ला, प्रदेश र राष्ट्रिय स्तरका सञ्चार माध्यम/पत्रकारहरुसंग अन्तरक्रियात्मक बैठक, परियोजना क्षेत्रको अवलोकन, लेखन गोष्ठी (Write-shops) तथा मिडिया फेलोसिपहरू आयोजना गर्ने" भन्ने बुझ्नु पर्ने छ,
- डिभिजन वन कार्यालय/भू तथा जलाधार व्यवस्थापन कार्यालय र परियोजना व्यवस्थापन ईकाई बीच तयारी बैठक आयोजना गर्ने,
- सञ्चारकर्मीहरू लक्षित अन्तरक्रियात्मक बैठक: जिल्ला, प्रदेश वा राष्ट्रिय स्तरमा सञ्चारकर्मीहरूका लागि अन्तरक्रियात्मक बैठक आयोजना गरी परियोजनाको अवधारणा, कार्यान्वयन अनुभव, सिकाई र चुनौतीहरूबारे प्रत्यक्ष संवाद तथा सुझाव संकलन गरिनेछ।
- परियोजना क्षेत्रको अवलोकन भ्रमण: पत्रकारहरूले परियोजनाका गतिविधिहरूको प्रत्यक्ष अवलोकन गरी वस्तुगत तथा जीवन्त सामग्री तयार गर्न सकुन भन्ने मनासयले पत्रकारहरूलाई परियोजना क्षेत्रको स्थलगत अवलोकन गराइनेछ। समुदायसँग प्रत्यक्ष संवाद र परियोजनाको प्रभाव अवलोकन गराउने व्यवस्था गरिनेछ।
- लेखन गोष्ठी (Write-shops) आयोजना: जलवायु र वातावरणसँग सम्बन्धीत विषयका पत्रकारहरूको लेखन क्षमता अभिवृद्धि गर्नुका साथै पत्रकारहरूलाई जलवायु परिवर्तन तथा जलाधार व्यवस्थापनमा परियोजनाले कार्यान्वयन गरेका अभ्यासहरु लाई अभिलेखीकरण गरि प्रचार-प्रसार गर्ने छन्। साथै, लेख सामग्री विकाश गर्ने तालिम र अभ्यास पनि गराईनेछ।

प्रदेश सचिव

- मिडिया फेलोसिप कार्यक्रमः जलवायु अनुकूलन तथा जलाधार व्यवस्थापन सम्बन्धी अनुसन्धानमा आधारित विशेष रिपोर्टहरू उत्पादन गर्नको लागि उत्कृष्ट लेखन तथा रिपोर्टिङ गर्ने पत्रकारहरूलाई सीमित अवधिका लागि फेलोसिप दिइनेछ। फेलोसिप अवधिमा जलवायु अनुकूलन र जलाधार व्यवस्थापनसम्बन्धी विशेष रिपोर्टहरू तयार पार्न प्रेरित र प्रकाशन गरिनेछ।
- सहभागी छनोट मापदण्डः सञ्चार क्षेत्रमा कार्यरत अनुभवयुक्त पत्रकारहरू जो जलवायु परिवर्तन, वातावरण वा प्राकृतिक स्रोत व्यवस्थापनमा चासो राख्ने व्यक्तिलाई चयन गरिने छ। साथै, विविध भौगोलिक क्षेत्र तथा माध्यम (रेडियो, टिभी, पत्रिका, अनलाइन) का प्रतिनिधित्व सहभागिता सुनिश्चित गरिने छ।
- कार्य संचालनका क्रममा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन फ्रेमवर्क (Environmental and Social Safeguards Monitoring Framework), प्रक्रिया फ्रेमवर्क (Process Framework), आदिवासी जनजाति योजना फ्रेमवर्क (Indigenous Peoples Planning Framework), लैङ्गिक विश्लेषण र कार्य योजना (Gender Analysis and Action Plan), सरोकारवाला संलग्नता योजना (Stakeholders Engagement Plan) र गुनासो व्यवस्थापन निर्देशिका (Guideline for Grievance Readdress Mechanism) का प्रावधानहरु सुनिश्चित गर्ने,
- संघीय वन तथा वातावरण मन्त्रालय (हाल कृषि, वन तथा पर्यावरण मन्त्रालय), वन तथा वातावरण मन्त्रालय (हाल कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय), बागमती प्रदेश र डब्लु. डब्लु. एफ. बीच भएको त्रिपक्षीय आयोजना कार्यान्वयन सम्झौता (सम्झौता नं. NP१५५४९) र अर्थ मन्त्रालय र डब्लु. डब्लु. एफ. बीच भएको आर्थिक सम्झौतामा उल्लेख भएका सर्तहरु सुनिश्चित गर्नु पर्ने,
- प्रतिवेदन तयार तथा तथ्याङ्क सङ्कलन गर्ने।

अपेक्षित उपलब्धिः

- परियोजना अनुगमन, मूल्याङ्कन र सिकाई द्वारा वातावरण अनुकूलन व्यवस्थापन (Adaptive management), विस्तार र दिगोपन कायम राख्न सक्षम बनाउने।

सहयोगी सूचकः

- परियोजना मार्फत सहयोग गरिएका उत्कृष्ट अभ्यास र सिकाईहरू अभिलेख, विकास र प्रसारित अध्ययन र ज्ञान उत्पादनहरूको संख्या।
- परियोजनाका असल अभ्यास तथा सिकाई विस्तार भएको संख्या।
- जलवायु परिवर्तन अनुकूलनका लागि जलाधार व्यवस्थापन अवधारणा, दृष्टिकोण र अभ्यासहरू सहित मिडिया/सञ्चारमा प्रचार-प्रसार भएका परियोजना क्रियाकलापहरु, उपलब्धि र लेखहरूको संख्या।

प्रदेश सचिव